# परिच्छेद : एक

# अध्ययन परिचय

## १.१ विषय परिचय

नेपाल राज्यको पाँच विकास क्षेत्र चौध अञ्चल पचहत्तर जिल्ला मध्ये मध्यमाञ्चल विकास क्षेत्र, बागमती अञ्चल, काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत विर्तादिउराली गाउँ विकास समिति पर्दछ । काभ्रेपलाञ्चोक जिल्ला भित्र ८७ गा. वि. स. र ३ नगरपालिका पर्दछन् । राजधानीसँग जोडिएको भक्तपुर जिल्लासँग सीमाना जोडिएको काभ्रेपलाञ्चोक जिल्ला भित्रका गा. वि. स. हरू भौगोलिक हिसाबले सुगम भएको देखिएको छ । तर यस जिल्लाभित्र डाँडापारी र कोसीपारी जस्ता भेकमा रहेका गा.वि.सहरू ज्यादै विकट छन् । सुनकोसी नदी पारी पर्ने बिर्तादिउराली गा.वि.स पनि एक विकट स्थान नै हो । भौगोलिक विकटताको रूपमा रहेको यस गा. वि. स. मा लोकसाहित्यका विविध विधाहरू महत्वपूर्ण रहेका छन् । यहाँ प्रसस्त उखान टुक्काहरू रहेका छन् । प्रत्येक व्यक्तिका बोलीमा उखानका विम्बहरू पाईन्छन् । स्थानीय तहमा रहेका यस्ता उखानहरूले हाम्रो पारम्पारिक सभ्यतालाई जोगाउन ठूलो मद्दत पुऱ्याइरहेका छन् । भाषिक व्यवहारको खिरिलोपनलाई उखानहरूले जीवित राख्ने काम गरेका छन् ।

भौगोलिक दूरता, यातायातको अभाव, लोकसाहित्यका अध्येताहरूको निष्क्रियताले गर्दा बिर्तादिउरालीमा लोकसाहित्यको समग्र अध्ययन हुन सकेको छैन । जनमानसमा रहेका लोकसाहित्यका विविध विधाहरू कथ्य परम्परामै छरिएर रहेका छन् । तिनै लोकसाहित्यका विधाहरूमध्ये जनमानसको बोलीमा बारम्बार प्रयोग भैरहने उखानहरू बिर्तादिउरालीका भूमिमा छरपट्ट अबस्थामा रहनु स्वभाविकै हो । यसै सन्दर्भमा बिर्तादिउराली गा. वि. स मा प्रचलित नेपाली उखानको अध्ययन विश्लेषण, संकलन र वर्गीकरण गर्ने कार्य यस अध्ययन पत्रको विषय रहेको छ । यस अध्ययन कार्यबाट बिर्तादिउराली क्षेत्रमा कथ्य अवस्थामा रहेको उखानहरू लिपिबद्ध भई संरक्षित हुन पुग्दछन् । आधुनिकीकरणको नाममा पुराना मौलिक सम्पत्तिहरू हराएर नष्ट हुने अवस्थाको यस अध्ययन कार्यबाट रोकिने विश्वास गरिएको छ । उखानको अध्ययन,

विश्लेषण कार्य गर्दा बिर्तादेउराली क्षेत्रको भौगोलिक, ऐतिहासिक, सामाजिक, शैक्षिक र लोकसाहित्यको वर्तमान अवस्थाको चिनारी समेत दिइएको छ ।

## १.२ अध्ययन कार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गतको नेपाली विषयको स्नातकोत्तर तह द्वितिय बर्षको दशौं पत्रको लोकसाहित्य ५० पूर्णाङ्कको प्रयोजनको निमित्त प्रस्तुत अध्ययन पत्र तयार पारिएको हो । यसको प्रयजन यही नै रहेको छ ।

## १.३ समस्यको कथन

नेपालका हरेक ठाउँ धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा साहित्यिक दृष्टिकोणले महत्वपूर्ण रहेका छन् । तसर्थ काभ्रेपलाञ्चोक जिल्ला भित्र पर्ने बिर्तादेउराली गा.वि.स. मा पनि अनेक विधाका विशेषताहरू विद्यमान छन् । तर अहिले सम्म बिर्तादेउराली क्षेत्रमा लोकसाहित्यको समग्र अध्ययन र विश्लेषण हुन सकेको छैन । लोकसाहित्य अन्तर्गतको बहुप्रायोगिक हुने उखान विधाको मात्र पनि अध्ययन भएको देखिदैन । अतः यस अध्ययनपत्रमा बिर्तादेउराली गा.वि.स क्षेत्रमा प्रचलित उखानमा मात्र केन्द्रित रहेर अध्ययन र विश्लेषण गरिएको छ । यस अध्ययन पत्रमा निम्न लिखित समस्या देखाएर तिनको समाधान खोजिएको छ –

१. बिर्तादेउरालीमा लोकसाहित्यको अवस्था के-कस्तो छ ?

२. बिर्तादेउरालीमा प्रचलित उखानहरू के कस्ता छन् ?

३. संकलित उखानको वर्गीकरण र विश्लेषण कसरी गर्न सकिन्छ ?

४. बिर्तादेउरालीमा प्रचलित उखानले त्यहाँको जनस्तरमा के-कस्तो प्रभाव पारेको छ ?

## १.४ अध्ययनको उदेश्य

काभ्रेपलाञ्चोक जिल्ला बिर्तादेउराली गा.वि.स. को सीमा भित्र रही लोकसाहित्यका विविध विधामध्ये बिर्तादेउरालीमा प्रचलित उखानहरूको संकलन गर्ने र ती उखानले बिर्तादेउरालीको जनस्तरमा पुऱ्याएका योगदानको चर्चा गर्दै संकलित उखानको वर्गीकरण र विश्लेषण गर्नु यस अध्ययन कार्यको प्रमूख उदेश्य रहेको छ । यस क्रममा यस अध्ययन कार्यका निम्न लिखित उदेश्य रहेका छन् –

१. बिर्तादेउराली गा.वि.स क्षेत्रको लोकसाहित्यको  अवस्था के-कस्तो छ भनी पत्ता लगाउनु ।

२. बिर्तादेउरालीमा प्रचलित उखान के-कस्ता छन् तिनको संकलन गर्नु ।

३. संकलित उखानको वर्गीकरण र विश्लेषण गर्नु ।

४. बिर्तादेउरालीमा प्रचलित उखानले त्यहाँको जनस्तरमा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली भाषामा उखानहरूको प्रयोग पहिले देखिनै हुँदै आएको पाइन्छ तर ती उखानको अध्ययन र अनुसन्धान भने निकै पछि मात्र सुरु भएको देखिन्छ । समष्टिगत रूपमा उखानहरूको संकलन र बर्गीकरण गर्ने कार्यमा सम्लग्न विद्वानहरूबाट उखानसम्बन्धी चर्चा परिचर्चा विस्तृत रूपमा गरेको पाइन्छ । नेपाली उखानका संकलनकर्ता तथा अध्येताहरूले गरेका कार्यहरूको काल क्रमिक समीक्षा यहाँ निम्न प्रकारले उल्लेख गरिएको छ–

१. सर्वप्रथम उखानका विषयमा मोतिराम भट्ट "उखानको बखान र जान्ने कथा"को संग्रहमा उखानको चर्चा सर्ह्रानीय रूपमा भएको पाइन्छ ।

२. पादरी गंगाप्रसाद प्रधान (ई.सं. १९०८) "नेपाली उखानको पोस्तक" शीर्षकको पुस्तकमा दार्जीलिङ्ग क्षेत्रमा  प्रचलित ८०० उखानहरूको संकलन गरिएको पाइन्छ ।

३. पुष्कर शमशेर (वि.सं. १९९८) ले "उखान टुक्काको कोश" नामक पुस्तकमा ३ हजार ६० वटा उखानहरू संकलन गरी उखानहरूलाई वर्णानुक्रममा राखी कठीन शब्दहरूको अर्थ समेत दिएका छन् ।

४. राममणि आचार्य दीक्षित (वि.सं. २०२७) ले "उखान संग्रह" शीर्षकको पुस्तकमा १०,००० उखानहरू संकलन गरी वर्णानुक्रम अनुसार राखिएको छ । यसमा नेपालीका साथै ज्यादै प्रचलित हिन्दी र संस्कृतका उखानहरूलाई समेत समाविष्ट गरेका छन् । उखानको अर्थ र प्रयोग भने दिईएको छैन ।

५. नेपाली लोकसाहित्यका अध्येता कृष्णप्रसाद पराजुली (वि.सं. २०३६) ले "नेपाली उखान र गाउँखाने कथा" र "राम्रो रचना मीठो नेपाली" पुस्तकमा उखानलाई व्यवस्थित र

बैज्ञानिक ढँगले अर्थ र प्रयोग समेत दिई वर्णानुक्रममा मिलाई प्रस्तुत गरेका छन् । उनले "नेपाली उखान र गाउँखाने कथा" भन्ने पुस्तकमा ५६९ वटा उखानहरू संकलन गरेका छन् ।

६. हीरामणि पौड्याल (वि.सं. २०४४) ले गरेको अनुसन्धान प्रतिबेदन "पर्वती भाषिकाको स्वरूप र संरचना" मा उखानहरूको संकलन र विश्लेषण गर्ने कार्य गरेका छन् ।

७. लोकसाहित्यका अन्वेषक डा. चूडामणि बन्धु (वि.सं २०५८)ले "नेपाली लोकसाहित्य" नामक पुस्तकमा उखानका परिभाषा, नाम, विशेषता, तत्व, प्रयोग, उत्पत्ति, अध्ययन परम्परा, उखानको वर्गीकरण, नेपाली उखानको कथ्य विषय आदि बारेमा चर्चा परिचर्चा गरेका छन् । उखानको संकलन भने दिइएको छैन ।

८. शिवप्रसाद पौडेल (वि.सं. २०६२) ले "लुम्बिनी क्षेत्रमा प्रचलित उखानको अध्ययन" शोधपत्रमा १८२४ वटा उखानको संकलन गरी वर्णानुक्रममा प्रस्तुत गरेका छन् ।

९. नेपाली लोकसाहित्यका अनुसन्धाता द्वोय प्रा. मोहनराज शर्मा र डा. खगेन्द्र प्रसाद लुईटेल (वि.स. २०६३) ले "लोकवार्ता विज्ञान र लोकसाहित्य" पुस्तकमा नेपाली उखानबारे गहन अध्ययन गरी ४०१ उखानको संकलन गरेका छन् । साथै यस पुस्तकमा उखानको परिचय, परिभाषा, विशेषताहरू, नेपाली उखानको संक्षिप्त सूची वर्णानुक्रम अनुसार नै दिईएको छ तर उखानमा क्रमाङ्क दिइएको छैन । उखानको अर्थ र प्रयोग पनि दिइएको छैन ।

उपर्यूक्त ग्रन्थमा उल्लेख भएका उखान सम्बन्धी कार्यहरू प्रसङ्गवश काभ्रेपलाञ्चोक जिल्ला बिर्तादिउराली गा.वि.स क्षेत्रमा समेत मिल्दा जुल्दा हुन गएकाले तिनलाई पूर्वकार्यका रूपमा उल्लेख गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

का.प.जि. बिर्तादिउराली गा.वि.स क्षेत्रमा छरिएर रहेका र स्थानीय जनबोलीमा लोकप्रिय भै प्रचलनमा रहेका उखानहरू पस्तुत अध्ययन पत्रले लिपिबद्ध गर्ने महत्वपूर्ण काम सुसम्पन्न

गर्न सहयोग गर्दछ । अध्ययन कार्यमा भएको अध्ययन विश्लेषणले लोकसाहित्यका अध्येता, लोकसाहित्यका प्रेमीहरूलाई आवश्यक खुराक प्रदान गर्नेछ । बिर्तादेउराली गा.वि.स क्षेत्रको विविध पक्षको जानकारी दिइएको छ । तत्सम्बन्धी जानकारी हासिल गर्न अन्यक्षेत्रका साहित्यप्रेमीहरूलाई शोधसामाग्री हुनेछ । भाषिक विविधताको पहिचान, स्थानीय तहको जानकारी दिन र नेपाली उखानको श्रीबृद्धि गर्नमा ठोस मद्यत पुग्दछ । स्थानीय तहको शोधपत्र तयार पार्ने क्रममा अन्य प्रकारका अध्ययन कार्यमा समेत यो अध्ययनपत्र सहयोगी सिद्ध हुन्छ । यस अध्ययन पत्रको औचित्य र महत्व यही रहेको छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययनपत्र का.प.जि. को ८७ गा.वि.स. र ३ नगरपालिका मध्ये बिर्तादेउराली गा.वि.स क्षेत्रको सीमा भित्र सीमित रहेर तयार गरिएको छ । यसमा स्थानीय तहमा प्रचलित नेपाली भाषाका उखानहरूको संकलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.८ अध्ययन विधि

यस अध्ययनमा उखानहरूको संकलनका निम्ति क्षेत्रकार्य पद्धतिलाई अङ्गीकृत गरिएको छ । यस क्रममा गा.वि.स का बिभिन्न वडाहरूमा पुगी स्थानीय सूचकहरूबाट उखान बटुलिएको छ । गा. वि.स.को चिनारी गराउने क्रममा कतिपय जानकारीहरू स्थलगत भेटघाटबाट जुटाइएका छन् । पुस्तकालयीय स्रोतबाट पनि प्रशस्त सामाग्री संकलन गरिएको छ । संकलित सामाग्रीको वर्गीकरण र विश्लेषणका लागि सैद्धान्तिक आधारमा पुस्तकालयीय अध्ययनविधिलाई उपयोग गरिएको छ ।

## १.९ अध्ययन पत्रको रूपरेखा

प्रस्तुत अध्ययनलाई व्यवस्थित ढङ्गले पुरा गर्न सातवटा अध्यायमा विभाजन गरी आवश्यकता अनुसार विभिन्न शीर्षक उपशीर्षक दिइएको छ । ती सातवटा परिच्छेद र तिनका मुख्य शीर्षकसहितको रूपरेखा निम्न अनुसारको रहेको छ ।

परिच्छेद एक : अध्ययन परिचय

परिच्छेद दुई : बिर्तादेउराली गा.वि.स. को संक्षिप्त परिचय

परिच्छेद तीन : लोकसाहित्य र उखान

परिच्छेद चार : बिर्तादेउराली गा.वि.स. मा प्रचलित नेपाली उखानको संकलन

परिच्छेद पाँच : बिर्तादेउराली गा.वि.स. मा प्रचलित नेपाली उखानको वर्गीकरण

परिच्छेद छ : बिर्तादेउराली गा.वि.स. मा प्रचलित नेपाली उखानको विश्लेषण

परिच्छेद सात : उपसंहार

सन्दर्भसामाग्री सूची

स्रोतव्यक्ति सूची

## परिच्छेद : दुई
# बिर्तादेउराली गा.वि.स. को परिचय

## २.१ विषय परिचय

बिर्तादेउराली गाउँ विकास समिति काभ्रेपलाञ्चोक जिल्लाको विकट क्षेत्रभित्र पर्ने गाउँ हो । यो गा.वि.स. जिल्ला सदरमुकामबाट लामो दुरीको अन्तरालमा पर्दछ । यस गा.वि.स. को भौगोलिक बनावट पनि डाँडाकाँडा र भिरपाखाले यूक्त छ । मध्य पहाडी प्रदेश भित्रको क्षेत्र भएकोले धरातलीय स्वरूप भिरालो खोप्चा-खाप्ची प्रकारको हुनु स्वभाविकै हो । यहाँको हावापानी पनि बेसी र डाँडा- थुम्कातिरको फरक-फरक छ ।

बेसी भेकमा उष्ण र डाँडातिर अर्धउष्ण खालको हावापानी पाइन्छ । केही प्रसिद्ध नदी र केही मौसमी खोलाहरूले बिर्तादेउराली गा.वि.स.लाई छोएका छन् । प्रसिद्ध गुफाहरू र ओढारहरू यस गा.वि.स.मा नभएपनि केही सानाखालका ओढार र गुफाहरू रहेका छन् । विभिन्न जात-जतिको समिश्रणले सामाजिक जनजीवन बहुलवादी प्रकारको देखिन्छ । प्राकृतिक र मानवनिर्मित मन्दिरहरू यहाँ पाइन्छन् । यी मठमन्दिरहरूले बिर्तादेउरालीमा धार्मिक पहिचानको नमूना प्रस्तुत गरेका छन् । अर्थिक अवस्था सामान्य प्रकारको पाइन्छ । खेतीपाती र पशुपालन अर्थिक उपार्जनका स्रोत हुन् । शिक्षण पेशा र वैदेशिक रोजगारले पनि बिर्तादेउरालीको आर्थिक उन्नति गर्नमा होस्टेमा हैंसे गरेको छ । शैक्षिक अवस्थाको आँकलन गर्ने हो भने पनि लगभग ६४ % जनसंख्या साक्षार भएको पाइन्छ । यसले नेपालमा शिक्षाको ज्योती फैलाउन टेवा पुऱ्याएको देखिन्छ । बिर्तादेउरालीमा लोकसाहित्यको क्षेत्रमा कुनै अध्ययन अनुसन्धान भएको पाइँदैन । तापनि लोकसाहित्यका हरेक विधा कथ्य परम्परामै प्रचलित रहेको पाइन्छ । यसरी भौगोलिक धरातलीय स्वरूप देखि लिएर हावापानी नदीनाला, मठमन्दिर, ओढार-गुफा, सामाजिक जनजीवन शैक्षिक आर्थिक अवस्था र लोकसाहित्यका विधाहरूको अविच्छिन्न प्रयोगको सक्कली स्वरूपनै बिर्तादेउरालीको वास्तविक पहिचान हो ।

### २.१.१. नामाकरण

काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न गा.वि.स मध्ये बिर्तादेउराली पनि एक हो । काभ्रेमा कोसीपारीको गा.वि.स भनेर चिनिने बिर्तादेउरालीको पुरानो नाम पञ्चकुमारी हो । हिन्दुधर्मशास्त्रमा वर्णित पाँच वटी कन्याको नामबाट यस गा.वि.सको नाम पञ्चकुमारी राखिएको थियो । पछि पञ्चायत कालमा गाउँखर्क अभियान लागू भएपछि त्यसबेला राजनैतिक विभाजन हुँदा पञ्चकुमारीको भू-भाग दुई टुक्रामा टुक्रिन गयो । माथितिरको एक भाग गोठपानी गा.वि.स मा स्थापित भयो । तलतिरको भागको नाम चाँहि बिर्तादेउराली राखियो भनिएको छ ।

बिर्तादेउराली छुट्टै गा.वि.स को रूपमा स्थापित हुने भएपछि नामाकरण गर्ने सम्बन्धमा केहि मत-मतान्तरण देखिए । एकथरीको भनाइ अनुसार गाउँखर्क अभियान अन्तर्गत राजनैतिक विभाजन हुने क्रममा बिर्ता डाँडाका राजनितिज्ञ र देउराली गाउँका राजनितिज्ञ बीच आ-आफ्नो गाउँको नामबाट गाउँ विकास समितिको नाम राख्ने होड चलेपछि सो बिबाद टुङ्ग्याउन दुबै पक्षलाई समन्वय गर्ने क्रममा बिर्ता र देउराली दुबै शब्दलाई समाबेश गरी गा.वि.स को नाम बिर्तादेउराली राखिएको हो भनिएको छ ।[१]

अर्काथरीको भनाइ अनुसार यस गा.वि.स को नाम बिर्तादेउराली राख्नुमा राणकालमा एक जना पन्त थरका प्रतिकमान पन्तले राणाशाषकलाई आफ्नो बसोबासको लागि कुनै ठाउँ मागेका थिए । तिमीले एक दिनभरीमा हिड्न सके जति ठाउँ तिमीलाई बिर्ता भो भनी राणाशासकको हुकुम भएको हुँदा प्रतिकमानले सूर्यभरीमा हिँडेको ठाउँ जतिलाई बिर्तादेउराली नामाकरण गरियो भनिएको छ । एक जना व्यक्तिले बिर्ता पाएको र पहाडको थुम्को परेको ठाउँलाई नेपालीहरूले देउराली भन्ने गरेको हुँदा पनि यस गा.वि.स को नाम बिर्तादेउराली राखिनु स्वभाविकै देखिन्छ ।[२]

१. रामबाबु प्र. पन्त, बिर्तादेउराली-१, प्र.अ. भुमेस्थान उ.मा.वि बाट प्रप्त जानकारी ।

२. धर्मराज पन्त, बिर्तादेउराली-३, बाट प्रप्त जानकारी

### *२.१.२. भौगोलिक स्थिति*

बिर्तादिउराली गा.वि.स काभ्रेपलाञ्चोक जिल्लाको पूर्वपट्टि कोसीपारी रहेको छ। कोसीपारी बिर्तादिउराली लगाएत १७ गा.वि.स. पर्दछन्। बिर्तादिउराली गा.वि.स काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलीखेल देखि १४ कोसको दुरीमा रहेको छ। साथै राजधानी काठमाण्डौ देखि लगभग ७५ कि.मी. को दुरीमा पूर्वमा २७ डिग्री २० मिनेट देखि २७ डिग्री ४५ मिनेट उत्तरी आक्षांश र ८५ डिग्री २४ मिनेट देखि ८५ डिग्री ५३ मिनेट पूर्वी देशान्तर बीच भित्र बिर्तादिउराली गा.वि.स. पर्दछ।[३] यस गा.वि.स.को पूर्वपट्टि गोठपानी गा.वि.स. पर्दछ। पश्चिमट्टि सुनकोसी नदीले सर्स्यूखर्क गा.वि.स.लाई बिर्तादिउरालीबाट छुट्याएको छ। उत्तरपट्टि खहरे खोलाले कोलाती भुल्लु गा.वि.स.लाई छुट्याएको छ। दक्षिणपट्टि कात्तिके दउराली गा.वि.स लाई दारिमबोटे खोल्साले बिर्तादिउरालीको सीमाना छुट्याएको छ। बिर्तादिउराली गा.वि.स.को क्षेत्रफल ११.९० वर्ग कि.मी. रहेको छ।[४] मध्यपहाडी धरातलीय स्वरूप भएको गाउँ हुनाले अग्ला हिमशिखर र हिउँले ढाकिने डाँडाहरू यस गा.वि.स.मा छैनन्। बेसी कछाडको भ-भाग भित्र पर्ने ठाउँ भएकोले यस गा.वि.स.लाई थुम्काली प्रदेश, बेसी र खोंच गरी भौगोलिक विभाजन गर्न सकिन्छ। बिर्तादिउराली गा.वि.स.समुद्र सतहबाट ५०० देखि १४०० मिटर उचाइ भित्र पर्दछ। धरातलिय स्वरूप अनुसार बिर्तादिउरालीलाई थुम्काली प्रदेश, बेसी र खोंच गरी दुई भगमा विभाजन गरी निम्न प्रकारले वर्णन गरिएको छ :-

#### *२.१.२.१ थुम्काली प्रदेश*

यस प्रदेशमा बिर्तादिउराली गा.वि.स.को बढी जनसंख्या रहेको छ। यो क्षेत्र १००० मिटरसम्मको उचाइमा पर्दछ।[५] यसैलाई थुम्काली प्रदेश भित्र सीमाबद्ध गर्न सकिन्छ। यस क्षेत्रमा खेती योग्य जमिन भएतापनि सिंचाइ सुविधा भने छैन। पहाडी थुम्काको वरीपरीको भिरालो जमिन वर्षामा भू-क्षय हुने गर्दछ। आकाशे वर्षाको सिंचाइ समयमै भएको खण्डमा खेतीपाती बाट राम्रो आम्दानी हुने गर्दछ। समयमै प्राकृतिक वर्षा भएनभने कृषि उब्जनी लगानी अनुसार उत्पादन हुन नसक्ने सर्वविदितै छ।

३. जिल्ला वस्तुगत विवरण, काभ्रे : केन्द्रिय तथ्याङ्क विभाग शाखा कार्यालय, २०६२, पृ. १
४. ऐजन, पृ. १०
५. देवी प्रसाद पन्त, बिर्तादिउराली २, माटीगैराबाट प्राप्त जननकारी।

बिर्तादिउरालीको थुम्काली प्रदेशभित्र भुमेस्थान उ.मा.वि, उपस्वास्थ्य चौकी, गा.वि.स. कार्यालय, हुलाक-टेलिफोन कार्यालय, बहुउद्देश्यीय सहकारी संस्था, सहकारी पसल सेवा र भुमेस्थान देवीको स्थानहरू रहेका छन् ।

### *२.१.२.२. बेसी र खोँचहरू*

बिर्तादिउराली गा.वि.स.को फेदी भेगमा बेसी र खोँच भू-भागहरू पर्दछन् । सुनकोसी नदीको किनारमा यी ठाउँहरू रहेका छन्। समुद्र सतहबाट करिब ५०० मिटरको उचाईमा बेसीफाँटहरू पर्दछन् । यस्ता फाँटहरूमा खहरेबेसी फाँट र पचुवारबेसी फाँटहरू पर्दछन् । खहरे खोला भित्रका र गम्बुखोला भित्रका साँघुरा ठाउँहरूलाई खोँच भनिन्छ । यी खोँचहरू दुई पहाडका फेदका अति साँघुरा जमिन हुन् । डाँडापाखाका पानीका मूलहरू यसै ठाउँमा तर्केर पहिले आईपुग्ने हुनाले अन्नबाली राम्रो फल्दछ । खहरेबेसी फाँट र पचुवारबेसी फाँटमा समेत यिनै खोँचबाट बगेर आउने खोलाको पानीले सिंचाइ हुने गर्दछ । तर हिँउद याममा यी खोलाहरू सुक्ने हुनाले बेसी फाँटमा सुख्खा लाग्दछ । सुनकोसी नदीको किनारामै भएको फाँटहरू भएर पनि **"आकासको फल आँखा तरी मर"** भनेझैं यी फाँटहरूलाई नयाँ प्रविधिले उपयोग दिन नसक्दा सुख्खा लाग्ने गरेको छ । अब भने गाउँमा विद्युतीकरण गर्ने सहकारी संस्था दर्ता भै कार्यक्रम अगाडि बढेकोले खहरेबेसी फाँट र पचुवार बेसी फाँटलाई विद्युतको माध्यमबाट सिंचाई गरी अन्नभण्डारको रूपमा हराभरा गराउन सकिन्छ ।

## *२.१.३. हावापानी*

बिर्तादिउराली गा.वि.स.को भौगोलिक बनावट एक नासको नभएकोले हावापानीमा पनि फरकपन भएको पाइन्छ । बिर्तादिउरालीलाई थुम्काली र बेसी खोँचमा भौगोलिक विभाजन गरिएको हुँदा याहाँको हावापानी दुई किसिमको रहेको छ । बेसी र खोँचहरूमा गर्मीयाममा गर्मी र जाडो याममा जाडो नै हुने गर्दछ । थुम्का डाँडातिर भने गर्मीयाममा पनि शीतल हुन्छ । तर जाडो याममा भने चिसो जाडो नै हुन्छ । त्यसैले याहाँ **"खहरेबेसीको खावा बिर्ताको हावा"** भनिएको छ । बेसी र खोँचहरूमा गर्मीमा गर्मी भएतापनि तराई प्रदेशको जस्तो हावा पनि तातो, पानी पनि तातो भने हुदैन । चिसो हावा र चिसो पानीले गर्मीको महसुस कम गराँउदछ । हिउँद मौसममा बेसी र खोँचहरूमा बाक्लो हुस्सु लाग्ने र घाम ढिलो लाग्ने हुन्छ भने थुम्का डाँडातिर

घाम चाँडो लाग्नेले हुस्सु लाग्दैन । यस बिर्तादेउराली गा.वि.स. मा खासगरी उष्णा र अर्धउष्ण गरी दुई प्रकारको  हावापानी पाइन्छ ।

### *२.१.४. नदीनाला*

बिर्तादेउराली गा.वि.स. भित्र धेरै नदीनलाहरू छैनन् । एक-दुईवटा मौसमी खोलाहरू छन् । एउटा सुनकोसी नदी अविरल रूपमा बग्ने प्रसिद्ध नदीले बिर्तादेउरालीलाई छोएको छ । यही सुनकोसी नदी बिर्तादेउरालीको जलभण्डारको श्रोत हो । खहरेखोला र गुम्बु खोला बर्षायाममा यही सुनकोसी नदीमा मिसिन आउँछन् । सुनकोसी नदी र यी खोलाहरूको संक्षिप्त वर्णन तल दिइएको छ ।

#### *२.१.४.१. सुनकोसी नदी*

बिर्तादेउराली गा.वि.स. भएर बग्ने सुनकोसी नदी दोलखा जिल्लाको कालिञ्चोक भन्ने हिमालयको काखबाट उत्पत्ति भएको पाइन्छ । दोलखाको कालिञ्चोक भन्ने ठाउँमा सुन र तामाको दुइवटा धारा छन् भनिएको छ । यी धाराहरू वास्तवमै सुन र तामा भने होइनन् । तामाको धाराबाट निक्लेको पानी रामेछाप जिल्ला बाट बगेर तामाकोसीको रूपमा स्थापित भएको छ । सुनको धाराबाट निक्लेको पानी दोलखा जिल्लाबाट सिन्धुपाल्चोक जिल्ला हुदै काभ्रेपलाञ्चोक जिल्लाको दोलालघाटबाट बिर्तादेउराली गा.वि.स. को खहरे बेसी पचुवार बेसी हुदै रामेछाप जिल्ला तर्फ बग्दछ । रामेछाप जिल्लाको सदरमुकाम मन्थली मूनि पुगी सुनकोसी पुनः तामाकोसी संग मिसिन पुग्दछ ।[६]

सुनकोसी सप्तकोसीको सहायक नदी हो । अविरल रूपमा बग्ने नदी भएकोले सिँचाइँ गर्न र विद्युत उत्पादन गर्न सकिन्छ । यस नदीको महत्वलाई युगकवि सिद्धिचरण श्रेष्ठले **"त्यो तामाकोसी, त्यो सुनकोसी, त्यो गीरी फोरी बहने रोसी"** भनेर "मेरो प्यारो ओखलढुङ्गा" कवितामा दर्शाएका छन् ।

#### *२.१.४.२. खहरे खोला र गम्बुखोला*

खहरे खोला चौबास गा.वि.स र गोठपानी गा.वि.स बाट बगेर आउने पानी बिर्तादेउराली गा.वि.स.को खहरे खोला गाउँ नजिक मिसिएर सुरु हुन्छ । अन्तत यो खोला खहरे घाटमा आई

सुनकोसी नदीमा मिसिन्छ । यो खोलाको लम्बाई लगभग ४ कि.मी रहेको छ । यस खोलाले बिर्तादिउराली गा.वि.स र कोलाँती गा.वि.सको सिमाना छुट्याउने काम समेत गरेको छ । बर्षा याममा खोला किनाराका खोँच र बेसीफाँटलाई सिंचाई सुविधा पुऱ्याउन खहरे खोलाले मद्दत गरेको छ । तर त्यो मौसमी खोला हुनाले सानोतिनो पानी माघ महिना सम्म रहन्छ । तत्पश्चात पानीका मुहान वर्षाको कमिले घट्दै जाने हुनाले हिउँद याममा खहरे खोला सुख्खा रहन्छ । खेत हरूमा सिंचाइँ गर्न हाहाकार पर्दछ ।

गम्बु खोला भने गोठपानी गा.वि.स को चिसापानी भन्ने गाउँको नजिकबाट उत्पत्ति भई पचुवार बेसी फाँट हुदै सुनकोसी नदीमा आएर मिसिन्छ । गम्बुखोला पनि मौसमी खोला नै हो बर्षा याममा पानीको भलको रूपमा बग्दछ र हिउँद लागे पछि सुख्खा रहन्छ । बर्षामा भने यस खोलाले पचुवार बेसी फाँटलाई सिचाइँ गर्न मद्दत गरेको छ ।

## *२.१.५ गुफाहरू*

बिर्तादिउराली गा.वि.स मा प्रसिद्ध गुफाहरू छैनन् । स्थानीय स्तरका साना गुफाहरू रहेका छन् । ती गुफाहरूमा भुसुने ओढार र चमेरे गुफा हुन् । यिनको संक्षिप्त वर्णन तल दिईन्छ ।

### *२.१.५.१ भुसुने ओढार*

भुसुने ओढार बिर्तादिउराली गा.वि.स. को वडा नं १ खहरे बेसी फाँटको पुछारमा सुनकोसी नदीको किनारैमा रहेको पहाडको फेदिमा रहेको छ । यस ओढारभित्र रहेको प्राकृतिक शिलालाई शिवजीको रूपमा पूज्ने गरिन्छ । शिवजी मानिएको शिलादेखि ठीक माथि गाईका जस्ता चार थुन बनेको छ । त्यस थुनबाट पहिले पहिले गाईको जस्तै दुध शिवजीको थाप्लोमा झरिरहन्थ्यो भन्ने बूढापाकाहरूको भनाइ छ । पछि एक जना गोठालाले एउटा थुन काटिदिँदा त्यहाँ बाट रगत निक्ल्यो भनिएको छ । त्यसपछि गाईको थुन काट्ने गोठालाको सबै गाईबस्तु रोग व्याध लागेर तुरुन्त मारियो । त्यसैले यहाँका शिवजीलाई सत्यताका रूपमा हेरिएको छ । चाडपर्वहरूमा धार्मिक जनहरूबाट पूजा आजा हुनेगरेको छ ।[७] त्यस ओढारलाई व्यवस्थित

७. बासुदेव पन्त, बिर्तादिउराली १, बाट प्रप्त जानकारी

गराउन बेला–बेलामा सुधारको कार्य गरिएको छ तर सुधारको कार्य दिगो भने भएको छैन । बूढापाकाहरूको भनाइ अनुसार त्यस ओढारलाई मर्मत सुधार केही पनि गर्नु हुदैन । प्रकृतिक रूपमै रहन दिनु पर्दछ । समय–समयमा पटक–पटक नै त्यस ओढारलाई सुधार गरिँदा ओढार भत्कन गयो तैपनि बूढापाकाको कुरामा विश्वास नलागी केहि समयअघि धार्मिक यूवाहरूको पहलमा मर्मत सुधार गरिँदा त्यो ओढार पुनः भत्कन गयो । हाल प्रकृतिक अवस्थामै सानो आकारमा रहेको छ । यहाँका शिवजी दुर्वासा स्वरूपी हुन् । तसर्थ ओढारलाई सुधार गर्दा यी शिवजी रिसाएर आफैं भत्काउने गर्दछन् । त्यसैले यस ओढारलाई प्रकृतिक रूपमै छोड्नुपर्ने जनविश्वास छ ।

### *२.१.५.२. चमेरे गुफा*

चमेरे गुफा बिर्तादेउराली गा.वि.स.को वडा नं. ५ स्थित मालुवा भन्ने ठाउँमा खहरे खोला देखि करिब ५० मिटरको उचाइमा भीरमा रहेको छ । यो सानो गुफा हो । त्यहाँ जान निक्कै कठिन छ । रुखका बुट्टाहरूमा समातेर मुस्किलले जान सकिन्छ । यहाँ प्रायः चमेरहरूमात्र हुन्छन् । बर्षाका बेला अन्य वन्यजन्तुसमेत बस्दछन् । मनिसको त्यत्ति आवतजावत हुदैन् । गोठालाहरू भने गुफामा पुग्ने गर्दछन् । गुफाभित्र दिउँसो पनि अँध्यारो हुन्छ । कसैले पनि त्यस गुफालाई मतलब राख्दैनन् ।

## २.२ सामाजिक जनजीवन

वि. सं २०५८ को जनगणना अनुसार बिर्तादेउराली गा.वि.स.को कुल जनसंख्या ३३२३ रहेको छ । जसमा महिलाको संख्या १६६४ र पुरुषको संख्या १६५९ रहेको छ । जम्मा घरधुरी संख्या ५०९ रहेको छ । जनसंख्या वृद्धिदर २.२६% रहेको छ ।[८]

बिर्तादेउराली गा.वि.स.मा विभिन्न जातका मानिसहरूको बसोबास छ । बाहुन, क्षेत्री, तामाङ, माझी, पहरी, घर्ती, दमाई, कामी यहाँका मुख्य बासिन्दा हुन् । नेपाली भाषा बोल्नेहरूको बाहुल्यता छ । तामाङहरू र केहि माझीहरू मात्र आफ्नो मातृभाषा प्रयोग गर्दछन् । अन्य जातिसँगको सम्पर्गको माध्यम भने नेपाली भाषा नै हो । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको

८. जिल्ला बस्तुगत विवरण काभ्रे : केन्द्रिय तथ्याङ्क विभाग शाखा कार्यालय २०६२ पृ. ४६

मुख्य धर्म हिन्दु र बौद्ध नै हो । केहि मात्रामा ईसाइ धर्म मान्नेहरू पनि छन् । दशैं, तिहार, धान्यपूर्णिमा, शिवरात्री, चण्डीपूर्णिमा, कृष्णअष्टमी, नागपञ्चमी, जनैपूर्णिमा, कुशेऔंसी, ठूलो एकादसी यहाँको मुख्य चाड पर्वहरू हुन् । यहाँका मानिसहरूको पहिरन भने परम्परा र आधुनिकताको समिश्रण भएको छ । पुरुसहरू कमिज, सुरुवाल, इष्टकोट, टोपी, सर्ट, प्यान्ट आदि लगाउँछन् । महिलाहरू फरिया, चोलो, ब्लाउज, कुर्ता सुरुवाल लगाउने गर्दछन् । धार्मिक सहिष्णुता यहाँको विशेषता हो ।

## २.३ मठमन्दिरहरू

बिर्तादेउरालीमा बसोबास गर्ने मानिसहरूको रहन सहन चालचलन, धार्मिक, साँस्कृतिक परम्परागत मान्यता, मठमन्दिरहरू आफ्नै प्रकारका छन् । यस क्षेत्रमा भएका धार्मिक स्थलहरू केही प्रकृतिक छन् भने कुनै मानव निर्मित छन् । प्राकृतिक र निर्मित धार्मिक स्थलहरूले हिन्दु सभ्यताको संरक्षण गर्न सघाउ पुऱ्याइरहेका छन् । प्राचिन कालदेखि मानिदै आएको र निर्मित धार्मिक स्थ लहरू  बिर्तादेउरालीमा पाइन्छन् । ती धार्मिक स्थलहरू यस प्रकार छन् ।

### *२.३.१ भुमेस्थानकी देवी*

बिर्तादेउरालीको वडा नं ४ माथिल्लो भेगमा पर्दछ । भुमेस्थान डाँडामा अवस्थित देवीस्थान एक प्राकृतिक धार्मिक स्थल हो । डाँडाको थुम्कामुनि भित्तामा टाँसिएर रहेका दुईवटा ठूला-ठूला शिलाका मूर्तिलाई कालीदेवी र सेतीदेवी भनेर पूजिन्छ । दायाँतिरकको शिलालाई सेतीदेवी र वायाँतिरको शिलालाई कालीदेवी मानिन्छ । सेतीदेवी साकाहारी छन् भने कालीदेवीलाई बली चाहिन्छ । कालीदेवीलाई बली पनि निखरा कालो पोथी जातको वस्तु चाहिन्छ । यस स्थानमा प्रत्येक शनिवार र दशैको नवरात्रमा विशेष पूजा गरिन्छ । बली भने शनिवार र मंगलवार दिईन्छ ।

यस स्थानको एक किम्बदन्ति रहेको छ । काभ्रेपलाञ्चोक जिल्लामा पलाञ्चोक भगवती र भुमेस्थानकी कालीदेवी दिदीबहिनी हुन् । भुमेस्थानकी काली दिदी र पलाञ्चोक भगवती बहिनी हुन् भन्ने भनाई छ । कुनै बेला अघि दिदी र बहिनीमा को ठूलो भन्ने बाजी परेछ । निर्णय लिने कार्य पुरुषार्थ चाहिने हुनाले कालीले मेरो स्थान अगाडिको यो ठूलो सल्लाको रुख जसले आफ्नो दिशापट्टि ढाल्न सक्छ, त्यही ठूलो भन्ने सर्त राखेपछि दुबै देवीले रुख आफ्नो दिशापट्टि ढाल्न

प्रयत्न गरेछन् । पलाञ्चोक भगवती पश्चिम दिशातिर छन् भने कालीको दिशा पूर्व हो । अन्तत सल्लाको रुख कालीले आफ्नो दिशातर्फ ढालेपछि कालीलाई ठूली मानिएको हो भनिन्छ ।[९] कालीले ढालेको भनिएको सो रुख हाल सुकिसकेको छ । एकाएक देवीस्थानका रुखहरू सुक्दै जान थालेपछि हाल आएर मर्मत सुधारको कार्य गरिएको छ । यस स्थानमा दर्शन गर्नाले मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ ।

### *२.३.२ पाटीगैरा राधाकृष्ण मन्दिर*

यो मन्दिर बिर्तादेउराली गा.वि.स को वडा नं. ६ पाटीपँधेराको नजिक पर्दछ । एक रोपनी जग्गाको क्षेत्रफलमा गाउँको माझमा बनाइएको यो मन्दिर वि.सं. २०५६ सालमा निर्माण कार्य सुरुगरी वि. सं. २०५७ मा कार्य पूरा गरिएको हो । निर्माणकार्य पूरा गरेकै साल भाद्र श्री कृष्णाष्टमीको दिन राधा कृष्णको ३ फूटे मूर्ति स्थापना गरी पूजा सञ्चालन गरिएको छ । दुई तलाको सो मन्दिर निर्माण गर्न स्थानीय समाजसेवी माधवप्रसाद पन्तको योगदान महत्वपूर्ण मानिन्छ । मन्दिर अगाडि पक्की सतल र पूजारी बस्ने घर समेत बनाइएको छ । मन्दिरको अगाडि शिवालाय स्थापना गरिएको छ । मोटरबाटोबाट मन्दिर नजिकैको दुरिमा पर्दछ । मन्दिर संरक्षणको लागि एक उपभोक्ता समिति गठन गरिएको छ । मन्दिरमा दैनिक पूजा सञ्चालन गर्न उपभोक्ता समितिले एक पूजारी नियूक्ती गरेको छ ।[१०]

### *२.३.३ खहरेबेशी भिमसेन स्थान*

यो भिमसेनस्थान बिर्तादेउराली गा.वि.स को वडा नं. ६ स्थित खहरेबेसी फाँटको माझमा पिपलको ठूल्ठूला रुखको घेराभित्र अवस्थित छ । शिलाको भिमसेनको मूर्ति छ । प्राकृतिक रूपमा रहेको यस स्थानमा मन्दिर निर्माण गरी मूर्ति स्थापना गर्न खोज्दा मन्दिर भत्कियो । भिमसेनको मूर्तिलाई मन्दिर भित्र राख्न नहुने किम्बदन्ति छ । तत्पश्चात यो स्थान प्राकृतिक अवस्थामै छ । निर्माण गरिएको धर्मशाला पनि जीर्ण भै भत्किएकोले जीर्णोद्धारको आवश्यकता छ । मंसिर धान्य पूर्णिमामा विशेष मेला लाग्दछ । माझी जातीले कोसीमा घाट पूजा गरेको दिन पनि यस भिमसेन स्थानमा पूजा र नाचगान गर्दछन् ।[११]

९. अम्बिकाप्रसाद पन्त, बिर्तादेउराली ५, बाट प्राप्त जानकारी ।
१०. केशवप्रसाद पन्त, बिर्तादेउराली ६, बाट प्राप्त जानकारी ।
११. मानबहादुर माझी बिर्तादेउराली ५, पोटागैरा बाट प्राप्त जानकारी ।

### *२.३.४. भोलुङको कालिका मन्दिर*

बिर्तादेउराली गा.वि.स वडा नं. ७ स्थित भोलुङ गाउँमा यो कालिका मन्दिर पर्दछ । स्थानीय तहमा कुनै धार्मिक स्थलहरू थिएनन् । धार्मिक यात्राको लागि अन्यत्र जानुपर्ने बाध्यता थियो । श्रद्धालु भक्तजनहरूमा पलाएको आस्था र विश्वासका कारण वि. सं. २०६४ मा यो मन्दिर बनाउन सुरु गरियो । सोहि सालमा निर्माण कार्य पूरा गरी कालिका देवीको मूर्ति प्रतिस्थापना गरियो । जनस्तरमा धार्मिक भावना जगाउन यस मन्दिरमा पूजा सञ्चालन भइरहेको छ ।[१२]

### *२.३.५ पचुवारको शिवालय*

यो शिवालय मन्दिर बिर्तादेउराली गा.वि.स वडा नं. ७ स्थित पचुवार बेसी फाँटमा पर्दछ । राणाकालमा निर्मित यो शिवालय करिब एक रोपनी क्षेत्रफलमा फैलिएको छ । एकतले यो मन्दिर मठ शैलीको रहेको छ । पूजारी बस्ने छुट्टै घर बनाइएको छ । यस पुरानो मन्दिरको जिर्णोद्धार समेत गरिएको छ । सुनकोसी नदीको किनारबाट नजिककै दुरीमा पर्दछ । शिवालयमा दैनिक पूजाआजा भैरहेको छ । शिवरात्रीमा मेला समेत लाग्दछ ।[१३]

### *२.३.६. खहरेबेसी रुम्तीको राधा कृष्ण मन्दिर*

बिर्तादेउराली गा.वि.स को खहरेबेसी क्षेत्रमा रहेको भुसुने ओढार भित्रको शिवालय पटक-पटकको मर्मत संभार पछि पनि भत्कन नरोकिएपछि यस क्षेत्रमा धार्मिक स्थलको अभाव देखियो । फलस्वरूप वि.सं. ०५६/०५७ मा यस क्षेत्रका धार्मिक अगुवा व्यक्तित्वहरूको पहलमा “श्री कृष्ण मन्दिर निर्माण एवं सम्बर्धन सेवा समिति” नामक एक गैर सरकारी संस्था गठन गरियो । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा विधिवत संस्था दर्ता गरियो । यसै संस्थाको पहलमा स्थानीय श्रद्धालुजनहरू रोहिणीप्रसाद पन्त र दण्डपाणी उपाध्याय सेढाञीका छोराहरू बाट एक रोपनी जग्गा प्राप्त गरियो । वि.सं. २०५७/५/६ भद्र कृष्ण अष्टमीका दिन राधा कृष्णको दुईतले मन्दिर शिलान्यास गरियो । गाउँ भित्र र बाहिरका धार्मिक व्यक्तिहरूको सहयोगबाट वि.सं. २०६१ सालमा निर्माणकार्य पूरा गरियो ।

१२. सिद्धिबहादुर खरेल, बिर्तादेउराली ७, भोलुङ बाट प्रप्त जानकारी ।

१३. दुर्गा प्रसाद पन्त, देउराली नि.मा.वि, प्र.अ. भोलुङ ७ बाट प्रप्त जानकारी ।

वि.सं. २०६१ भाद्र कृष्ण अष्टमीकै दिन पारी राधाकृष्णको तीनफुटे अग्लो मूर्ति प्रतिस्थापना गरी दैनिक पूजा सञ्चालन गरिएको हो । श्री कृष्ण अष्टमीका दिन यहाँ मेला लग्दछ भने अन्य दिनहरूमा पनि मानिसहरूको आवत जावत भैरहन्छ । उक्त मन्दिर अगाडि एक धर्मशाला र पूजारी बस्ने कोठाहरू समेत बनाइएको छ । मूल मन्दिर अगाडि शिवालय पनि स्थापना गरिएको छ । पूजा पाठ गर्नेका अलावा पाटी भोज गर्नेहरूको पनि आगमन हुन्छ । सुनकोसी नदीको किनारमा रमाइलो स्थानमा यो मन्दिर छ । सुनकोसी नदी तर्न झोलुङ्गे पुलको सुविधाले यो मन्दिरमा राजधानी काठमाण्डौबाट समेत मानिसहरू आउने गरेका छन् । कच्ची मोटर बाटो मन्दिर अगाडि नै पुगेको छ ।[१४]

## २.४ आर्थिक अवस्था

आर्थिक दृष्टिले बिर्तादिउराली गा.वि.स पनि पिछडिएकै छ । भौगोलिक विकटता, सडक यातायातको असुविधा, शिक्षित जनशक्ति सहरिनु, भौतिक र मानवीय श्रोत साधनको समुचित परिचालन हुन नसक्नु जस्ता कमी कमजोरीहरू बिर्तादिउरालीका आर्थिक अवस्थाका व्यवधान हुन् । तापनि राष्ट्रिय जनगणना २०५८ अनुसार बिर्तादिउरालीमा कूल जनसंख्याको अनुपातमा आर्थिक रूपले सक्रिय जनसंख्या २९७३ जना देखाएको छ । जसमा पुरुष १५१० जना र महिला १४६३ जना पर्दछन् । आर्थिक रूपले निस्क्रिय जनसंख्या जम्मा जनसंख्यामध्ये २३९ जना छन् । जसमा पुरुष ११८ जना र महिला १२१ जना देखाइएको छ ।[१५] स्थानीय श्रोत र साधनको प्रयोग आधुनिक किसिमले हुन सकेको छैन । पहाडको भिराले जमिन सिँचाई बिहिन ठाउँ आदिको कारणले खेतिपाती व्यवसाय समुन्नत हुन सकेको छैन । ग्रामबासीहरू परम्पारागत कृषि प्रणलीमा नै निर्भर छन् । कृषि पेशाले मात्र जीवन धान्न कठिन परेको छ । तसर्थ यहाँका यूवा बेरोजगारहरू वैदेशिक रोजगारको नाममा विभिन्न मुलुकमा जाने गरेका छन् । कतिपय पढेलेखेका मनिसहरू सरकारी सेवामा र शिक्षण पेशामा सम्लग्न छन् । उद्योग कलकारखाना गाउँमा छैनन् । केही पिसानी र कुटानी मिलहरू बाहेक अन्य ठूला उद्योग बिर्तादिउराली गा.वि.स मा छैनन् ।

१४. कृष्णप्रसाद पन्त, बिर्तादिउराली ५ पोटागैराबाट प्राप्त जानकारी

१५. जिल्ला बस्तुगत विवरण काभ्रे : केन्द्रिय तथ्याङ्क विभागको शाखा कार्यालय, २०६२ पृ. ३२

**"निकास नभई विकास हुदैन"** भनेझैं विकासको आधार बाटो हो । बिर्तादेउराली सडक यातायातबाट पिछडीएको गाउँ हो । बल्लतल्ल कच्ची मोटर बाटोको ट्र्याक खोल्ने काम भइरहेको छ । गा.वि.स का सबै वडालाई कच्ची मोटरबाटोले छोएको छ । हिउँद याममा मोटर चल्ने यी बाटा बर्षा सँगै बन्द हुन्छ । सुख्खा याममा यस्ता बाटोबाट स्थानीय बासिन्दहरूलाई जिल्ला सदरमुकाम, राजधानी काठमाण्डौ र अन्य बजार सम्म आवतजावत गर्न सजिलो भएको छ । बिर्तादेउराली गा.वि.स मा ठूला व्यापारिक केन्द्रहरू छैनन् । स्थानीय खद्रा पसलहरू छन् । तिनै पसलहरूबाट गाउँलेहरू आवश्यक सरसामान किन्ने गर्दछन् । ठूला व्यापारका लागि मानिसहरू जिल्लाका प्रमुख बजारहरू पाँचखाल, धुलिखेल, बनेपा जस्ता शहरहरूमा जाने गर्दछन् । बिर्तादेउरालीमा आर्थिक विकास गर्न खेतीपातीमा सिँचाई सुविधा पुऱ्याउनु पर्छ । खेतीयोग्य जमिनलाई चक्लाबन्दी गरी व्यवसायिककरण गर्नु पर्दछ । अन्नखेती भन्दा फलफूल खेतीलाई प्रोत्साहन दिनु पर्छ । जडीबुटी खेतीलाई अङ्गीकृत गर्नुपर्छ । पशुपालन व्यवसायलाई सामूहिकीकरण गर्नु पर्छ । सम्भाव्यता हेरी स्थानीय स्तरमा उपलब्द हुने कच्चा पदार्थमा आधारित साना उद्योगहरू स्थापना गर्न सकेमा यहाँको बेरोजगारी हटाउन सकिन्छ । मौरीपालन, बाखापालन, गाईभैंसी पालन व्यवसायीक रूपमा गर्न लगाई दुग्धजन्य पदार्थमा आधारित डेरी उद्योगहरू स्थापना गर्न सकेमा गाउँको अर्थिक अवस्था सुधार्न सकिन्छ । मौसमी र बेमौसमी तरकारी खेतीबाट पनि आर्थिक संकट टार्न सकिन्छ । कपास खेती गरी तानधागोको साना उद्योग चलाउन सकिन्छ । बाँस, निगालोबाट मुढा, ऱ्याक, मेच, टेबुल आदि बनाएर निकासी गर्न सके बेरोजगारी हटाएर आर्थिक लाभ लिन सकिन्छ ।

## २.५ शैक्षिक अवस्था

बिर्तादेउराली गा.वि.स मा शिक्षाको सुरुवात राणा शाषणको अन्त्यतिरबाट सुरु भएको पाइन्छ । बिर्तादेउराली गा.वि.स को वडा नं. ३, मानेडाँडामा वि.सं. २००६ मा संस्कृत शिक्षाको विस्तार गर्न "देउराली पाठशाला" सुरु हुन्छ । यो पाठशाला नै बिर्तादेउरालीमा शिक्षा विस्तार गर्ने पहिलो आधिकारिक शिक्षण संस्था हो । देउराली पाठशाला मानेडाँडामा केही समय सञ्चालन गरेपछि बिर्तादेउराली गा.वि.स. कै वडा नं. १ चाफाँडाँडा पार्टीमा सारिन्छ । वि.सं. २०१७ सालमा देउराली पाठशाला सञ्चालन भएकै ठाउँमा आधुनिक शिक्षाको विस्तार गर्न भुमेस्थान प्रा.वि. स्थापना गरिन्छ । भुमेस्थान प्रा.वि. सञ्चालनमा आएपछि देउराली पाठशाला

बिर्तादिउराली गा.वि.स कै वडा नं. ७ भोलुङ भन्ने ठाउँमा सारिन्छ । सोहि पाठशाला पछि गएर देउराली प्राथमिक विद्यालयको रूपमा रूपान्तरण हुन पुग्दछ । हाल सो विद्यालय वि.सं. २०५० देखि "देउराली नि.मा.वि." को रूपमा सञ्चालित छ ।[१६] शिक्षाको विकास गर्दै जाने क्रममा वि.सं. २०१७ सालमा बिर्तादिउराली गा.वि.स को वडा नं. १ मा भुमेस्थान प्रा. वि. स्थापना हुन पुग्दछ । लामो अन्तरालसम्म प्रा.वि. कै रूपमा सञ्चालन भएर वि.सं. २०३६ सालमा नि.मा.वि को रूपमा कक्षान्नोती हुन पुग्दछ । वि.सं. २०४० सालमा माध्यामिक विद्यालय हुन पुग्दछ । वि.सं. २०६३ सालमा दश जोड दुईको सञ्चालन अनुमति पाएपछि शिक्षा विकासमा भुमेस्थान उच्च मा.वि.ले अतुलनीय योगदान पुऱ्याइरहेको छ ।[१७]

वि.सं. २०२९ सालमा बिर्तादिउराली कै वडा नं. ६ स्थित पाटीगैरा पिपलडाँडामा "बालचन्द्र प्रा.वि." स्थापना हुन पुग्दछ । वि.सं. २०४२ सालमा यसै गा.वि.स.को वडा नं. ९ खहरे खोला गाउँमा "जनजागृती प्रा.वि" संचालनमा ल्याइन्छ । त्यसैगरी बिर्तादिउराली गा.वि.स कै वडा नं. ८ आहाल टिम्ब्रेनी भन्ने ठाउँमा वि.सं. २०४६ सालमा "ज्वालादेवी प्रा.वि." स्थापना हुन्छ । त्यस्तै वि.सं. २०५१ मा बिर्तादिउराली कौ वडा नं. ७ पचुवार गाउँमा "बच्छेश्वर प्रा.वि." खडा हुन पुग्दछ । बिर्तादिउराली गा.वि.स वडा नं ४ भुमेस्थान डाँडामा वि.सं. २०५३ सालमा "भगवती प्रा.वि." स्थापना भएपछि यस गा.वि.स मा शिक्षाको विस्तार द्रुत गतिमा भएको पाइन्छ ।[१८]

यसरी बिर्तादिउराली गा.वि.स. मा शिक्षाको विस्तार भएको हो । हाल यस गा.वि.स. मा ५ वटा प्राथमिक विद्यालय, १ वटा नि.मा.वि. र १ वटा उच्च मा.वि गरी ७ वटा शैक्षिक संस्था सञ्चालनमा रहेका छन । यी शैक्षिक संस्थाहरू पूर्ण रूपमा नेपाल सरकारको अनुदान सहयोगमा सञ्चालित हुँद आएका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार यस गा.वि.स. को साक्षरता प्रतिसशत ५७ रहेको छ । जसमा महिलाहरको साक्षरता प्रतिशत ४८ रहेको छ भने पुरुषहरूको साक्षरता प्रतिशत ६७ रहेको छ ।[१९] यस गा.वि.स. मा सञ्चालित विद्यलयहरूमा शिक्षक कर्मचारीको संख्या ५६ रहेको छ भने १००० भन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेको तथ्याङ्कले

१६. दुर्गा प्रसाद पन्त प्र.अ. देउराली नि.मा.वि. बाट प्राप्त जनकारी

१७. रामबाबु प्रसाद पन्त प्र.अ. भुमेस्थान उ.मा.वि. बाट प्राप्त जनकारी

१८. ऐजन शिक्षक

१९. जिल्ला बस्तुगत विवरण काभ्रे : केन्द्रिय तथ्याङ्क विभागको शाखा कार्यालय, २०६२ पृ. ६६

देखाएको छ ।

## २.६ लघु जलविद्युत योजना

वि.सं. २०६० सालमा बिर्तादेउराली गा.वि.स. वडा नं. ९ का सक्रिय यूवाहरूको पहलमा खहरे खोला पेल्टीसेट उपभोक्ता समिति गठन गरियो । सोही समितिको अगुवाइमा अधिकारी टोलमुनि रहेको परम्परगत रूपमा सिँचाई गर्न बनाईएको कुलोलाई सामान्य मर्मत गरी साना जलविद्युत योजना काभ्रेमा समन्वयन गरी वि.सं. २०६० सालमै ३ किलोवाट विजुली उत्पादन गरियो । ३ किलोवाट विद्युत वितरण गरिएबाट बिर्तादेउराली गा.वि.स. वडा नं. ९ का ५० धुरी परिवारलाई विजुली सुविधा उपलब्ध भएको छ । बिर्तादेउरालीको एकमात्र जलविद्युत योजनाबाट ग्रामबासीहरू अँध्यारोबाट मुक्त भएका छन् ।[२०]

## २.७ बिर्तादेउरालीमा लोकसाहित्यको अबस्था

बिर्तादेउराली गा.वि.स. नेपाली भाषा भाषिका बाहुल्यता रहेको गाँउ हो । अन्य भाषाका मानिसहरूपनि बसोबास गर्छन् । सबैको सम्पर्कको माध्यम साझा नेपाली नै हो । अधिकाँश मानिसहरू नेपाली भाषा बुझ्छन् र बोल्छन् । केही राष्ट्रिय भाषिहरू आफ्नो परिवारभित्र मात्र मातृभाषा प्रयोग गछन् । यसरी हेर्दा नेपाली भाषा बिर्तादेउरालीमा व्यापकै रहेको पाइन्छ । यहाँ बोलीने नेपाली भाषा नेपालको पूर्वेली भाषिका अन्तर्गतको हो । यस भाषिकाको विस्तार पूर्वमा नेपालभरी र नेपालबाहिर भारत, भुटान र बर्मा सम्म फैलिएको कुरा भाषा शास्त्री बालकृष्ण पोखरेलले भाषिकाको विभाजनमा देखाएका छन ।

नेपाली भाषाको साहित्य मौखिक परम्परामा मौलाउँदै आएको हो । पछिल्ला दिनहरूमा कथ्य परम्परालाई छिचोल्दै नेपाली लोकसाहित्यका अध्येताहरू लोकसाहित्यलाई लिखित रूपमा विकसित गर्न लागि परेका छन् । यस बाट नेपाली लोकसाहित्यको संरक्षण हुने देखिन्छ ।

बिर्तादेउराली गा.वि.स. मा लोकसाहित्यको अध्ययनको परम्परा अझै गर्भावस्तामै रहेको पाइन्छ । यहाँ कुनैपनि विद्याको अध्ययन भएको पाईंदैन । नेपाली भाषा कसरी सुरु भयो भन्ने कुनै खास प्रमाणित शिलालेखहरू पनि भेटिएका छैनन् । नेपाली भाषाका अध्येताहरूले प्रमाणका

२०. पूर्णबहादुर चौंलागाईं, अध्यक्ष : खहरे खोला पेल्ट्रीसेट उपभोक्ता समिति

रूपमा पहिल्याएका आधारहरूलाइनै प्रमाणका रूपमा लिइन्छ । नेपाली भाषा सम्वृद्ध अबस्थामा पुगेको भाषा हो । यस भाषाभित्र प्रशस्त लोकसाहित्य गुटमुटिएर बसेको छ । बिर्तादिउरालीमा रहेका त्यस्ता लोकसाहित्यका विद्याहरूको संकलन, वर्गीकरण र विश्लेषण हुनु आवश्यक छ । बिर्तादिउरालीमा प्रचलनमा रहेका लोकसाहित्यका विद्याहरूमा जुवारी, घाँसे गीत, तीजे, ठाडोभाका, भजन, गोडेलो, कृषि गीत, देउसी, भैलो, रत्यौली, गाउँखाने कथा, लोक कथा, दन्त्य कथा, उखान टुक्का आदि रहेका छन् । बिर्तादिउराली गा.वि.स.मा प्रचलित लोकसाहित्यका विद्याहरूलाई निम्नानुसार वर्गीकरण गरी संक्षिप्त व्याख्या गर्न सकिन्छ ।

क) लोकगीत

ख) लोकगाथा

ग) लोककथा

घ) लोक नाटक

ङ) उखान टुक्का

च) गाउँखाने कथा

## *२.७.१. लोकगीत*

लोकगीत बिर्तादिउरालीमा प्रचलित विधा हो । लोकसाहित्यका सामाग्रीका रूपमा रहेका लोकगीत विधा परम्परा देखि नै बिर्तादिउरालीमा व्यापक रहेको छ । जनजीवनमा घटेको घटनाहरूको आख्यानयूक्त सन्दर्भलाई आँसु र हाँसो, अभाव समस्या, सुख र दुःख, वियोग र विलौनालाई लोकभाकाको माध्यमबाट प्रकट गरिदै आइएको छ । याहाँ गाइने लोकगीतहरू बिभिन्न ताल, भाका र लयमा गाइएको पाइन्छ । यस्ता लोकगीतहरू एकल, यूगल र सामूहिक रूपमा समेत गाउँने गरेको पाइन्छ । श्रुति परम्परामै हस्तान्तरण हुदै आएका यस्ता लोकगीतहरू बिर्तादिउरालीमा निम्न प्रकारका छन् ।

अ) सामान्य गीत आ) संस्कारगीत इ) ब्रतगीत
ई) कर्मगीत उ) पर्वगीत

### २.७.१.१. सामान्यगीत

जुनसुकै अवस्था र समयमा गाउन सकिने गीतहरू सामान्य गीत हुन । सामान्य गीतहरूमा बाह्रमासे, घाँसे, भ्याउरे, ठाडेभाका आदि पर्दछन् । बिर्तादेउरालीमा यस्ता गीतहरू डाँडा पाखाहरूमा सुन्न पाइन्छ । बिना संगीत गाउन सकिने सामान्य गीतहरू बेरोकतोक जाँहा पनि गाउन सकिन्छ । मेलापात, घाँस दाउरा, उकाली-ओराली आदि गर्दा भ्याउरे, घाँसे, बाह्रमासे, ठाडे भाकाहरू घन्केको सुनिन्छ । शारीरिक बेदना र थकान मेटाउन, मनका पीरमर्का बिर्साउन तथा पारिवारिक हेपावटका प्रवृत्तिलाई व्यङ्ग्य गरी सामान्य गीतहरू गाइएको पाइन्छ ।

### २.७.१.२ . संस्कार गीत

बिर्तादेउराली गा.वि.स.मा जन्मदेखि मृत्यु सम्मका संस्कारहरू पूर्वीय दर्शनमा आधारित छन् । न्वारन, पास्नी, ब्रतबन्ध, विवाह र मृत्यु धर्मशास्त्रका आधारमा हुनेगरेको छा । लोकगीत गाएर चलेको संस्कार  बिर्तादेउरालीमा विवाहमा खेलिने रत्यैली मात्र हो ।

### २.७.१.३. ब्रतगीत

बिर्तादेउरालीमा ब्रत सम्बन्धी गीतहरू प्रचलित छन् । धार्मिक परम्परा र संस्कारबाट प्रेरित भएर ब्रत सम्बन्धी गीत गाएर ईश्वरको पुकारा गर्ने चलन छ । भजन कीर्तन गर्ने, नाचगान गर्ने ईश्वरको गुणगान गर्ने चलन गीतको माध्यम बाट गरेको पाइन्छ । तीज, कृष्णअष्टमी , एकादशी , रामनवमी जस्ता ब्रतमा लोकगीतहरू गाइन्छन् । यस्ता ब्रतका गीतहरूमा मादल, भ्याली, मजुरा, हार्मोनियम, तवला जस्ता बाद्यबादनका सामाग्रीहरू पनि प्रयोग गरिन्छ । कतिपय अवस्थामा बाजा नबजाइकनपनि गीत गाइन्छ ।

### २.७.१.४. कर्मगीत

कामगर्दै गाउने गीत नै कर्मगीत हो । कृषि प्रधान देश नेपालका जनता कृषिकार्यमा सम्लग्न छन् । बिर्तादेउराली गा.वि.स. का मानिसहरू पनि जीवनयापन गर्न खेतीपातीको काम गर्छन् । खेतीपाती गर्दा थकाई लाग्छ । थकाई मेटाउन, रमाईलो गर्न खेतालाहरू गीत गाउँछन् । यस्ता गीतलाई कर्मगीत भनिन्छ । कर्मगीत खेतीको समयमा गाइन्छ । कर्मगीत अन्तर्गत

मङ्सिरे, जेठे, दाँईगीत, रोपाइँ गीत आदि पर्दछन् । यस्ता गीतहरूले मनोरञ्जन दिई शारीरिक बेदना हटाउन मद्दत गर्दछन् ।

### २.७.१.५. पर्वगीत

नेपाल चाडपर्व विशेषमा गरिमा बोकेको देश हो । याँहा प्रशस्त चाडपर्वहरू मनाइन्छ । तिनै चाडपर्वमा गाइने गीतलाई पर्वगीत भनिन्छ । बिर्तादिउरालीका मानिसहरू पर्वगीत गाउने गर्छन् । महिलाहरूले गाउने पर्वगीतमा तीजगीत प्रसिद्ध छ । अन्य चाडपर्वमा पनि महिलाहरूको सक्रिय सहभागीतामा हुन्छ । पुरुषहरूमा देउसी, भजन आदि मुख्य छन् ।

## २.७.२ लोकगाथा

लोकजीवनमा प्रशस्त लोकगाथाहरू पनि प्रचलित भएको पाइन्छ । यस्ता लोकगाथाहरूमा पुराण प्रसिद्ध वीर पुरुषहरू र पौराणिक चरित्रहरूका जीवनलिलामा आधारित गाथाहरू गाइन्छ । आफुले पाएको दुःख कष्ठको निवारणका लागि देवीदेवताको भक्तिमूलक पूकारा गर्ने गाथाहरूको गान गरिन्छ । बिर्तादिउराली गा.वि.स.मा लोकगाथा अन्तर्गत  ईश्वरीय गुनगान गर्ने र जीवन मूक्तिको लागि प्रार्थना गर्ने रहेको छा ।

## २.७.३ लोककथा

लोककथा बिर्ताली समाजमा सुन्ने र सुनाउने प्रचलन पहिलेदेखि चलिआएको छ । यस्ता लोककथामा प्रेम साहस, उपदेश, नैतिक चेतना, मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक आदि समावेश हुन्छन् । नीतिधर्म,कृषिजन्य वस्तु, वन्यजन्तु, नदीनाला र पशुपंक्षी याहाँका लोककथाका स्रोत हुन् ।

## २.७.४. लोकनाटक

उत्सव, पर्व तथा अन्य बेलामा मनोरञ्जन वा उपदेशकालागि लोकनाटक देखाउने गरिन्छ । जीवनका आशा, उमङ्ग, मनको वह, विलौना, विश्वास आदिको भोगाइलाई अभिनयका माध्यमबाट प्रस्तुत गर्नु नाटक हो । लोक नाटक गाउँघरका ठाँटी, पाटीपौवा, चौतारा, वा सहर बजारका चोक र डबलीहरूमा देखाउने गरिन्छ । लोक अभिव्यक्तिलाई गीत संगीतले नृत्ययूक्त

बनाउनु लोक नाटक हो । बिर्तादिउराली क्षेत्रमा भजन चुड्काहरू लोक नटकका सामाग्री हुन् । पहिला–पहिला भजन चुड्का बाहेक अन्य विषयसँग सम्बन्धित नाटकहरू बिर्तादिउरालीमा देखाउने गरेको बूढापाकाहरू बताउँछन् । त्यस्ता नाटक देखाउने क्रममा आर्थिक अभाव हुनथाले पछि लोकनाटक देखाउने काम रोकिएको छ ।

### *२.७.५ उखान–टुक्का*

बिर्तादिउराली परिवेशमा बोलचालनको क्रममा उखान टुक्काको प्रयोग भएको पाइन्छ । भावाभिव्यक्तिलाई खिरिलो पार्ने र प्रसंगलाई प्रष्ट्याउन उखान टुक्काले सजिलो पारिदिन्छ । यसै सन्दर्भमा जीवन पद्धतिसँग सम्बन्धित उखानहरू जनमानसको आवाजमा अभिन्न भएर आउने गरेको छ ।

सामान्यार्थ भन्दा पर लक्ष्यार्थ र व्यङ्यार्थलाई संकेत गर्ने र उक्तिलाई रसिलो कसिलो बनाउन टुक्कहरू बिर्तादिउराली क्षेत्रमा प्रयोग भएको पाइन्छ ।आपसी कुराकानीका सन्दर्भमा पनि टुक्काहरू प्रयोग भएको देखिन्छ ।

### *२.७.६. गाउँखाने कथा*

बिर्तादिउराली गा.वि.स.मा गाउँखाने कथाहरू भन्ने गरेको पाइन्छ । थकानबाट वाक्क भै बसेको बेला, फुर्सदको बेला, साथीभाई भेटघाट भएको बेला एक अर्काको दिमाग जाँच्न र मनोरञ्जन प्रदान गरी रमाइलो गर्न पनि गाउँखाने  कथाहरू भन्ने गरिएको पाइन्छ । केटाकेटी, बूढा–बूढी, यूवा लगायत जो कोहीले गाउँखाने कथा भनेको पाइन्छ । गाउँखाने कथा भन्नाले नयाँ कुराको जानकारी आदनप्रदान गर्न मद्दत पुग्दछ । गाउँखाने कथा भन्दा प्रश्नकर्ताले प्रश्न सोध्ने र उत्तर दिन नसके गाउँमाग्ने र उत्तर भनिदिने गर्दछन् । गाउँखाने कथालाई एक अड्कोको रूपमा समेत लिइन्छ । बिर्तादिउरालीमा गाउँखाने कथा भन्ने, सुन्ने प्रचलन रहेको छ ।

बिर्तादिउराली क्षेत्रमा पूर्वकालदेखिनै लोकसाहित्यका विविध विधाहरू प्रचलनमा रहेको पुष्टि हुन्छ । यसले यहाँको जनजीवनको साहित्य प्रतिको रुचिलाई उजागर गर्दै लेख्य साहित्यको सिर्जनात्मक वातावरण निर्माण गर्न वैभवशाली आधार खडा गरेको छ ।

## २.८. निष्कर्ष

बिर्तादिउराली गा.वि.स. काभ्रेपलाञ्चोक जिल्लाको विकट क्षेत्रभित्र पर्ने गाउँ हो । मध्य पहाडी प्रदेश भित्र पर्ने यो गा.वि.स. धरातलीय स्वरूपमा डाँडा, थुम्का र बेसी भेगले यूक्त छ । उष्ण र अर्धउष्ण हावापानी भएको यस ठाउँ जाडो र गर्मीको समिश्रणले वातावरणलाई विभाजन गरेको छ । नदीनालाको हिसाबमा सुनकोसी नदी र केही खोलाहरू बिर्तादिउराली गा.वि.स.लाई शोभा दिएका छन् । सामाजिक जनजीवन बिभिन्न जातिको छ्यास्मिस्ले बहुलबादि प्रकारको रहेको छ । भुसुने ओढार तथा चमेरे गुफा यहाँको प्राकृतिक सम्पदा हुन् । प्राकृतिक र मानबनिर्मित गरी यहाँ विभिन्न धार्मिक स्थलहरू रहेका छन् । त्यस्ता धार्मिक स्थलहरूमा भुमेस्थान देवी स्थान र खहरेबेसी भिमसेन स्थान प्राकृतिक रूपमा रहेको स्थापित स्थल हो भने पाटीगैरा राधाकृष्ण मन्दिर, भोलुङ कालिका मन्दिर, पचुवार शिवालय, खहरेबेसी राधाकृष्ण मन्दिर मानव निर्मित धार्मिक सम्पदा हुन् । आर्थिक दृष्टिकोणले बिर्तादिउराली त्यति सक्षम नदेखिएपनि परम्परागत खेतीपातीबाट माथि उठेर यहाँका मानिसहरूले नगदेबाली खेती र व्यवसायीक पशुपालन गरी आर्थिक उन्नति गरेका छन् । यहाँको अर्थतन्त्र उकास्न वैदेशिक रोजगारी पनि बरदान भएको छ । राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार बिर्तादिउरालीमा ५७% जनता शिक्षित भएको पाइन्छ । एउटा लघु जलविद्युत योजना कुटानी पिसानीका साना उद्योगले यहाँका उद्योगकर्मीको परिश्रमलाई देखाएको छ । लोकसाहित्यका विविध विधाहरूले बिर्तादिउरालीलाई ब्यूँझएका छन् । धार्मिक साँस्कृतिक, साहित्यिक दृष्टिले बिर्तादिउराली हराभरा नै छ । साहित्यका अनेक विधाहरू लोक गीत, लोक कविता, लोक नाटक, गाउँखाने कथा, लोक कथा, उखान टुक्का यहाँका जिब्रोको अभिन्न अंग बनेका छन् । तसर्थ लोकसाहित्यका दृष्टिले बिर्तादिउराली अग्रणी रहेको छ ।

## परिच्छेद : तीन

# लोकसाहित्य र उखान

## ३.१. नेपाली लोकसाहित्यको संक्षिप्त परिचय

लोकसाहित्य शब्द "लोक" र "साहित्य" को समास भएर बनेको शब्द हो । नेपाली बृहत शब्दकोशका अनुसार लोकको अर्थ हुन्छ । (क) ब्रह्माण्डको कनै एक भाग अथवा खण्ड, संसार, जगत, दुनियाँ, (ख) पुराण अनुसार – स्वर्ग, मर्त्य र पाताल तीन स्थान वा पृथ्वी सहित उभोका भूर्लोक, भूवर्लोक, स्वर्लोक, महलोक, जनलोक, तपलोक, र सत्यलोक सात र उधोँको अतल, वितल, सुतल, तलातल, रसातल, माहातल, र पाताल सात समेत चौध भुवन, (ग) ग्रह मण्डल (जस्तो : सुर्यलोक, चन्द्रलोक, ध्रुवलोक आदि, (घ) मुख्य देवताको निवास स्थल (जस्तो : शिवलोक, विष्णुलोक, र ब्रह्मालोक आदि), (ङ) प्राणी जीवित हुँदा भोग गर्ने र मरेपछि पुग्ने ठाउँ इहलोक र परलोक, (च) समान संस्कृति, भवना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसहरूको समुदाय, जनसमूह । यस लोक भन्नाले सम्पूर्ण तीन लोक, चौध भुवन र जनसमूह समेतलाई बुझाउँछ ।[२१]

नेपाली लोकसाहित्यका सम्बन्धमा नेपाली बृहत शब्दकोशमा यसरी उल्लेख गरिएको छ –"सर्वसाधारयण जनताको कोमल भावव्यक्त गर्ने सरस भाव र सरल भाषा भएको विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकुल गाइने, सुनाइने वा देखाईने लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीत लोक कथा, लोक नृत्य आदिले यूक्त साहित्य, लोकवार्ता ।"[२२]

यसरी लोकसाहित्य भन्नाले जनताको हृदयबाट निस्केको कोमल भाव जुन सरस, सरल भइकन पनि रमणीय अर्थ दिने अभिव्यक्ति भन्ने बुझिन्छ । जुन मौखिक परम्परामा खारिदैं विकसित भएको छ ।

२१. वासुदेव त्रिपाठी र अन्य (सम्पादक), **नेपाली वृहत शब्दकोश** (काठमाण्डौ : ने.रा.प्र.प्र,२०४०) पृ. ११८८

२२. ऐजन पृ. ११८८

"लोकसाहित्य एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुदै आएको कथा, व्यथा तथा दुःख सुख एवं चाड पर्व र जीवनका विविध क्षणमा गाइने जन कण्ठका गीतहरू को सङ्गालो हो ।"[२३]

लोक साहित्यमा लोक तत्वको प्राधान्य रहेको हुन्छ । तसर्थ लोक स्तरको विचार, व्यवहार, धारण, आदिको समष्टि अभिव्यक्तिनै लोकसाहित्य हो भन्नु पर्दछ ।[२४]

लोकसाहित्य परम्परालाई जोगाउने देखि लिएर नीतिशिक्षा सम्बन्धी काममा मद्दत पऱ्याएको हुन्छ । लोकसाहित्य समाजको बिचमा जन्मन्छ र त्यहीँ फैलिन्छ ।[२५] तसर्थ यसमा विविध सामाजिक पक्षहरू विद्यमान हुन्छन् ।

समयक्रम सँगै लोकसाहित्यमा केहि थपिने र केही विलाउने प्रक्रिया चलिरहन्छ । त्यसैले लोकसाहित्य आदिमता र नविनताको समिश्रण हो भन्नुपर्ने हुन्छ । यस क्रममा के भन्न सकिन्छ भने बौद्धिक ऋचाहरू झैं वैयक्तिक रूपमा र श्रुतिपरम्पराद्वारा हुर्कदै व्यक्ति–व्यक्तिलाई प्रभावित पार्ने लोकसाहित्य लिखित साहित्यको पूर्वतम रूप हो ।[२६]

लोकसाहित्य मानब सभ्यताको अथाह सामाग्री भएर परम्पराको संवाहक बनेको हुन्छ । हरेक वर्तमानको पूर्वपीठिकामा रहेको हुन्छ । त्यसै पीठिकाको आधारमा र सत्प्रेरणामा मान्छे आ–आफ्नो सँस्कार, संस्कृति र परम्परा सब निजी पहिचान प्राप्त गर्दछ ।[२७]

लोकसाहित्यका निर्माता अज्ञात छन् र धर्तीका अनेकौं व्यक्तिहरूको लगानी यसमा सञ्चित छ । सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिँच्न लोकसाहित्य सक्षम छ । यसमा न औपचारिकताको झन्झट छ, न परिमार्जनको चक्कर छ, न पाण्डित्यको क्लिष्टता नै छ । सहजता, सजीवता र प्रवाहमयता लोकसाहित्यका विशिष्ट गुण हुन् ।[२८]

२३. धीरेन्द्र प्रेमर्षि **"मैथिली साहित्यका विविध आयाम र विकास प्रयास" सयपत्री** (वर्ष १, अङ्क १, पूर्णाङ्क १ २०५२) पृ. १४ ।
२४. मोतिलाल पराजुली, **नेपाली लोकगाथा** (पोखराः श्रीमती तारादेवी पराजुली २०४९) पृ. ६ ।
२५. ऐजन, पृ. ७
२६. शम्भुप्रसाद कोइराला **लोकसाहित्य : सिद्धान्तर विश्लेषण** (विराटनगर : धरणीधर पुस्तकालय पतिष्ठान, २०५५) पृ. २ ।
२७. राजेन्द्र सुबेदी, **नेपाली लोकगीतमा प्रगतिवादि चेतना,** (प्रलेस : ४ :८ २०५४) पृ. १००
२८. जीवेन्द्र देव गिरी, **लोकसाहित्यको अवलोकन** (काठमाण्डौ : एकता प्रकाशन २०५७) पृ.७

समाजमा परम्परादेखि हस्तान्तरित हुदै आएको अभिव्यक्तिनै त्यस समूदायको लोकसाहित्य हो । लोकसाहित्य जनसमूदायमा सिर्जना हुन्छ, त्यही समूदायमानै फक्रने, फूल्ने, जीवित रहने गर्दै अन्य समूदायमा पनि झाङ्गिन पुग्दछ । लोकसाहित्य जीवनका संस्कारहरू ब्रत, उपबास, अभिवादन, धर्म, विश्वास र मान्यता सबै अभिव्यक्तिमा अटाउन सक्छ । यो जीवनको उकाली, ओराली, आँसु, हाँसो, रोदन, उत्थान, पतन, जीवन–मरण, तीता–मिठा, मसिना आदिका अनुभवलाई स्वच्छ ढङ्गले प्रकट गर्ने कार्यमा अग्रणी भएको पाइन्छ ।

प्रत्येक भाषाभाषि समूदायले आफ्नो परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा, लोककविता, लोकनाटक र लोकोक्ति जस्ता विविध रूपहरू प्राप्त गरेका हुन्छन् । यिनै लोकोक्तिमा उखान, टुक्का र गाउँखाने कथा गरी तीन स्वरूप देखिन्छन् । यीनले बालक, बृद्ध, शिक्षित, अशिक्षित, धनि, गरिब, सपाङ्ग, अपाङ्ग, महिला, पुरुष, हरक्षेत्रलाई प्रभावित पारेको हुन्छ ।

विभिन्न विधा–उपविधाहरूको समष्टि रूपनै लोकसाहित्य हो । यो युगौं युगदेखि श्रुतिपरम्परामा हुर्किदै आएको छ । यो गद्यात्मक, पयात्मक, आदि रूपमा देखा पर्दछ । यसमा सामाजिक यथार्थता, प्राकृतिक सौन्दर्यता, ऋतुकालिन विशेषता, धर्म–सँस्कृति, पेशागत विविधता, पशुपंक्षी र जीवनजगतका प्रतिविम्ब मुखारित भएको समग्र रूप नै साहित्य हो ।

**निष्कर्ष** – लोक आवाजबाट सिर्जना भै लोकहृदय वा व्यवहारलाई आल्हादिन र प्रवाहित पार्ने लोक शब्द शक्तिलाई लोकसाहित्य भनिन्छ ।

## ३.२. लोकसाहित्यका विधाहरू

लोकसाहित्यका विविध विधाहरू छन् । जसमा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, उखान, टुक्का र पहेलीको नाम मुख्य छन् । नेपालीमा लोकोक्ति शब्द प्रचलित छ । यस अन्तर्गत उखान, टुक्का र गाउँखाने कथा गरी तीन बिधा दखिन्छन् । यिनै तीन विधामध्ये उखान एक विधा हो ।

## ३.३. उखानको उत्पत्ति

उखानको उत्पत्ति कहिले भयो भनेर कोही विद्वान र कुनै शास्त्र किटानीका साथ बनाउन सक्दैनन् । मानब बोलीका सँग-सँगै उत्पत्ति भएको कुरा लौकिक कथन र साहित्यले अङ्कित गरेबाट अनुमान मात्र गर्न सकिन्छ । वेद र पुराणहरूमा पनि बिभिन्न सूक्तिहरू भेटिन्छन् भनिएको छ । तिनै सूक्तिहरू मध्ये कतिपय चाँही व्यक्ति- विशेषका अफ्नै ज्ञान र अनुभव छन् भन्ने अनुमान छ । सँस्कृत साहित्यका वैदिक ग्रन्थहरूमा पनि जनजीवनका अनुभव बटुलिएका उखानहरू पाउन सकिन्छ । बिद्वानहरूको अध्ययन अनुसार पञ्चतन्त्र, तन्त्राख्यान, हितोपदेश जस्ता ग्रन्थहरूमा उखानहरू भेटिन्छन् । तर ती उखानहरू कसरी जन्मे अनि विस्तार भए भन्ने ठोस प्रमाण भेटिँदैन । तापनि अध्येताहरूको अनुसार लोककथा, ऐतिहासिक घटना र प्राज्ञ-बचनबाट उखान सिर्जना भै फैलाउदै गएको तर्क छ ।[२९] यसको संक्षिप्त परिचय तल दिइन्छ –

### *३.३.१ लोककथा*

उखानहरू लोककथाबाट सिर्जना भएको मानिन्छ । लोककथाको मर्मस्पर्शी अंश वा चरमलाई अत्यन्त सुक्ष्म र सूत्रात्मक वाक्यमा प्रस्तुत गर्दा उखानको उत्पत्ति भएको देखिन्छ । उखान शब्द उपाख्यानबाट विकसित भएको हो । तसर्थ उखानको मूल कथा नै हुन् भन्न सकिन्छ । विभिन्न उक्तिहरू कथासँगै जोडिनुले उखानको सृजना कथाबाट भएको अनुमान गर्न सकिन्छ । संस्कृत वाङ्मयमा कथाहरूमा पनि उपदेशलाई कथाका रूपमा जोडिएको पाइन्छ । उपदेश वा उक्तिलाई उखानका रूपमा कथाबाट प्रस्तुत गरिएको हुँदा लोककथा उखानको श्रोत मानिएको हो ।

### *३.३.२ ऐतिहासिक घटना*

उखानहरू ऐतिहासिक घटनासँग सम्बन्ध भएको पाइन्छ । इतिहासमा घटेका विशेष घटना र चरित्र चित्रण उखानको उत्पत्तिको श्रोत भएको छ । ऐतिहासिक व्यक्तिले गरेका विशिष्ट कार्यलाई विभिन्न घटनासँग जोडेर उखानको सिर्जना भएको छ । तिनले उखानको श्रोतलाई पष्ट्राएका छन् ।

### *३.३.३ प्राज्ञ वचन*

समाजमा रहेका विशिष्ट व्यक्तिका कथन वा सारगर्वित भनाई उखान हुन । यी विशिष्ट व्यक्तिहरूमा समाजका बौद्धिक व्यक्ति, सर्जक, अनुभवि बूढापाका, साहित्यकार, किसान, मजदुर जो पनि हुन सक्छन् । शास्त्रीय सूक्ति वा लोकसाहित्यमा उखान परम्परागत भनिदै सुनिदै आएको जे भएतापनि भन्ने व्यक्ति को हो, वर्तमानमा थाहा हुन्न तर त्यो भन्ने व्यक्ति चाहिँ प्राज्ञ नै हो । तसर्थ प्राज्ञहरू उखानका श्रोत हुन् ।

## ३.४. उखानको नामाकरण

नेपाली भाषामा उखान शब्दको प्रयोग अंग्रेजी भाषाको प्रोभर्व (proverb) को अनुबादको रूपमा रहेको छ । नेपाली केन्दीय भाषिकामा यसलाई साइतर (शास्त्र) मानिएको छ । उखान विश्वभरिनै प्रचलित भएकोले यसलाई विभिन्न भाषाहरूमा छुट्टाछुट्टै नाम दिएको पाइन्छ ।

उखानलाई संस्कृतमा “सुभापित लोकोक्ति” भनिन्छ । यस्तै राजस्थानी भाषामा “ओखानो” गुजरातीमा “उखाणु”, हिन्दीमा “उपाखान”, उर्दूभाषामा “जर्बुला मिस्ला”, थारु भाषामा “बटकही” बङ्गाली भाषामा “लोकोक्ति वा प्रवाद” मराठीमा “आहणा” गडवालीमा “पाखाना” भोजपूरीमा “कहाउत” मैथिली भाषामा “कहवी” शब्दहरू प्रचलित छन् । व्युत्पत्तिका दृष्टिले उखान शब्द उपाख्यान (उवखाण → उखाण → उखान) र आहान शब्द आख्यान (अक्खाण → आखाण → आहान) सँग सम्बद्ध देखिन्छन् ।[३०]

## ३.५ उखानको परिभाषा

समाजमा उखानको प्रचलन अत्यन्त प्राचिन कालदेखि हुँदै आएको मानिन्छ । तसर्थ उखानलाई परिभाषित गर्न त्यत्ति सजिलो छैन । उखानका कतिपय परिभाषाहरू उखानकै रूपमा निर्मित छन् भने कतिपय परिभाषा विद्वानहरूले आ–आफ्नै किसिमले दिएका छन् ।

३०. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौ : एकता बुक्स, २०५८) पृ. ३३३

उखानलाई नेपाली वृहदशब्दकोशले लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला र गहकिला चमत्कारपूर्ण उक्तिका लोकोक्ति, आहान, कहावत का रूपमा अर्थ्याएको पाइन्छ ।[३१]

नेपाली साहित्यकोषमा सत्यमोहन जोसीले उखान टुक्कालाई अर्थ्याउने शिलशिलामा उखान भनेको “पदलालित्यले हिसी परेको लाक्षाणिक भावपूर्ण भएको एक लोकोक्ति हो । एक किसिमको उखान भनेकै एक हृदयकोश हो, जसको प्रयोग ठाउँ र बेला हरी हुन्छ ।”[३२] बाइबलमा पनि उखानको परिभाषा यसरी व्यक्त गरिएको छ । “उखान बुद्धिमान व्यक्तिका शब्दहरूको व्यख्या हो ।”

अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरीमा उखानलाई “सल्लाह, चेतावनी, सामान्य सत्य प्रकट गर्ने प्रसिद्ध छोटो वाक्य वा पदावलीको रूपमा अर्थ्याएको पाइन्छ ।”

वाक्स्तरको संरचना हुने त्यस सूत्रात्मक कथनलाई उखान भनिछ । जसको अर्थ स्रोतसँग गाँसिएको हुन्छ ।[३३]

जीवेन्द्रदेव गिरीका अनुसार उखानको आकार प्रकार लोककथा, लोकगाथा, लोकनाटक, र धेरैजसो लोकगीतको भन्दा सानो हुन्छ तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ ।[३४]

कृष्ण प्रसाद पराजुलीका अनुसार कुनै पनि जातिका भाषिक समूदायका विभिन्न व्यक्तिले पुस्तौं देखि साझा अनुभवको रूपमा सँगालेको आख्यान अर्थात दृष्टान्तमूलक अभिव्यक्तिको सामान्यकरण नै उखान हो ।[३५] तेजप्रकाश श्रेष्ठले ‘आछामी लोकसाहित्य’ मा “लोकमानसको संक्षिप्त विदग्ध तथा लोकप्रिय उक्तिलाई उखान मानेका छन् ।”[३६]

३१. बासुदेब त्रिपाठी र अन्य (सम्पादक) **नेपाली बृहत शब्दकोश** (काठमाण्डौ : ने.रा.प्र.प्र., २०४०) पृ. १३३

३२. सत्यमोहोन जोशी, **नेपाली साहित्कोश**, (काठमाण्डौ : ने.रा.प्र.प्र., २०५५) पृ. ४३२

३३. मोहनराज शर्मा, **शब्दरचना र वर्णविन्यास**, (काठमाण्डौ : नविन प्रकाशन २०५३) पृ. ६९

३४.जीवेन्द्रदेव गिरी, **नेपाली उखानमा प्रगतिवादी स्वर,** प्रलेस (वर्ष ४, पूर्णाङ्क ८, २०५४) पृ. ९२

३५. कृष्ण प्रसाद पराजुली, **राम्रो रचना र मीठो नेपाली**, (काठमाण्डौ, सहयोगी प्रकाशन २०५०) पृ. ४३२

३६. तेजप्रसाद श्रेष्ठ, **आछामी लोकसाहित्य**, (काठमाण्डौ : रत्न पुस्तक भण्डार, २०४४) पृ. १६४

कृष्णदेव उपाध्यायले 'लोकसाहित्यको भूमिका' मा हजारौं बर्षदेखि बोलचालमा आइरहेको उखान मनुष्य जीवनको मुख्य साथी हो ।[३७] भनेका छन् ।

हंसपुरे सुबेदीले 'नेपाली लोकसंस्कृतिमा सालीभिना' मा उखानको परिभाषा यसरी दिएका छन् । "उखानलाई लोक जीवनमा चलेका अनुभवपूर्ण चुट्किलन वा लोक चित्रण, लोकअनुभव र यथार्थको सत्यतथ्य कडी मानिन्छ, जहाँ अनुभवपूर्ण तथा बूढापाकाका उपदेश रहेका हुन्छन् ।"[३८]

शम्भुप्रसाद कोइरालाले 'जीवनका महत्वपूर्ण उपलब्धि र त्यसबाट प्राप्त तथ्यपूर्ण अनुभवहरूलाई सारगर्भित अभिव्यक्ति प्रकट गर्ने माध्यमलाई उखान भनिन्छ ।'[३९] भन्ने मत जाहेर गरेका छन् ।

बालकृष्ण पोखरेलले 'राष्ट्रभाषा' मा "लोकसाहित्यको धरातल खडा गर्ने मेरुदण्डकै रूपमा उखानलाई प्रस्तुत गरेका छन् ।"[४०]

पारसमणि प्रधानले उखानलाई भाषाको ज्यान र जातिका अनुभवको सारको रूपमा उल्लेख गरेको पाइन्छ ।

फीस्तेका अनुसार "उखान व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति हो ।" रसेलका अनुसार "उखान एकको सुझमा अर्काको बौद्धिक चातुर्थ सन्निहित हुन्छ ।" भनेका छन् ।

चूडामणि बन्धुका अनुसार "उखान भनेको जातीय जीवनको सत्यता तथा अनुभवसिद्ध ज्ञानका रूपमा तथा सार्वकालिक, अभिव्यक्तिका रूपमा संक्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो ।"[४१]

लोकनाथ अधिकारीका अनुसार "लोक जीवनका व्यापक अनुभवहरूबाट सिर्जना भएको त्यस्तो उक्ति हो जुन सूत्रबद्ध, खिरिलो, चुट्किलो, र सारगर्भित हुनुको साथै समाजको अलिखित संविधानको रूपमा उखान रहेको हुन्छ ।

३७. कृष्णदेव उपाध्याय, **लोकसाहित्यको भूमिका**, (साहित्यभवन प्रा.लि, २०१४) पृ. १६४
३८. हंसपुरे सुबेदी, **नेपाली संस्कृतिमा सालिभिना** : संक्षिप्त चर्चा, सयपत्री ( वर्ष ३, अङ्क ३, पुष–चैत्र, २०५६) पृ. २४
३९. शम्भुप्रसाद कोइराला, पूर्ववत, पृ. १२९–१३०
४०. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा**, (काठमाण्डौ, साझा प्रकाशन २०४३), पृ. १२४
४१. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत, पृ.३३४

यसले समाजलाई उपमा आदिका माध्यमबाट नीतिनिर्देशन गर्नाका साथै शिक्षा पनि प्रदान गर्दछ । यसले सामाजिक परिवर्तनको प्रभावसँगै स्थानीय परिवेशलाई बोकेको हुन्छ ।"[४२]

**निष्कर्ष** – उखान निचोरेर निस्केको शब्द रस हो, जुन सोमरस सरह हृदयऔषधि हुन्छ र चमत्कारपूर्ण शिक्षाप्रदायक बन्दछ ।

## ३.६ उखानका तत्वहरू

उखान लोकसाहित्यको विधा अन्तर्गत पर्दछ । उखान लोकसाहित्यको अन्य बिधाका तुलनामा लघु आकारका हुन्छन् । यसका तत्वमा ध्यान दिँदा "कथ्य, शैली र उद्देश्य" गरी तीन प्रकारका देखिन्छन् । उखानमा जे भनिएको छ, त्यो उखानको कथ्य हो । उखानहरूमा भन्नुपर्ने कुराहरू ठाडै रूपमा भन्न सकिन्छ । लक्षण एवं व्यञ्जनका रूपमा पनि भन्न सकिन्छ । जसरी भनेपनि उखानका तत्वले अर्थलाई स्पष्ट्याउन मद्दत गर्दछ ।

उखान भन्ने तरिका नै शैली हो । उखान जुन ढङ्गले भनिन्छ, त्यही शैलीमा उखान निर्माण हुन्छ । उखानका यस्ता शैलीहरू सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । विशिष्ट खालका उखानहरू आलङ्कारिक हुन्छन् । जसले जनमानसलाई चमत्कृत पारिदिन्छन् ।

उखानको आफ्नो उद्देश्य हुन्छ । उखानका माध्यमबाट वक्ताले केही कुरा भन्न चाहिरहेको हुन्छ । उपदेश दिन, सुचना दिन, कुनै आलोचना गर्न वा कुनै विषयमा टिप्पणी गर्न कुनै न कुनै उद्देश्य अवश्य रहेको हुन्छ ।

## ३.७. उखानका विशेषताहरू

नेपाली उखानहरू विभिन्न विशेषताले यूक्त हुन्छन् । तिनले लोक जीवनमा जनमानसको विविध पक्षलाई उद्घाटन गरिरहेका हुन्छन् । धर्म संस्कृति, परम्परा, नीतिनियम, ज्ञान–विज्ञान, जीवन–मरण आदिको पक्षमा अनुभवसिद्ध ज्ञानहरू दिइरहेका हुन्छन् । तिनै ज्ञानका पक्षहरू उखानका विशेषताहरू हुन् । बिभिन्न विद्वानहरूले दिएको उखानको विशेषताहरू निम्नप्रकारका छन् :-

४२. लोकनाथ अधिकारी, **गोरखा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपूर, २०६०) पृ.२७

क) नेपाली लोकसाहित्य पुस्तकमा चूडामणि बन्धुले उखानको विशेषता पाँच प्रकार उल्लेख गरेका छन् । जस्तै :–

१. अनुभवसिद्ध ज्ञान
२. जातिय जीवनको सत्य
३. सार्वभौम र सार्वकालिक अभिव्यक्ति
४. संक्षिप्तता र सरलता
५. जीवन्तता र लोकप्रियता ।[४३]

ख) प्रा. मोहोनराज शर्मा र डा.खगेन्द्रप्रसाद लुइटेलले दिएको उखानको विशेषता निम्न प्रका रहेको छ :–

१. संक्षिप्तता
२. सारगर्भितता
३. उत्तेजक
४. सामान्य सत्यमा आधारित
५. साझा लोक अनुभव
६. परिपक्क ज्ञानमा आधारित
७. सरल र सहज
८. लोकप्रिय
९. सार्वजनिक
१०. विविधता यूक्त ।[४४]

ग) उखानका विशेषता देखाउने क्रममा कृष्णप्रसाद पराजुलीले दिएको विशेषता यस प्रकार देखिन्छ ।

१. सारगर्भितता
२. संक्षिप्तता
३. सरलता
४. रूपविविधता
५. सजीवता
६. लोकप्रियता ।[४५]

घ) उखानको विशेषता दिने क्रममा मुकुन्द आचार्यको ठम्याई निम्न प्रकार रहेको छ –

१. संक्षिप्तता
२. सारगर्भितता
३. सप्राणता
४. लोकप्रियता ।[४६]

ङ) भारतीय विद्धानहरूले पनि उखानका विशेषता देखाएका छन् । तीमध्ये तीन प्रमुख विद्धानहरूले दिएका विशेषता याहाँ उद्धृत गरिन्छन् । डा. कृष्णदेव उपाध्यायले दिएको उखानको विशेषता तीन वटा रहेका छन् –

१. समास शैली
२. अनुभूति
३. निरीक्षण तथा सरलता ।[४७]

४३. चूडामणि बन्धु , पूर्ववत, पृ.३३४–३३५
४४.मोहोनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ.५२०–५२२
४५. कृष्णप्रसाद पराजुली, पूर्ववत, पृ.३३
४६. मुकुन्द आचार्य, **भोजपुरी उखान टुक्का** (काठमाण्डौ : ने. रा. प्र. प्र. २०५३) पृ-१४-२१
४७. कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा** (काठमाण्डौ : रत्न पुस्तक भण्डार २०५४,ते.सं) पृ. ३२

डा. श्याम परमारका दृष्टिमा उखानका विशेषता पाँचवटा छन् । जस्तैः-

१. लाघवत्व | २. अनुभूति र निरिक्षण | ३. सरलभाषा
४. प्रभावोत्पादक शैली र | ५. लोकरञ्जन ।[४८]

डा. कुन्दनलाल उप्रेतीका विचारमा उखानका प्रमुख दशवटा विशेषता देखिन्छन् । जस्तैः-

१. ज्ञान र अनुभव | २. सार्वभौमिक एवं सार्वकालिक
३. अज्ञात रचयिता | ४. रसको अक्षय भण्डार
५. लाघत्व | ६. सरलता
७. सप्राणता र जीउँदोपन | ८. विदग्धता वा भङ्गिमा
९. सारगर्भितता | १०. लोकप्रियता ।[४९]

च.) उखानका विशेषता देखाउने क्रममा पश्चिमका दुई विद्धानहरूको विशेषता याहाँ उल्लेख गरिन्छ । हावेलले उखानका तीन प्रमुख विशेषता औल्याएका छन् । जस्तै :-

१. संक्षिप्तता (Brevity) २. सारगर्भिता (Sense) ३.सप्राणता (Piquancy) ।[५०]

अर्का विद्धान हेस्टिङले चाहिँ हावेलका विशेषता माथि एक विशेषता थपेर चार विशेषता औल्याएकाछन् । जस्तै :-

१. संक्षिप्तता | २. सारगर्भिता
३. सप्राणता | ४. लोकप्रियता (Popularity)।[५१]

यसरी विभिन्न विद्धानहरूका दृष्टिमा देखापरेका उखानका विशेषतातिर ध्यान दिँदा समग्रमा निम्न विशेषताहरू उखानमा पाउन सकिन्छ :-

क) सारगर्भिता | ख) संक्षिप्तता
ग) अनुभवसिद्ध ज्ञान | घ) सार्वभौम र सार्वकालिक अभिव्यक्ति
ङ) सजीवता | च) उत्तेजक
छ) लोकप्रियता | ज) रूपविविधता
झ) स्थानीयता

४८. ऐजन
४९. ऐजन
५०. कृष्णप्रसाद पराजुली, नेपाली र गाँउखाने कथा (काठ :रत्न पुस्तक भण्डर २०५४, ते. सं), पृ. ३२ ।
५१. ऐजन

### *३.७.१. सारगर्भिता*

उखानहरू सारगर्भित हुन्छन् । सारगर्भित हुनु उखानको विशेषता हो । यसमा जीवन र अनुभवका सारपूर्ण कुराहरूको मर्म समाबेस गरिएको हुन्छ । यसमा बिभिन्न प्रसङ्गका गाँठी कुराहरूलाई समातेर कम महत्वका कुराहरूलाई पन्छाएको हुन्छ् । तसर्थ उखान खारिदै, माझिदै आएको सूत्रात्मक प्रस्तुती हो । बिर्तादिउरालीमा यस्ता सारगर्भित उखानहरू प्रशस्त पाईन्छन् । जस्तै :

१. ओल्लो घाट न पल्लोतिर ।
२. देख्नेको आखाफुटे सुन्नेको सही ।

### *३.७.२. संक्षिप्तता*

संक्षिप्तता बिर्तादिउरीमा प्रचलित उखानको अर्को विशेषता हो । हुन पनि उखानहरू संक्षिप्त नै हुन्छन् । संक्षिप्तता नै उखानको सूत्र हो । सूत्र शैलीमा उखानहरूले भन्नु पर्ने कुराहरू भनिरहेका हुन्छन् । थोरैमा धेरै अर्थ दिने कुरा भन्न सक्नु उखानको एक विशेषता हो । संक्षिप्तता र सूत्रात्मक ढङ्गमा भनिएका कुराहरूमा क्लिष्टता नभै सरलता हुन्छ । उखानहरूको अर्थ बुझ्न गाह्रो पर्दैन । सानो एउटा लोटामा विशाल समुन्द्र अटाउन सके जस्तै उखानमा त्यस प्रकारको अर्थ गत क्षमता लुकेको हुन्छ । जस्तै :–

१. मन कपटी तन बहुलठ्ठी ।
२. सागबीना सराद्धे अड्किन्न ।

### *३.७.३. अनुभवसिद्ध ज्ञान*

बिर्तादिउरालीमा प्रचालिन उखान अनुभवसिद्ध ज्ञानकासार हुन् । मानिसले अनेकौ पटक देखेका, भोगेका र अनुभव गरेका ज्ञानका अभिव्यक्तिका रूपमा उखानहरू भनिएका हुन्छन् । उखानलाई लामा अनुभवबाट खारिएका छोटा वाक्य भनिएको छ । अनुभवमा आधारित ज्ञान नै स्थायी हुन्छन् । तसर्थ अनुभवसिद्ध ज्ञानका रूपमा उखानको विशेषता महत्वपूर्ण छ । जस्तै :–

१. हगेहग मुते काट्छु ।                    २. काम न दाम मुखाभरी माम ।

### *३.७.४ सार्वभौम र सार्वकालिक अभिव्यक्ति*

उखानहरू सार्वभौम हुन्छन् । यिनको प्रयोग बिर्तादेउरालीमा पनि भइरहेको छ । सार्वभौम उखानहरू स्थानीय क्षेत्रीय रूपमा मात्र सीमित नभई मानव जातिको वर्ग, भाषा वा समाजमा सर्वत्र प्रयोग हुन्छ ।

उखानहरू सार्वकालिन पनि हुन्छन् । उखान कहिल्यै पुराना हुदैनन् । परम्परादेखि चलिआएका उखानहरू आज पनि उत्तिकै ताजा र नौला हुन्छन् । केही मानवीय अनुभवहरू जहाँ पनि जहिले पनि उही र उस्तै महान वाणीका रूपमा अभिव्यक्त भइरहेका हुन्छन् । जस्तै :–

१. नमच्चिने पिङको सय झड्का । २. मर्दाको मलामी बाँच्दाको जन्ती ।

### *३.७.५ सजीवता*

उखानहरू जीवन्त हुन्छन् । यिनको प्रयोग विशेष सन्दर्भमा हुन्छ । सान्दर्भिक प्रयोगले गर्दा कथ्य र लेख्य दुबै भाषालाई उखानले सजीव बनाउँछ । अभिव्यक्तिलाई सरल र प्रभावकारी बनाउन उखानहरू लोकप्रिय हुन्छन् । बिर्तादेउरालीमा प्रचलित उखानहरू सजीवताका नमूना हुन् । जस्तै :

१. आए पुसै गए उसै । २. जहाँ पुग्गेला उहीँ आगो फुग्गेला ।

### *३.७.६ उत्तेजक*

उखानहरू उत्तेजक पनि हुन्छन् । बोलचालका क्रममा उखानको प्रयोग सुनेर श्रोताभित्र उत्साह र स्फूर्ति जागेर आउँछ । यो घतलाग्दो, हृदयस्पर्शी, चोटिलो र स्वादिलो हुनाले उत्प्रेरक हुन्छ । छुच्याँई गरेर सतर्क गराउने खालका उखानहरू नै उत्तेजक वर्गमा पर्दछन् । बिर्तादेउरालीमा यस्ता उत्तेजक उखानहरू प्रचलित छन् । जस्तै :–

१. डिङ्गो नपरी चेत्दैन ।

२. गुलाई चलायो गन्द ।

### *३.७.७. लोकप्रियता*

बिर्तादेउरालीमा उखानहरू लोकप्रिय छन् । यो सर्वसाधारण व्यक्तिका मुखमा समेत बारम्बार आइरहेको छ । सबैले उखानलाई रूचाएका छन् । तसर्थ यो रूचिपूर्ण हुन्छ । आफ्नो

कथनलाई रोचक बनाउन जो सुकैले उखानको स्वभाविक र सहज रूपमा प्रयोग गरिरहेका हुन्छन् । जस्तै :

१. साँढेको जुधाई बाच्छाको मिचाई ।          २. म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ।

### *३.७.८. रूप विविधता*

बिर्तादिउरालीमा प्रचलित उखानमा विषयगत र रूपगत विविधता पाइन्छ । विषयका दृष्टिले सामाजिक, साँस्कृतिक, नैतिक, ऐतिहासिक, प्रकृति सम्बन्धी, पशुपंक्षी सम्बन्धी आदि अनेक प्रकारका उखानहरू प्रचलित छन् । रूपका आधारमा प्रश्नात्मक, अप्रश्नात्मक, तुकबन्दीयूक्त, तुकबन्दीमुक्त, सरल वाक्यत्मक, जटिल वाक्यात्मक आदि विविध प्रकारका पाइन्छन् । जस्तै :

१. छोटा (सामान्य) उखान – भ्यस्मीस, गाईगंगा बराबर ।

२. लामा उखान – अम्बै भनी टिपेको त रैछ कागती, भदौको बाह्रगते साउने संक्रान्ति ।

३. प्रश्नात्मक उखान – हीराको मोल किरालाई के थाहा ?

४. प्रश्नोत्तरात्मक उखान – के खोज्छस् कानो ? आँखो ।

५. लयात्मक उखान – बस्नेलाई पाटो, हिड्नेलाई बाटो ।

### *३.७.९. स्थानीयता*

उखानले स्थानीय परिबेश, स्थान, बस्तु आदिलाई ग्रहण गरेको हुन्छ । स्थानीय स्रोतलाई उखानले अङ्गीकृत गरेको हुन्छ । स्थानीयतालाई झल्काउनु उखानको विशेषता हो । बिर्तादिउरालीमा प्रचलित उखानमा स्थानीयताको रङ्ग पाइन्छ । स्थानविशेषका व्यक्तिले प्रयोग गर्ने उखान नै स्थानीय हुन्छन् । जुन स्थानमा प्रयोग हुन्छ, त्यसलाई स्थानीयता भनिन्छ । बिर्तादिउरालीमा स्थानीय उखान निम्न प्रकारका छन् ।

१. बेसीको खावा बिर्ताको हावा ।          २. भुमेस्थानकी माई सबैको हाईहाई ।

## *३.८ उखानको स्वरूप*

उखानको स्वरूप भन्नु नै त्यसको आकार वा आकृति हो । उखानको स्वरूप ठम्याउने मूल आधार त्यसको अभिलक्षणा वा पहिचान गर्न सकिने अन्य विषयबस्तुहरू हुन् । कुनै पनि

विधाको स्वरूप खुट्याउन त्यसको परिभाषा, प्रयोगक्षेत्र, वर्गीकरणका आधारहरूलाई निरूपण गर्नु पर्ने हुन्छ । त्यसको परिचयात्मक विषयको आधारमा उखानको स्वरूप निम्न प्रकारले उल्लेख गर्न सकिन्छ :

क) सामान्य सत्यमा आधारित छोटो हुन्छ ।

ख) अनुभवमा आधारित परिपक्क वार्णिक हुन्छ ।

ग) सारगर्भित कथन, सूत्रात्मक हुन्छ ।

घ) लयात्मक स्वरूपमा सिर्जना हुन्छ ।[५२]

## *३.९. उखानको प्रयोजन*

उखानको प्रयोजन भन्नु नै उद्देश्य हो । उखान एक निश्चित उद्देश्यका लागि भन्ने गरिन्छ । कथनको प्रयोग गर्दै जाँदा निचोडमा एक उक्ति प्रयोग भएको देखिन्छ । त्यो नै उखान हो । उखानको प्रयोजन कथनको सार्थकता सिद्ध गराउन महत्वपूर्ण हुन्छ । कथनलाई एक सूत्रात्मक ढाँचामा प्रयोग गरिदिनु उखानको प्रयोजन हो । उखानको प्रयोजनमा पनि मनोरञ्जनात्मकता, शिक्षामूलकता, यथार्थको प्रकटीकरण जस्ता उद्देश्यहरू मिश्रित रहेका हुन्छन् ।

## *३.१०. उखानको महत्व*

उखानको महत्व सर्वाधिक रहेको पाइन्छ । उखानमा सिङ्गो विषयको कथनको इतिवृत लुकेको हुन्छ । जीवनका विविध पक्षहरूको छोटकरीमा जानकारी यसले दिन्छ । यो ज्ञानको जीवित र सूत्रभण्डार हो । कथनका विषयलाई नालीबेली गर्नबाट समयलाई जोगाएर अन्य विषयलाई समेत धेरै विषयको वर्णन गर्नमा उखानको मद्दतबाट अप्रेक्षित सहयोग पुग्दछ । उखान अद्धितीय निष्कर्ष को फल हो । सामाजीक, मौलिक, मानवीय, एवं अन्य पक्षको बृहत आयामलाई घटाएर शिष्ट आधारमा कथनलाई बुझाउन उखानको महत्वपूर्ण भूमिका हुन्छ ।

## *३.११. उखानको अन्य विधासँग सम्बन्ध*

उखान लोकसाहित्यको एक विधा हो । यसको सम्बन्ध अन्य बिधासँग गाँसिएको देखिन्छ । यो स्वतन्त्र विधा भैकन पनि यसले ग्रहण गर्ने विषयको आधारमा उखानको क्षेत्र ज्यादै विशाल

५२. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ. ५२०

रहेको छ। नेपाली लोकसाहित्यका हरेक विधालाई समेटेर उखान निरन्तर प्रयोग भैरहेको छ। आकारगत रूपमा उखान लघु प्रकृतिका भैकन पनि विशाल क्षेत्रलाई जनबोलीमा सारांशीतगर्न सक्नु उखानको अद्वितीय सम्बन्धको धोतक हो । आध्यात्मिक, भौतिक दुबै क्षेत्रका लोकसाहित्यका सामग्रीहरूलाई निको ननिको दुबै ढङ्गबाट ग्रहण गरी प्रयोग गरिदिनु सम्बन्ध विस्तारको माध्यम हो । मानव सभ्यता, प्रकृति, कृषिजन्य, जीव निर्जीव, भाषा साहित्य, मनोविज्ञान, सामाजिक विषयबस्तु, धर्म, दर्शन, उपचार, हावापानी, नदीनाला र अन्य उल्लेखित हुन बाँकी रहेका विधा समेतलाई उखानले आफ्नो प्रयोग क्षेत्र बनाएको पाइन्छ । यही नै उखानको अन्य विद्यासँगको सम्बन्ध हो।

## *३.१२. उखानको प्रयोग क्षेत्र*

उखानको प्रयोग बोलचाल र लेखन दुबै तहमा भएको पाइन्छ। उखान अपठितहरूको बोलीबाट पनि प्रयोग भैरहेको छ। पठितहरूको संख्यामा विस्तारका कारण उखान लेख्य भाषामा समेत प्रयोग हुन पुगेको छ। सामान्य बोलचाल र साहित्यिक लेखन दुबै क्षेत्रमा उखानको प्रयोग देख्न पाइन्छ। वार्तालापमा व्यञ्जना र चमत्कारमा आकर्षकता ल्याउन उखानको प्रयोग सामान्य भएको पाइन्छ । लेखन शैलीलाई गहनता दिन, वजनदार बनाउन र प्रभावोत्पादक बनाउन उखानको प्रयोग सबै कालका साहित्यकारुहले गरेको पाइन्छ। साहित्यका विधा कथा, कविता, नाटक, उपन्यास लगायत सबै क्षेत्रमा उखानको प्रयोग भएको हुँदा यसको क्षेत्र किटान गर्न कठिन छ । मान्छेको बोली विकसित हुँदा निस्कने उखानको हरक्षेत्रको प्रयोगमा आउने उखानको हरक्षेत्रको प्रयोग निम्न विधाहरूमा भएको देखिन्छ :–

### *३.१२.१ निबन्धको क्षेत्रमा उखानको प्रयोग*

निबन्धको क्षेत्रमा पनि उखानको प्रयोग भएको पाइन्छ । निबन्धकार भैरब अर्यालको "गलबन्धी" निबन्ध संग्रहमा उखानको प्रयोग यसरी गरिएको छ –

**"लाटाँ देशाँ गाँडो तन्नेरी"** भन्ने उखान सुने भने विश्वका समस्त गाँडहरू धमाधम मानचित्र पल्टाएर धुइधइती खोज्न थाल्दा हुन। त्यो लाटाको देश कुन महाद्विपमा कहाँनेर पर्छ।[५३]

५३. भैरव अर्याल, **गलवन्दी** (ल. पु : मुनाप्रेस २०३४) पृ. २३

त्यस्तै हृदयचन्द्र सिंह प्रधानको ‘‘जुँगा निवन्ध संग्रह” अन्तरर्गत ‘सिरक‘ शीर्षकको निवन्धमा उखानको प्रयोग निम्न प्रकारले गरिएको छ । किन मैले ईश्वर सित मानिस हुन इच्छाँए हुँला खुब सुख पाउँला भनेर होला । **“चोक्टा खान गएकी बूढि झोलमा डुबेर मरी ।”** मेरो निमित्त खुब मिल्दो उखान छ । अझ सारा प्राणिहरूमाथि रजाँई गर्नलाई म मानिस हुन चाहेको हूँला । तर ईश्वरले मलाई धोखा दिए । त्यस्तो जाडो ठाउँमा पनि एउटा सिरक सम्म पनि ओढेर सुत्न पाइन्न भन्ने केही पनि मलाई थाहा र जनाउ दिएनन् ।[५४]

### *३.१२.२ . नेपाली खण्डकाव्यको क्षेत्रमा उखानको प्रयोग*

नाटककार तथा काव्यकार बालकृष्ण समको “आगो र पानी” खण्डकाव्यमा उखानको प्रयोग निम्न प्रकारले गरिएको छ ।

उसको घोडा अघिअघि हिड्थ्यो
त्यसमा गोला अघि पुग्थ्यो
**“शस्त्र जसको संग्राम उसैको**
**जसको लठ्ठी उसैको भैंसी”**
नेपालीले बीर नाम कमाई
आधा नेपाल हार तिरे ।[५५]

### *३.१२.३ . नेपाली नाटकको क्षेत्रमा उखानको प्रयोग*

नाट्यसम्राट बालकृष्ण समले “प्रेमपिण्ड” नाटकमा उखानको प्रयोग निम्न प्रकारले गरेका छन् ।

गोबिन्द –नहुने गाल पार्ने कुरामा मन डुलाएर हिँड्दा आफैंलाई दुःख हुन्छ, बाबै । तिमीलाई राम्रो लागे जस्तै अरुलाई पनि त लाग्ला नि – अनि भोलिखासी तालिमे भएर अंकमाल गराएर माथि बारदलीमा हिँड्दा आफूले तल चोकमा उभिएर थुक घुटुघुटु निल्दै मास्तिर हेर्नुपर्दा के जाती भो ! **“आकासको फल आखाँतरी मर ।”**[५६]

५४. हृदयचन्द्र सिंह प्रधान, **जुङ्गा**, (ल.पु–पुल्चोक, साझ प्रकाशन, २०४९) पृ. ११
५५. बालकृष्ण सम, **आगो र पानी खण्डकाव्य**, (काठः साझा प्रकाशन २०४९) पृ. ४७
५६. बालकृष्ण सम, **प्रेमपिण्ड नटक**, (पुः साझा प्रकाशन २०६४ पाँचौ सं) पृ. ३७

### *३.१२.४. उपन्यासको क्षेत्रमा उखानको प्रयोग*

उपन्यासकार इन्द्रबहादुर राईको "आज रमिता छ" भन्ने उपन्यासमा उखानको प्रयोग निम्न प्रकारले उल्लेख गरिएको छ ।

'लोग्ने स्वास्नीको झगडा एकै छिनको, एकै छिनको हो । फर्कदै गर्दा आएको नयाँ एउटा मान्छेले के भनुँ के भनुँ भएर होला, भन्यो **"लोग्ने स्वास्नीको झगडा परालको आगो"** त सबैले जानेकै हो ।[५७]

### *३.१२.५. कथाको क्षेत्रमा उखानको प्रयोग*

कथाकार गुरूप्रसाद मैनालीको "नासो कथा संग्रह" अन्तर्गत "परालको आगो" कथामा उखानको प्रयोग भएको भेटिन्छ । जुन निम्नानुसार छ –

चामे रिसाएर फनफनाउन थाल्यो –राँडीको ढंग हेर, **"मालपाएर के गर्नु, चाल पाए पो हुन्छ ।"** आफ्ना बाबु बराजुले बिर्के टोपी लगाएको भए पो थाहा पाउँथी । बाबु खाँडीको टोपी लगाएर भाङ्ग्राको गादो पारेर हिँड्छ । छोरी किन गतिली हुन्थी ? **"बाहुनले च्याउ खाओस् न स्वाद पाओस् ।"**[५८]

### *३.१२.६. नेपाली कविताको क्षेत्रमा उखानको प्रयोग*

साहित्यकार कृष्ण प्रसाद पराजुलीको "बादलका बुट्टाहरू कवितामा" उखानको प्रयोग निम्नानसार गरेको देखिन्छ ।

**"बाउन्न ठक्कर त्रिपन्न घुस्सा"** का बीचमा
फेरी वर्षातको भेलमा बाँकटे हान्न खोजिरहेछ, यसले
लेकबाट झरेको बादल बैँसीबाट उडेको धुलो पचाउँदै
जीवन यात्राको शुभकामना बोकिरहेछ यसले ।[५९]

५७. इन्द्रबहादुर राई, **"आज रमिता छ : उपन्यास"** , (काठः साझा प्रकाशन २०६७ छैटौं सं) पृ. ६४

५८. गुरूप्रसाद मैनाली, **परालको आगो कथा**, काठ : माधवप्रसाद मैनाली २०६२ (सत्रौ सं) पृ. ४९

५९. कृष्ण प्रसाद पराजुली, **बादलका बुट्टाहरू : कविता संग्रह**, का : शाश्वत पराजुली २०५२ (दो.सं.) पृ. १६८

### ३.१३. निष्कर्ष

लोक र साहित्य शब्दको समास भएर बनेको लोकसाहित्य शब्दको अर्थ बृहत शब्दकोश र अन्य कतिपय लोकसाहित्यका स्रष्टाहरूले प्रष्ट्याउने जमर्को गरेको देखिन्छ । तर लोकसाहित्यको  क्षेत्र विशाल भै किटान गर्न नसकिनाले यसको अर्थ यहि हो भन्न सकिदैन । विद्वानहरूको प्रयासलाई अध्ययनको विषय बनाउन सकिन्छ । यस क्रममा बासुदेव त्रिपाठी, मोहोनराज शर्मा, र खगेन्द्रप्रसाद लुईटेल, जीवेन्द्रदेव गिरी, मोतीलाल पराजुली, कृष्ण प्रसाद पराजुली, चूडामणि बन्धु, बालकृष्ण पोखरेल, र सत्यमोहन जोशी र अन्य विद्वानहरूको परिभाषा अर्थपूर्ण मानिन्छ । तसर्थ लोकसाहित्यका विधाहरूको उत्पत्ति, परिभाषा, तत्वहरू, विशेषताहरू आदिको पहिचान व्यक्ति विशेष र स्थानैपिच्छे फरक–फरक हुनु स्वभाविकै हो । लोकसाहित्यको विधा अन्तर्गत उखान महत्वपूर्ण विधा हो । उखानको अध्ययन गर्ने क्रममा सर्वप्रथम यसको उत्पत्तिको बारेमा आदिकाल पहिल्याउन खोज्दा लोककथा, ऐतिहासिक घटना र प्राज्ञ बचनलाई स्रोत मानिएको  छ ।  लोकजीवनका विभिन्न पक्षसँग सम्बन्धित उखानमा कथा, व्यथा, आस्था, विश्वास, व्यवहार आदिको झल्को पाइन्छ । उखानको नाम ठाउँ नै पिच्छे फरक देखिन्छ । यसका तत्वहरू, विशेषताहरू, स्वरूप, महत्व, प्रयोजन र अन्य विधासँगको सम्बन्धले गर्दा उखानले जीवनमा प्रविष्टि पाएको छ । तसर्थ उखान अतीतको अनुभवको संगालो, वर्तमानको सहयात्री र भविष्यको मार्गदर्शक पनि हो । उखान विविध आकार प्रकार र भावका हुन्छन् । यिनै विविध विशेषताले गर्दा उखानको प्रयोग सर्बोपरी भएको हो । उखानले मानव जीवनका सामाजिक, साँस्कृतिक, आर्थिक, नैतिक, राजनैतिक, आदि पक्षका साथै प्रकृतिजन्य विशेषतालाई औंल्याएका छन् । उखानको प्रयोग कथा, कविता, निबन्ध, उपन्यास, नाटक, खण्डकाब्य आदि हरेक क्षेत्रमा भैरहेको पाइन्छ ।

## परिच्छेद : चार

# बिर्तादेउरालीमा प्रचलित उखानको संकलन

## ४.१ सङ्कलित उखानहरू

अध्ययन कार्यका लागि सङ्कलित उखानहरू यहाँ प्रस्तुत गरिएका छन् । यी उखानहरू स्वरवर्ण र व्यञ्जन वर्णका आधारमा सग्ला अक्षर र संयूक्ताक्षर साथै आकार, इकार, उकार आदि सबै वर्णानुक्रम अनुसार दिइएको छ ।

**अ**

१. अचार हाल्नु तामाको घरमा जानु मामाको ।

२. अदुवा खाई सभा बस्नु, मूला खाई बन पस्नु ।

३. अचार हाल्नु मुलाको संगत गर्नु ठूलाको ।

४. अर्ती भए घर्तीको पनि लिनु ।

५. अजिङ्गरको आहारा दैबले पुऱ्याउँछ ।

६. अति गर्नू अत्याचार नगर्नू ।

७. अल्छे तिघ्रो स्वादे जिब्रो ।

८. अर्थ न बर्थ गोबिन्द गाँई ।

९. अर्का बाच्छो चाट्यो मुखाभरी रौं ।

१०. अभागी हग्न बस्यो बाह्र हातको काठ पस्यो ।

११. अकबरी सुनलाई कसी ढुङ्गा अक्षरलाई मसी चाहिदैन ।

१२. अशां बात बंशलाई थाहा हुन्छ ।

१३. असीघर कुत्ता यता न उत्ता ।

१४. अगस्तिको पेट कैल्य भरिन्छ ?

१५. अरुको लाख आमाको काख ।

१६. अन्नको पैंचो तिर्नू पानी पैंचो नतिर्नू ।

१७. अम्बै भनी टिप्यात रैछ कागती भदौको बाह्र गते साउने संक्रान्ति ।

१८. अरुको आङको जुम्रा देख्ने आफ्नो आङको भैंसी नदेख्ने ।

१९. अनिकालमा बीउ जोगाउनू हुलमुलमा ज्यान जोगाउनू ।

२०. अल्छीको बात जैसीले जान्दैन ।

२१. अगुल्टाले हानेको कुकुर विजुली चम्कँदा तर्सन्छ ।

२२. अरिङ्गालको गोला, ढुङ्गाले हान्नु ।

२३. अरुको सय चोट कामीको एक चोट ।

## आ

२४. आफ्नो नाक काटेर अरुको चाक टाल्ने ।

२५. आइत मंगल तेल घसे बीना बिराम जेल बसे ।

२६. आफ्नै खैंजडी आफ्नै ताल ।

२७. आकाशको राहु पातालको केतु एकपल्ट नपरी कसरी चेतुँ ।

२८. आङमा लाउने खद्दर छैन टाङमा लाउने रेशम ।

२९. आफ्नो हँस्या आफैं तिर तान् ।

३०. आकाशाँ उडिछ भने खुट्टा समाई तानौला, पातालाँ गईछ भने चुल्ठा समाई तानौला, जारसँग गईछ भने चटक्क काटौंला ।

३१. आइलाग्नेलाई जाईलाग्नु पर्दछ ।

३२. आगो र निहुँ धेरै चाहिँदैन ।

३३. आमा मरी बाबु डाँडा पारी ।

३४. आकाशाँ फल आँखा तरी मर ।

३५. आकाशाँ जूनतारा धर्तीमा ल्याउने ।

३६. आगो सानो र भाइ सानो हुदैन ।

३७. आगो ताप्नु मुढाको अर्ती  लिनु बूढाको ।

३८. आए बाउको गए साउको ।

३९. आमा बाबुको मन छोरा-छोरीमाथि, छोरा-छोरीको मन ढुँङ्गा-मुढा माथि ।

४०. आफू गा पूरा काम, छोरा गा आधा काम, नोकर गा छैन काम ।

४१. आए पुसै गए उसै ।

४२. आँखा टोला निद्रा बोला ।

४३. आए गए आफ्नो आएन गएन पराय ।

४४. आजको मऱ्यो भोलि दुई दिन ।

४५. आए आँप गए झटारो ।

४६. आमाको दुध खाएर पुगेन बाउको घुँडो चुस्ने ।

४७. आजको मऱ्यो भोलि औषधि ।

४८. आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई ।

४९. आँटी छोरालाई बागले पनि खाँदैन ।

५०. आइमाइ नभा घर र जल नभा खेत ।

५१. आगो पनि नठोसी बल्दैन ।

## इ

५२. इन्द्रको अगाडि स्वर्गको बयान ।

५३. इनारको पानी र किनारको खेतको ठेगान हुँदैन ।

५४. इच्छा जागे पिच्छा गर ।

५५. इमान भनेको लाख हो, धन भनेको खाक हो ।

५६. इलमीको भागमा माछामासु अल्छीको भागमा झर्छ आँसु ।

५७. इतिहासमा लेख्या मेटिदैन, समुन्द्रमा हराको भेटिदैन ।

५८. इसारा बुझ्नु, कुनतिर कुद्नु ।

५९. इष्ट देवताको ध्यान गर्नू, पढेपछि ज्ञान गर्नू ।

६०. इन्द्रियलाई दमन गर्नू, विषलाई वमन गर्नू ।

६१. इँटका टुक्रा बहुमुल्य, किटका टुक्रा आफल्ने ।

६२. इन्द्रेणीमा सात रङ्ग, जाड रक्सीमा मात रङ्ग ।

## ई

६३. ईख नभा मान्छे र विख नभा सर्प काम लाग्दैन ।

६४. ईश्वरको तारतम्य कोही जान्दैन ।

६५. ईश्वर रहे संसार रहन्छ ।

६६. ईस्पातको सामान दिगो हुन्छ ।

## उ

६७. उहिल्या कुरा खुईले, अहिल्या कुरा चले ।

६८. उन्युँ फूल्ने र ढुङ्गो टुसाउने ।

६९. उत्ताउली गाई बाघले खाई ।

७०. उम्ल्या दुध पोखिन्छ ।

७१. उर्ल्या खहरे घुर्लेर जान्छ ।

७२. उद्योगी भए लक्ष्मी हुन्छ, लट्ठक भए लट्ठीयो ।

७३. उसको कुरा उसकै मुख ।

७४. उसैत कुन कानाँ सुन ।

७५. उसै त बुहारी भटमास खाकी ।

७६. उत्तम खेती मध्य व्यापार निर्धन जागिर ।

## ए

७७. एउटा हातले ताली बज्दैन ।

७८. एकोरो रोटी पाक्दैन ।

७९. एक्ला बृहस्पती झुटा ।

८०. एक नारी ब्रह्मा चारी दुई नारी गाधा भारी ।

८१. एउटा लामा जाँड खाने अर्को लामा मुत्ने ।

८२. एक माघले जाडो जाँदैन ।

८३. एक कान, दुई कान, मैदान ।

८४. एउटा थाप्लाँ दुईटा नाम्ला ।

८५. एक कानले सुन्ने अर्को कानले उडाउने ।

८६. एक पन्थ दो काज ।

८७. एकताली पर्छ सबैलाई कागताली ।

८८. एकत्र मन परत्र धन ।

८९. एकबारको चोला जे हुन्छ होला ।

९०. एकान्तमा बस्नु ईश्वर भज्नु ।

## ऐ

९१. ऐँसेलुको बोटमा काँडा, अर्काको नाम काट्ने भाँडा ।

९२. ऐँसेलुको बोटमा काफल खोज्ने ।

## ओ

९३. ओल्लो घरको बूढी पल्लो घरमा सरी ।

९४. ओह्रालो लाग्या मृगलाई बाच्छाले पनि खेद्छ ।

९५. ओखती मूलो भात भन्दा ठूलो ।

९६. ओठलाई लाली कपाललाई काली ।

९७. ओतलाग्नु बर्षामा साग छर्नु कर्सामा ।

९८. ओखलपाखल पार्नु झारलाई सिधासाधा पार्नु बारलाई ।

९९. आझेलमा परेको बाली फस्टाउँदैन ।

१००. ओखलमा कुटेको धान मीठो हुन्छ माम ।

## औ

१०१. औकात हेरी सौकात गर्नु ।

१०२. औँसी न पुर्ने कानो गोरुलाई जुर्ने

१०३. औँला दिँदा डुँडुल्को निल्ने ।

१०४. औषधी र अर्ती तीतै हुन्छ ।

१०५. औचित्यहिन कुरा र मर्चा बीनाको सुरा एकै हुन्छ ।

१०६. औँठा छाप परिपक्क ।

१०७. औँठी साट्नु माया गाँस्नु ।

## क

१०८. कहिले सासुको पालो कहिले बुहारीको पालो ।

१०९. कन्ना पछाडी कुरा गर्नु ।

११०. कन्ना पछाडी धाक ।

१११. कानो गोरुलाई औँसी न पुर्ने ।

११२. काँहि नभा जात्रा हाँडी गाउँमा ।

११३. काटे रगत आउँछ निचोरे गुँ ।

११४. कालको महिमा कोही जान्दैन ।

११५. कानाको विश्वास लङ्गडाको भर नपर्नू ।

११६. कामकुरो एकातिर कुम्लो बोकी ठिमी तिर ।

११७. कालो अक्षर भैंसी बराबर ।

११८. काम न दाम मुखभरी माम ।

११९. काम साँचे आफूलाई खान साँचे अरुलाई ।

१२०. काम पाइनस बुहारी पाडाको कन्नो कना ।

१२१. काँसा थानाँ काँस बाँसा थानाँ बाँस ।

१२२. काला गए गोरा आउँछन् ।

१२३. कि आउँछन् पैसा तोरीका कि आउँछन् पैसा छोरीका ।

१२४. कि लम्बे बाटा कि बाखा पाठा ।

१२५. कि हस्तिनापूरको रजाइँ कि चपरी मूनिको बास ?

१२६. किलो तिखार्नु कुरो निखार्नु ।

१२७. कुचाले बढार्ने कसिङ्गर हावाले उडाइदियो ।

१२८. कुकुरको निद्रा कागको बुद्धि ।

१२९. कुरो र कुलो जता लग्यो उतै जान्छ ।

१३०. कुवाको भ्यागुतो कुवामै राजी ।

१३१. कुमाइको घुमाई जैसीको जाल ।

१३२. कुकुरको काम पनि छैन फूर्सद पनि छैन ।

१३३. कुकुरलाई घाँस नहाल्नु ढुकुरलाई चारा नदिनु ।

१३४. कुवाको भ्यागुतो बनकी चरी ।

१३५. कुण्डकुण्ड पानी मुण्डमुण्ड बुद्धि ।

१३६. के मीठो माहाराज ? भोक मीठो ।

१३७. केटाकेटी आए गुलेली खेलाए चरा मार्न सकेनन् पुच्छर मात्र हात लाए ।

१३८. के खोज्छस् कानन ? आँखो ।

१३९. कोरीको जीउ प्यारो अपूताको धन प्यारो ।

१४०. कोपारा मासेर फूली ।

१४१. कौवालाई बेल पाक्यो हर्ष न विस्मात ।

## ख

१४२. खसी किन्नु मान्छे चिन्नु ।

१४३. खहरेको भेल एकछिनको खेल ।

१४४. खन्चुवा छोरी कुरौटे बुहारी ।

१४५. खाइ न पाई छालाको टोपी लाई ।

१४६. खानु न पिउनु पुर्पुराको चिनो ।

१४७. खाने मुखलाई जुँगाले छेक्दैन ।

१४८. खाने बेला घिन नसम्भनु, सुत्ने बेला रिन नसम्भनु ।

१४९. खुट्टा भए जुत्ताको खाँचो ।

१५०. खेताला पल्काउनु पाहुना लर्काउनु ।

१५१. खेताँ आली हलाँ फाली ।

१५२. खोला तऱ्यो लौरी बिर्स्यो ।

१५३. खोरा बाखो हराउनु बनाँ किरो हराउनु ।

१५४. खैलाबैला दुःखको भैला ।

## ग

१५५. गर्जने बादल तर्कने छाँट ।

१५६. गंगाजल सूर्यलाई अर्घ ।

१५७. गधा धोएर गाई हुदैन ।

१५८. गरिबलाई ऐन धनीलाई चैन ।

१५९. गरी खानु न मरी जानु ।

१६०. गबाराले जरा काट्छ फट्याङ्ग्राले पात ।

१६१. गरीबलाई दिउँला नभन्नु राँडीलाई लैजान्छु नभन्नु ।

१६२. गरीबको स्वास्नी भन्दा सेठको नोकर बेस ।

१६३. गर्ने भन्दा गराउने ठूलो ।

१६४. गणपति अङ्क गन्दै छ मुसाले दुलो खन्दैछ ।

१६५. गाई पाले पुण्य भाइ पाले सुन्य ।

१६६. गाई मारेर गधा पोस्ने ।

१६७. गाई भए गोरस भाइ भए भोरस ।

१६८. गाई गंगा बराबर ।

१६९. गाजले बूढी हावामा उडी ।

१७०. गाउँ भरी साइनो हातधुन पाइन ।

१७१. गाईलाई गोठ लाहुरेलाई कोट ।

१७२. गाँठेगुँठे कठे झाङ्ग्री ।

१७३. गितार बजाउनु दुःखमा रमाउनु ।

१७४. गीतलाई बाजा खेतालालाई खाजा ।

१७५. गीतको पैँचो गीत ।

१७६. गुँ लाई चलायो गन्ध ।

१७७. गुन गऱ्यो घुन लाग्छ ।

१७८. गुहुको किरो गुहुमै राजी ।

१७९. गुँपुछेको ढुङ्गो पनि काम लाग्छ ।

१८०. गुलाबको बोटमा काँडा ।

१८१. गेडो भए सबै मेरा ।

## घ

१८२. घरको मालीक बाटो हगुवा ।

१८३.घट्टको पिठो तोरीको साग केही पनि रहेन बूढीको भाग ।

१८४.घर जलेपछि खरानीको के दुःख ।

१८५.घर न घाटको भैयो ।

१८६.घरकी माली बन्छे जाली ओठमा लाली ।

१८७. घरको बाघ बनाँ बाच्छो ।

१८८. घर थाम है बुहारी भन्या त थाम समाएर पो बसिछ ।

१८९. घरको साहेब बजारमा गाएब ।

१९०. घर बलियो लिउनले बूढो बलियो तिहुनले ।

१९१. घाट कुरे मुर्दा भेटिन्छ ।

१९२. घामपानी घामपानी स्यालको बिहे कुकुरको जन्ती बिरालो बाहुन ।

१९३. घ्यू काँ पोखियो ? दालमा । दाल काँ पोखियो ? थालमा ।

१९४. घ्यू न तेल पका बूढी सेल ।

१९५. घोडा चढ्ने लड्छ ।

१९६. घोडा चम्केको र हात्ती लम्केको ।

१९७. घोडाले खाको र छोराले खाको खेर जाँदैन ।

१९८. घोकन्ते विद्या धावन्ते खेती सेवन्ती राजा ।

१९९. घोल्याङ थाप्नु माछालाई थुन चटाउनु बाच्छालाई ।

## च

२००. चलनको चल्ती रित्तै छ खेलती ।

२०१. चरी पञ्जा मिलाको ।

२०२. चँदुवा टाँग्नु बिहेमा अदुवा साँध्नु श्राद्धमा ।

२०३. चकटीमा बस्नु लकडीमा ताप्नु ।

२०४. चटके दाजु भालु नचाऊ ।

२०५. चार विद्या चौध चतुऱ्याईं ।

२०६. चार खुट्टया धन् गन्दै नगन ।

२०७. चान्समा डान्स गर्नु पर्दछ ।

२०८. चिन्नु न जान्नु घचेटी माग्नु ।

२०९. चिन्ताले चिताँ पुऱ्याउँछ ।

२१०. चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड ।

२११. चोटाँ भने बुहारी आइराको अगेनमा भने क्वँ क्वँ सिस्नो पकाइराको ।

२१२. चोरलाई चौतारो गोठालालाई भकारो ।

२१३. चोरलाई चौतारो साधुलाई सूली ।

२१४. चौटा खान गएकी बूढी झोलाँ डुबेर मरी ।

## छ

२१५. छपन्नकोटी एकैचोटी स्वाहा ।

२१६. छट्टुको फाकाँ परियो ।

२१७. छल ठूलो की ? बल ठूलो ?

२१८. छपरीको बास –टपरीको भात ।

२१९. छ लुगा छ जाडो छैन लुगा छैन जाडो ।

२२०. छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेडा ।

२२१. छाता आढ्नु घाममा हीरा फोर्नु  काममा ।

२२२. छुल्या छोरो र मूल्या छोरो बेकाम ।

२२३. छेउको सियो भित्तामा ।

२२४. छोरा न छोरी लोभ गर्छ कोरी ।

२२५. छोरी कुटी बुहारी तहलगाउने ।

२२६. छोरीको जन्म हारेको कर्म ।

२२७. छोरालाई अंश छोरीलाई ज्वाँइ ।

२२८. छोरा पाउने कहिले कहिले भोटो सिउने अहिले ।

२२९. छोरा पाए हर्ष छोरी पाए तर्छ ।

२३०. छोरा पाए खसी छोरी पाए फर्सी ।

२३१. छोटो बढेपछि व्यर्थ खाली ढाँचा मात्र बढाउँछ ।

२३२. छोरी भन्छे माइती माइती, माइती भन्थे किन अईथी ।

२३३. छोरीले खाको धन, भैँडाले खाको बन सकिन्छ ।

**ज**

२३४. जसले पोल्यो उसैकाँ सेका ।

२३५. जस्तो बीउ उस्तै बिरुवा ।

२३६. जस्को गोबर उसको दोबर ।

२३७. जसले पाद्यो उसैलाई गन्ध ।

२३८. जति भाँडा उति चुपुर्का ।

२३९. जब पर्‍यो राती अनि बूढी ताती ।

२४०. जसको पाप उसैको फलिफाप ।

२४१ं जसका छोरा उसको धन जस्का भैंसी उसका वन ।

२४२. जति जोगी आए पनि कानै चिरेका ।

२४३. जस्ता लाई त्यस्तै ढिँडालाई निस्तै ।

२४४. जस्ले अँगार खान्छ उसले कालो हग्छ ।

२४५. जस्तो आफु उस्तै च्यापू ।

२४६. जसोजसो बाहुन बाजे उसै–उसै स्वाहा ।

२४७. जाँ पुगेला उहाँ आगो फुग्गेला ।

२४८. जाँगर न साँगर खाने बेला आँगर ।

२४९. जादुको आँखो ठुलो चोरको डाँको ठुलो ।

२५०. जाँ गुलियो त्याँ बाहुन भुल्यो ।

२५१. जाँ केरा त्याँ बाहुनको डेरा ।

२५२. जाँ स्त्री उहीँ श्री ।

२५३. जाडोलाई काम्लो भारीलाई नाम्लो ।

२५४. जात फाल्नु गुन्द्रुकको झोलमा ।

२५५. जाँ आफ्नु त्याँ च्याप्नु ।

२५६. जाँ आगो त्याँ धुवाँ ।

२५७. जुन औला विष लाग्छ त्यही औलो झर्छ ।

२५८. जुङ्गा समाई अपमान पाउ समाई बिन्ती ।

२५९. जुनेली रात निर्धालाई साथ ।

२६०. जुङ्गा चल्यो कुरा बुझ्यो ।

२६१. जुन गोरुको सिङ छैन उस्को नाम तिखे ।

२६२. जो हाता सो साता ।

२६३. जोगीको पाहुना सन्यासी ।

२६४. जो होचो उस्को मुखमा घोचो ।

२६५. जोई न जुङ्गा पोइ न पोते ।

२६६. ज्योतिषको छोरी राँड बैद्यको गलगाँड ।

२६७. जो चोर उसैको ठूलो स्वर ।

## झ

२६८. झगडाको बीउ आफ्नै रिस ।

२६९. झार जिलाउनु कुरो मिलाउनु ।

२७०. झिँजाले न मूढा पोल्छ, बूढाले न कुरा खोल्छ ।

२७१. झिँगाको सरापले डिङ्गा मर्दैन ।

२७२. झोल न मोल च्यात्यो त्यसै खोल ।

## ट

२७३. टपरीमा सिधा भए बाहुनको दुःख ।

२७४. टपर टुइयाँ दिनमा चुइयाँ ।

२७५. टाढाको देउता नजिकको भूत ।

२७६. टाउको दुख्छ मुटुमा झट्का ।

२७७. टाढाको साइनु खानु न पाइनु ।

२७८. टुप्पी भन्दा माथि रौँ छैन बाहुन भन्दन ठुलो जात छैन ।

२७९. टुलुटुलु हेरेर कति दिन बस्ने ।

२८०. टोपी न सोपी के ले कपाल छोपी ।

२८१. टोले घर खोले खेत ।

## ठ

२८२. ठट्टा पट्टा गयो घट्टाँ ।

२८३. ठसक्क बसी खुसुक्क पादी ।

२८४. ठक्कर खाई सख्खर हग्नी ।

२८५. ठाउँ न ठहर बूढीको रहर ।

२८६. ठूला मर्छन् नामका लागि साना मर्छन खानाँ लागि ।

२८७. ठूला मान्छ्या अघि नलाग्नु, घोडा पछि नलाग्नु ।

२८८. ठेस नलागी होस् आउदैन ।

२८९. ठेकीको बिर्को, धोतीको फूर्को कस्नुपर्छ ।

## ड

२९०. डराउने र हराउने एकै हो ।

२९१. डाँडा माथि जून ।

२९२. डाँड तिरे पछि राँड पाइन्छ ।

२९३. डोज नपुगी  मोज हुदैन ।

२९४. डोको न डालो अन्नको बैरालो ।

२९५. डोली न सोली के मा बसी बेहुली ।

२९६. डोलोमोलो भाउ व्यापारीको दाउ ।

२९७. डोको न नाम्लो धोको न घाँस ।

२९८. डोरी बाट्नु पाटको सामान किन्नु हाटको ।

२९९. डोरो बाँध्नु नाँडीमा मकै भुट्नु हाँडीमा ।

३००. डोर न सोर व्यर्थै कागज कोर ।

३०१. डोम न सोम कस्ले गर्छ चिताँ होम ।

३०२. डौँठे व्यक्ति बौँठे कुरा ।

## ढ

३०३. ढङ्ग मरु कसो गरु ?

३०४. ढटुवा र छटुवाको विश्वास हुदैन ।

३०५. ढङ्ग छैन अङ्ग - भङ्ग ।

३०६. ढाँट्या कुरा काटेर मिल्दैन ।

३०७. ढाँड-ढाँड नेवारको गरागरा बाहुनको ।

३०८. ढाँचा काँचा नमिलेको घर ।

३०९. ढाका टोपी कालो कोट  दौरा सुरुवाल नेपालको पोच ।

३१०. ढाकनम् छोपनम् चैब ।

३११. ढिँडोले भरेको पेट र गोबरले भरेको खेत ।

३१२. ढिलै होस छोरै होस ।

३१३. ढुङ्गालाई जल बालुवालाई मल ।

३१४. ढुङ्गामुढाले माटो विगार्छन बूढाखाडाले कुरा विगार्छन ।

३१५. ढुङ्ग्रा नून छैन तिउना भ्रोल ।

३१६. ढुसी लाग्या बीउ र विलौनी लाग्या घ्यू ।

३१७. ढुङ्गो खोज्दा देउता मिल्नु ।

## त

३१८. तँछाड मछाड पाखुरी दारी जुङ्गा मुसारी ।

३१९. तँ आँट म पुऱ्याउँला ।

३२०. तलाई खाने बाघले मलाई पनि खान्छ ।

३२१. तक्दिरमा लेखेको कसैले मेट्न सक्दैन ।

३२२. ताक परे तिवारी नत्र गोतामे ।

३२३. तातै खाउँ जली मरुँ ।

३२४. तिन्टा गोरुको हल पक्का दुईटी स्वास्नीको घर पक्का ।

३२५. तित्राको मुखै बैरी ।

३२६. तिउन न सिउन निस्तै के दिउन ?

३२७. तीनहाते मान्छेको नौहाते जुङ्गा ।

३२८. तीजमा नलगाएको गहना डुङ्गामा नभएको बहाना ।

३२९. तुलेगाँडो मरोस चाँडो ।

३३०. तुलाको सहि चलन यही ।

३३१. तेल कस्को पिनाको साली कस्को भेनाको ।

३३२. तोलाको जिब्रो फट्काल्नु भन्दा धार्नीको टाउको हल्लाउनु बेस ।

३३३. त्यसै त बुहारी भट्मास खाएकी ।

३३४. त्यसै रिन उसै रिन बूढी बाखो किन् ।

## थ

३३५. थप्पड देसी थच्चिकन्छ ।

३३६. थचक्क नबस मसक्क परी ।

३३७. थपीथपी दूधभात डुलुवालाई ।

३३८. थपना र सपना एकै हो ।

३३९. थाल खानु न भात खानु भो ।

३४०. थुकेको थुक कसैले चाट्दैन ।

३४१. थुतुनो र मुतुनो जोगाउनु ।

३४२. थोरै खाए बल धेरै खाए मल ।

३४३. थोत्रो सुपारी बूढीगाई च्याङ्लाङ लुगा बाहुनलाई ।

## द

३४४. दहीको साक्षी बिरालो ।

३४५. दसघर माइती हल्लाखल्ला एउटा चोलो बल्ल तल्ल ।

३४६. दमैकामीको बोली बर्षदिनको टोली ।

३४७. दमाईको थुक चोको बाख्राको मुख चोखो ।

३४८. दशा लाग्याँ बेलाँ दस थोक हुन्छ ।

३४९. दान गर्नु सानको मान गर्नु मतिको ।

३५०. दिनभरी बाहुन रातभरी डाउन ।

३५१. दिनभरी करायो दक्षिणा हरायो ।

३५२. दिउँसो तेल नखाने राती कोल चाट्ने ।

३५३. दिन खाको जुङ्गा नआको ।

३५४. दुई दिनको जिन्दगी कर्कलाको पानी ।

३५५. दुःखा सहारा गीत र मीत ।

३५६. दूध दिने गाईको लात्ती सहनु पर्छ ।

३५७. दुःखलाई मीत सुखलाई ससुराली ।

३५८. दुःखमा नआत्तिनु सुखमा नमात्तिनु ।

३५९. दुई स्वास्नी को पोई कुना पसी रोई ।

३६०. देखेको पाईंदैन लेखेको पाइन्छ ।

३६१. देख्नेको आँखा फुटे सुन्नेको सही ।

३६२. देख्नमा हिरो पढ्नमा जिरो ।

३६३. देश अनुसारको भेष कपाल अनुसारको केश ।

३६४. देशको निम्ति बूढा लडाइ निम्ति सुरा ।

३६५. द्रोणको जस्तो आयू, नारायणको जस्तो कीर्ति ।

३६६. दौरा न सौरा खल्ती ।

## ध

३६७. धर्मको जय पापको क्षय ।

३६८. धनी हुनु दानी हुनु ।

३६९. धन सार न भन्सार कमायो सारा संसार ।

३७०. धन देखे पछि महादेवको पनि तीन नेत्र ।

३७१. धर्मकर्म डाँडामा चामल पैसा भाँडामा ।

३७२. धनीलाई चैन गरिबलाई ऐन ।

३७३. धन भए भाँती -भाँती छोरा भए नाति पनाति ।

३७४. धानको भुस आफ्नो खुस ।

३७५. धान खाने मुसो चोट पाउने भ्यागुतो ।

३७६. धेरै खानेको बुद्धि हुदैन धेरै बोल्नेको शुद्धि हुदैन ।

३७७. धोबीको कुकुर न घरको न घाटको ।

३७८. धोबीको हतारले राती घाम लाग्दैन ।

३७९. ध्यान गर्नु एक्लै, पढ्नु दुई भै, कल गर्नु तीन भै ।

## न

३८०. न गरी खानु न मरी जानु ।

३८१. नजाने गाउँको बाटै नसोध्नु ।

३८२. नजिकको तीर्थ हेला ।

३८३. नआत्तिनु नमात्तिनु ।

३८४. नदिने आमै बुधबार पार्छिन ।

३८५.नपाउनेले केरा पायो बोकै समेत चबायो ।

३८६. नबुझी बोल्नु सुन्नेर मोटाउनु ।

३८७. नहुनु मामा भन्दा कानो मामा नि जाती ।

३८८. नभए एक शोक भए सय शोक ।

३८९. नपाउञ्जेल कस्तो ? पाएपछि सस्तो ।

३९०. नमरी स्वर्ग देखिदैन ।

३९१. नहुने बेलाँ आँतिदेखि मरी आउँछ ।

३९२. नमच्चीने पिङ्गको सय झड्का ।

३९३. नजर भरीको स्वास्नी मुठी भरीको धन ।

३९४. नपादी गनाउँदैन ।

३९५. नारीलाई गाजल, नतर्की लाई मादल ।

३९६. नाच्न नजान्ने आँगन टेडो ।

३९७. नाम सुनासुन शुन्य चिनाजान ।

३९८. नानीभन्दा आची ठूलो ।

४९९. नानी देखि लाग्या बानी ।

४००. नाम न साम काँ पाइन्छ माम ।

४०१. नालिस् हेरी वारिस् लिनु ।

४०२. निकास नभै विकास हुदैन ।

४०३. निम्तो न सिम्तो भोजमा दाँई ।

४०४. निर्णायक मण्डल नोटका बण्डल ।

४०५. नुन चर्को तिहुन झर्कने पिउन ।

४०६. नुहाउने, बिहे गर्ने र भिन्ना हुन ढिलो नगर्नु ।

४०७. नेपालको कानून दैवले नजानून् ।

४०८. नेवारको धन आफलताफल बाहुनको धन काफल ।

४०९. नेवार इष्ट र बाबु दुष्ट कहिल्यै हुदैन ।

४१०. नौसिङ् भन्दा भागसिङ् ठूलो ।

४११. नौ दिनमा नौलो, बीस दिनमा बिर्स्यो, तीस दिनमा तर्स्यो बर्षदिनमा बरबाद ।

४१२. न्याउरी मारी पछुतो ।

## प

४१३. पढेर भन्दा परेर जानिन्छ ।

४१४. परालको आगो मुताको न्यानो ।

४१५. पशुपतिको जात्रा सिध्राको व्यापार ।

४१६. परेवा भन्दा मलेवा धुर्ने जुन जैसीलाई हेराए पनि कान्छी नानी मलाई नै जुर्ने ।

४१७. परिश्रमीलाई खिर अल्छीलाई पीर ।

४१८. पंधेर्नीका कुरा नहुन्छन् पूरा ।

४१९. पाले उन्नाइस् मारे बीस ।

४२०. पाए अन्त नपाए नऱ्या जन्त ।

४२१. पाडो पाएनी पाडी पाएनी भतुवालाई बिगौती ।

४२२. पाटीको बास सधैं हतास् ।

४२३. पालाको पैंचो तिरिन्छ ।

४२४. पाखाको माछो बाँधेको बाच्छो ।

४२५. पाले पुण्य मारे पाप ।

४२६. पानीको कमल कर्कलाको पात ।

४२७. पाकेको घाउमा नुन चुक ।

४२८. पापीको विश्वास छैन, बासीको स्वाद छैन ।

४२९. पानी मरुवा डर छेरुवा ।

४३०. पानी माथिको ओभानु ।

४३१. पाप धुरी बाट कराउँछ ।

४३२. पाहुनालाई आइदिए भो बच्चालाई राईदिए भो, बूढाबूढीलाई कराइदिए भो ।

४३३. पिरले खाँदैन खिर ।

४३४. पिटे पनि आमै जाति पोले पनि घामै जाति ।

४३५. पिङ खेल्नु सिङ नखेल्नु ।

४३६. पुरानो पात झर्छ नयाँ पात पलाउँछ ।

४३७. पूजा न आजा पेटभरी खाजा ।

४३८. पुकार गर्नु हुक्कार नगर्नु ।

४३९. पुङ न पुच्छरको मान्छे ।

४४०. पुराण सुन्नु मनमा गुन्नु ।

४४१. पोहोर मरिन सासु ऐले झऱ्यो आँसु ।

४४२. पोथी बासे केहि न कहि भाले बासे उज्यालो ।

४४३. प्रेम भनेको निस्सा हो धन भनेको हिस्सा हो ।

४४४. पेडा खाई जुल्फीको धाक ।

४४५. पौडी खेल्नु गर्मी भगाउनु ।

## फ

४४६. फलेको हाँगो नझुकेको कहिल्यै छ र ?

४४७. फाली मासेर सियो ।

४४८. फुस्रो कन्नालाई मलमलको धोती ।

४४९. फूलको बासना भमराको स्वाद ।

४५०. फूट्टी न कौडी बजार बजार दौडी ।

४५१. फैसला गर्नु हौसला मानेर ।

४५२. फोहोरमा राजनीति मोहोरमा भ्रष्टाचार ।

## ब

४५३. बन साङ्लाले घर साङ्लालाई खान्छ ।

४५४. बनको चरी बनमै राजी ।

४५५. बस्नेलाई पाटो हिँड्नेलाई बाटो ।

४५६. बच्चालाई कोक्रो बूढालाई लौरो ।

४५७. बलिया बाङ्गा बाघलाई बूढा पाका माघलाई ।

४५८. बनको ढुकुर भन्दा नि बैगुनी ।

४५९. बलेको आगोमा घ्यू ।

४६०. बलेको आगो जो पनि ताप्छन ।

४६१. बल्ल तल्ल साइत निस्क्यो हिँड्ने बेला छिउँ ।

४६२. बस्नपाए भन्दैमा थ्याच्च नबस्नु, बोल्नपाए भन्दैमा प्याच्च नबोल्नु, खानपाए भन्दैमा क्वाप्प नखानु ।

४६३. बदमासलाई गाली सज्जनलाई ताली ।

४६४. बाजागाजा नाचगानको खाजा ।

४६५. बाह्र छोरा तेह्र नाति बूढाको धोको काँधै माथि ।

४६६. बाबुभन्दा छोरा जान्ने गर्भै देखि मट्याङ्ग्रा छान्ने ।

४६७. बाघ बूढो स्याल तन्नेरी ।

४६८. बाघ हेर्नु परे बिरालो हेर्नु सत्रु हेर्नुपरे दाजुभाई हेर्नु ।

४६९. बाह्रमासे बाहुन जहाँ जान्छन् जाउन ।

४७०. बाघको गन्ध बाँदरको काल ।

४७१. बाहुन्न ठक्कर त्रिपन्न घुस्सा ।

४७२. बाँस जति अग्लिन्छ त्यत्ति निहुरिन्छ ।

४७३. बाँसका भलै भलो कहिले बन्ला हलो ?

४७४. बाहुँन बह्मचारी जोगी लट्टाधारी क्षेत्री पाल्ने जुँगा मुसलमानले दाह्री ।

४७५. बाहुँनलाई खाई जाडो अन्यलाई न्वाई जाडो ।

४७६. बाँदरको पुच्छर लौरो न हतियार ।

४७७. बाँदरको हाताँ नरिवल ।

४७८. बाहुँनले च्याउ खाओस् न स्वाद पाओस् ।

४७९. बाघले खाएनी किलो रितै लडेर मरेनी किलो रितै ।

४८०. बाहिर हेऱ्यो नैना सुत् भित्र हेऱ्यो भैंमा सुत् ।

४८१. बागको छालाँ स्यालको रजाँई ।

४८२. बाबु भिखारी छोरो भण्डारी ।

४८३. बिरालाको ख्यालख्याल मुसाको काल ।

४८४. बिसाँसय आयू होस् मरेपछि वायू होस् ।

४८५. बीउ गुणाको बिरुवा संगत गुणाको फल ।

४८६. बिहे गर्नु कुलको पानी खानु मूलको ।

४८७. बिग्रया मान्छे भत्क्या घर जता हेर्‍यो उतै दैलो ।

४८८. बूढो मर्‍यो कुरो सर्‍यो ।

४८९. बूढो भयो सब रङ्ग गयो आँगन भयो परदेश ।

४९०. बूढी मरी भन्ने पीर हैन काल पल्क्यो भन्ने डर ।

४९१. बैंसको परी लाजले मरी ।

४९२. बैंसमा राँडीको सयवटा पोई मर्ने बेलामा कोही न कोही ।

४९३. बैरागीलाई लट्टा ।

४९४. बोकाले दाँई गोरुले रजाइँ हुदैन ।

४९५. बोकाको पेटमा घ्यू पच्दैन ।

४९६. बोका मुखाँ कुभिण्डो अटाउँदैन ।

**भ**

४९७. भलाकुसारी जुङ्गा मुसारी ।

४९८. भन्न सजिलो गर्न गाह्रो ।

४९९. भदौमा  आँखा फुट्या डिङ्गो सधैं हरियो देख्छ ।

५००. भताभुङ्गे देशको लथालिङ्गे चाला, जस्ले जस्ले सक्ला उस्ले उस्ले खाला ।

५०१. भडारीको बिहेमा पाँडेको परिपञ्च ।

५०२. भाग्यमानीको भुतै कमारो ।

५०३. भग्यमानीको खप्पर ठूलो अभागीको लक्कर ठूलो ।

५०४. भातलाई तिहुन घरलाई लिउन ।

५०५. भाइ फुटे गवार लुटे ।

५०६. भुत्रो खा चुत्रो टिप ।

५०७. भुलुक्क पानी छ्वास्स पीठो क्वाप्लाक्क खाको कस्तो मीठो ।

५०८. भुसुनाले हात्ती रुवाउँछ ।

५०९. भुलुक्क पानी छ्वास्स पीठो ओडाल्यो ढिँडो खायो हिँड्यो माज्यो भाँडो कति चाँडो ।

५१०. भैंसीको पाडो सिङ ठाडो ।

५११. भैंसीलाई सिङको भारी हुदैन ।

५१२. भैंसीलाई सोत्तर जन्तीलाई भत्तेर ।

५१३. भोक न भकारी सोक न सुर्ता ।

५१४. भोकालाई भात दुर्जनलाई लात ।

५१५. भ्यगुतो जति उफ्रेपनि कुवा भित्रै ।

## म

५१६. मकै सक्यो भाँचेर लुगा सक्यो फाटेर ।

५१७. मनको लड्डु घ्यू सित ।

५१८. मकै खाने धुन कानाँ लाउने सुन ।

५१९. मनको रिस झगडाको विष ।

५२०. मनभए चङ्गा लोटामै गङ्गा ।

५२१. मर्ने बेलाँ हरियो काँको ।

५२२. म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो ।

५२३. मनको बह कसैलाइ नकह ।

५२४. मरेको बागको जुँगा उखेल्नु ।

५२५. मर्दको दसवटी स्त्री हुन्छन् ।

५२६. मर्दाको मलामी जीउँदाको जन्ती ।

५२७. मर्नु भन्दा बौलाउनु निको ।

५२८. मरेपछि डुमै राजा ।

५२९. मसानलाई मुर्दा माझीलाई घाट ।

५३०. माल पएर चाल पाए पो ।

५३१. माझीको मतगर्दा सात गाउँ डुब्छ ।

५३२. माछा - माछा भ्यागुतो ।

५३३. माखो मार्‍या छैन ।

५३४. माघे भैंसी भदौरे गाई चैतको घोडा खसम खाई ।

५३५. माउ भन्दा चल्ला बाठा ।

५३६. मानो खाएर मुरी उब्जाउनु ।

५३७. मिलनको चिनो बिछोडको पीडा ।

५३८. मुखमा रामराम बगलीमा छुरा ।

५३९. मुर्दामाथि कात्रो ।

५४०. मुसाको चिँ चिँ बिरालोका ङ्याउ ।

५४१. मुठीको धन आफ्नै भन ।

५४२. मुद्याको नौसिङ हरूवाको भागसिँह ।

५४३. मूलको पानी कूलकी छोरी ।

५४४. मेरो गोरुको बाह्रै टक्का ।

५४५. मोटाउन खाको खुराकी सुन्नेर गयो तन्नेरी ।

५४६. मोही माग्नु ढुङ्ग्रो लुकाउनु ।

५४७. मौकामा हीरा फोर्नु बेमौकामा कौडी नचलाउनु ।

## य

५४८. यता न उता खल्ती जत्ति रित्ता ।

५४९. यत्र तत्र सर्वत्र ।

५५०. यमको पुरी धर्मको धुरी ।

५५१. येन केन प्रकारेण ।

## र

५५२. रत्तिको टोकरीमा फल्नु ।

५५३. रडाँको मच्चाउनु हुदैन ।

५५४. रबाफको जवाफ दिनुपर्छ ।

५५५. रातो राम्रो गुलियो मिठो ।

५५६. रातो मोटा राजा माटो, कालो माटो काजी माटो, फुस्रो माटो पाजी माटो ।

५५७. रानी भएसी को भर्छ कुवाको पानी ।

५५८. रात रह्यो अग्राख पलायो ।

५५९ रातभरि कुऱ्यो बूढी जीउँदै ।

५६०. राज्यको ढुकुटी नेताको सुकुटी ।

५६१. रिस खा आफू बुद्धि खा अरु ।

५६२. रुपियाँ उपियाँ हो ।

५६३. रोटी चिल्ला मीठा कुरा खस्रा मीठा ।

५६४. रोटी गनी गनी जैसी कलाँए  आयो निँदुली तेरो काल ।

**ल**

५६५. लगन पछिको सिन्दुर पोते ।

५६६. लहरो तान्दा पहरो गर्जन्छ ।

५६७. लङ्का जित्ने हनुमान पगरी गुत्ने ढेडु ।

५६८. लम्कने हात्ती चम्कने घोडा ।

५६९. लसुनको पोटी रोग थाम्ने ओषती ।

५७०. लाज मानेर काज पुग्दैन ।

५७१. लासाँ सुन छ कान मेरो बुच्चै ।

५७२. लाटाँ देशाँ गाडो तन्नेरी ।

५७३. लाग्या बानी छुट्दैन ।

५७४. लाटाले केरा हेरे झैँ ।

५७५. लाटो खान्छ एक बल्ड्याङ् बाठो खान्छ तीन बल्ड्याङ् ।

५७६. ला-ला भन्या र ले - ले भन्यमा फरक पर्छ ।

५७७. लालुपाते फुलेर लाल भयो आज मेरो जोगीको ताल भयो ।

५७८. लुगा फट्यो खापैखाप सामल सिध्यो भातै भात ।

५७९. लोभले लाभ लाभले विलाप ।

५८०. वल्लो घाट न पल्लो तीर न हट्छ मनाँ पीर न मिल्छ मुखाँ खिर ।

५८१. वरको सिन्को पर नसार्ने ।

## श

५८२. शंकाले लंका जलाउँछ ।

५८३. शरणको मरण गर्नु हुँदैन ।

५८४. शास्त्र हराए काशी जानु, न्याय नपाए गोर्खा जानू ।

५८५. शीत उवाएर गाग्रो भरिँदैन ।

५८६. शिर माथिको कलघट्ट ।

५८७. शोक न सुर्ता भोक न भकारी ।

## स

५८८. सन्तानले डाँडाकाँडा ढाकुन ।

५८९. सतीले सरापेको देश ।

५९०. सप्रे काजी बिग्रे पाजी ।

५९१. सबै कुकुर काशी गए गुँ कल्ले खाला ?

५९२. सयबल एक गल ।

५९३. सराद्ध गर्न सजिलो सिधा भर्न गाह्रो ।

५९४. सस्तो बेसाँ पेट लागी मर ।

५९५. समय आउँछ पर्खदैन बगेको खोला फर्कदैन ।

५९६. सत्य डग्दैन झूटो टिक्दैन ।

५९७. सरकारी काम कैल्ये जाला घाम ।

५९८. सागबीना सराद्धे अड्किन्न राजाबीना राज्य अड्किन्न ।

५९९. सासा धन गन्दै नगन ।

६००. सानो छँदा मर्ला भन्ने पीर ठूलो भएपछि मार्ला भन्ने पीर ।

६०१. सासुले खाएकी बुहारी पानीले खाएको खेत ।

६०२. साभ्फाँ पाउना देवता बराबर ।

६०३. साँढेका जुधाई बाच्छाको मिचाई ।

६०४. सास छउन्जेल आस हुन्छ ।

६०५. साहुलाई सम्पती भतुवालाई भात ।

६०६. सालीको आस गर्दा भिनाजुको स्वर्गबास ।

६०७. सिमसिम पानीमा स्यालको बिहे ।

६०८. सियो बनेर पस्ने मुसल बनेर निस्कने ।

६०९. सिँगै बाख्रो खायो कानाँ भ्फगमग ।

६१०. सिङौरी खेल्नेको सीङ भाचिन्छ ।

६११. सुँगुरलाई स्वर्ग र देवतालाई धन चाहिँदैन ।

६१२. सुर्ती खाएर फूर्ती देखाउने ।

६१३. सुखमा हाई हाई दुःखमा बाई बाई ।

६१४. सूर्य अगाडि दियो ।

६१५. सुर्यलाई हत्केलाले छेकिन्न ।

६१६. सेवा गरे मेवा मिल्छ ।

६१७. सेरोफेरो जम्मै तेरो ।

६१८. सोमखेती बुध घर साइत यहि हो सम्भ्फी गर ।

६१९. सोमबारको बिछोड मंगलबारको भेट कि आउँछ ज्वरो कि दुख्छ पेट ।

६२०. सौताको रिसले पोईको काख मुत्नु ।

६२१. सौताने माम्लो गलाँ दाम्लो ।

६२२. सौताँ छोरो मुटुको किलो ।

६२३. सौताने आमा भात आफ्नी आमा लात ।

६२४. स्याल मार्न बाघको सर्जाम चाहिन्छ ।

## ह

६२५. हगेपछि दैलो देख्ने ।

६२६. हगेहग मुते काट्छु ।

६२७. हराएको गाई सुर्यलाई दान ।

६२८. हत्पते मान्छे लत्पते व्यवहार ।

६२९. हगाई भन्दा पदाई ठूलो ।

६३०. हलो कोदालो माटोलाई फुगाल्यो ।

६३१. हग्न नजाने पछि सोर्नु पर्छ ।

६३२. हरूवा पाटीको छेरुवा दाउ ।

६३३. हग्नेलाई भन्दा देख्नेलाई लाज ।

६३४. हरियो बन नेपालको धन ।

६३५. हलो न गोरु दाँतले कोरुँ ।

६३६. हाँसा बथानाँ बकुल्लो ।

६३७. हाड नभा जिब्रो लट्पटिन्छ ।

६३८. हात्ती आयो हात्ति आयो फुस्सा ।

६३९. हात्तीको मुखमा जिरा ।

६४०. हिराको मोल किरालाई के था ?

६४१. हिड्न नजनन्ने आँगन टेडो ।

६४२. हिस्स बूढी हरिया दाँत ।

६४३. हिँडे पुगिन्छ जुटे जितिन्छ ।

६४४. हिङ नभएनी हिङ बाध्या टालो छ ।

६४५. हिड्ने गोरुको पुच्छर निमोठ्ने ।

६४६. हुने बिरुवाको चिल्लो पात नहुने विरुवाको खस्रो पात ।

६४७. हुनेलाई जहिँतहिँ नहुनेलाई कहिँ न कहिँ ।

६४८. हुने बेलाँ गोरु पनि ब्याउँछ ।

६४९. हुटीट्याउँले स्वर्ग थाम्दैन ।

६५०. हुकेचिलको छायाँमा पर्नु ।

६५१. हुने बेलाँ आफलताफल नहुने बेलाँ काफल ।

६५२. हुनेहार दैव नटार ।

६५३. होस्टेको तालमा घीउ हाल दालमा ।

**क्ष**

६५४. क्षेत्रीको माम्लो जसो गऱ्यो त्यसै राम्रो ।

## ४.२. निष्कर्ष

उखान लोकसाहित्यको महत्वपूर्ण बिधा हो । यो कुनै समाज, जाति, भाषिक समुदयको मात्र नभै राष्ट्रकै अमूल्य गहना हो । पुर्खाहरूको जीवन भरिका अनुभवका सार र ज्ञानका भण्डारका रूपमा उखान रहेका छन् । धर्म, संस्कृति, इतिहास आदिको पहिचान गराउन उखान सूत्रात्मक रूपमा प्रस्तुत भई बर्तमान पुस्तालाई बाटो देखाईरहेका छन् । लोकोक्तिसँग सम्बन्धित उखान वाक्यात्मक स्तरमा निर्मित भई विविध आयमका रूपमा प्रस्तुत हुन्छन् ।

उखानलाई भाषाको  प्राण भनिएको छ। भाषा संचार गराउने एक प्रमुख माध्यम उखान पनि हो । बिर्तादिउरालीमा प्रचलित उखानले याँहाको भाषा, संस्कृति, जीवन दर्शन, परम्परा आदिको परिचय दिएको छ । गाउँले कथ्य भाषा सिर्जना भएका उखानहरू स्तरीय नेपाली भाषामा समेत विकसित भै स्थापित हुन पुगेका छन् । कथ्य भाषामै पनि भिन्न भिन्न शैलीमा प्रस्तुत उखान प्रचलनमा नौला झैं लाग्छन् ।

उखान अशिक्षित ग्रामिण जनताको बोलीमा झुण्डिएर शिक्षित व्यक्तिको साहित्यको पाना सम्म कोरिन पुगेको छ । व्यक्तिगत पीर मर्का र गुनासाहरू व्यक्त गर्ने देखि लिएर सामाजिक व्यङ्ग्य प्रहार गर्न सम्मका उपयोगमा उखान भाषिक समुदायमा अमूल्य ढुकुटी हुन् । यस अध्ययनमा बिर्तादिउराली गा.वि.स क्षेत्रमा प्रचलित उखानहरूलाई वर्णानुक्रमानुसार संकलन गरी प्रस्तुत गरिएको छ। स्वर वर्णका नौवटा अक्षरबाट १०७ वटा संकलन गरिएको छ। स्वर वर्णका नौवटा अक्षर अ, आ, इ, ई, उ, ए, ऐ, ओ औ हुन् । त्यस्तै व्यञ्जन वर्णका ३० वटा अक्षरबाट सुरु भै बनेका उखानहरू ५४७ वटा संकलन गरिएको छ। व्यञ्जन वर्णका ३० वटा अक्षरहरूमा क, ख, ग, घ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र ल, व, श, स, ह, क्ष छन् । यसरी स्वर वर्ण र व्यञ्जन वर्णका अक्षरबाट सुरु भै बनेका ६५४ उखानहरू यस अध्ययन मा प्रस्तुत गरिएको छ।

## परिच्छेद : पाँच

# बिर्तादेउरालीमा प्रचलित उखानको वर्गीकरण

## ५.१ उखानको वर्गीकरणको आधार

उखानद्वारा कुनै पनि भाषिक समुदायका जाति र जीवनको रीतिथिति, रहनसहन, विश्वास, धारणा, आदि पक्षको प्रयोगले, हरेक समाजमा विविध पक्षको अध्ययन गर्न मद्दत पुग्दछ । भाषको संरचनात्मक र तुलनात्मक अध्ययनमा उखानले प्रशस्त सामाग्री प्रदान गरिरहेको हुन्छ । तसर्थ उखानको वर्गीकरण गर्नु मनासिव हुन्छ ।

कुनैपनि विषयको वर्गीकरण गर्ने निश्चित आधार चाहिन्छ । उखानको वर्गीकरण गर्नपनि यस्तै आधार आवश्यक हुन्छ । तर उखानको वर्गीकरण गर्नै सिद्धान्त र सिमा पहिल्याउन जटिल हुन जान्छ । उखानको वर्गीकरण गर्ने कार्य कठिन भएतापनि यस विषयका अध्ययन -अन्वेषण गर्ने विद्धानहरूले एउटा आधार पहिल्याइदिएका छन् । त्यसै आधारमा उखानको वर्गीकरण गर्दा वर्गीकरणको उपयोगिता स्पष्ट हुन्छ ।

उखानको वर्गीकरण मुख्य दुई तरिकाले गरेको पाइन्छ ।

१. रूपात्मक वर्गीकरण          २. विषयात्मक वर्गीकरण ।[६०]

रूपात्मक वर्गीकरण शब्दशक्ति र सँरचनात्मक गरी दुई प्रकारले गरिएको छ । यसबाट उखानमा बनोटको प्रकृया पहिल्याइन्छ । रूपात्मक अध्ययनमा उखानको अर्थ सामर्थ्यलाई हेर्ने गरिन्छ । यस प्रकृयामा रूप, लय, छन्द, अलङ्कार र भाषिक अध्ययन गरिन्छ । विषयात्मक वर्गीकरण लोकसाहित्यको विविध विधा र तिन भित्रका आन्तरिक तत्व नियाल्ने गरिन्छ ।

### *५.१.१ रूपात्मक वर्गीकरण*

उखानको मूल नै रूप हो । रूप नै उखानको शरीर हो । रूप भित्र शब्दशक्ति, अलङ्गकार, लय, झङ्कार जस्ता विषयको अध्ययन गरिन्छ । रूप उखानको प्रथम आवश्यक

६० कृष्णप्रसाद पराजुली, '**नेपाली उखान र गाउँखाने कथा**' पूर्ववत पृ.३८

तत्व हो । रूप बीना विषयको क्षेत्र पहिल्याउन सकिदैन । रूपकै बुई चढेर विषय वस्तु भावक समक्ष आईपुग्दछन् । रूप पक्षका मुख्य २ हाँगा छन् ।

क) शब्दशक्ति　　　　ख) संरचना

### *५.१.१.१ शब्दशक्ति*

शब्दशक्तिका अधारमा उखानलाई बिभाजन गर्दा अभिधामूलक र लक्षणावृत्ति गरी दुई भागमा व्यक्त गर्न सकिन्छ । बालकृष्ण पोखेलले यिनै दुई आधारमा उखानको विभाजन गरेका छन् ।[६१] अभिधामूलक उखानले टेढो अर्थ नबुझाएर सोझो र सिधै अर्थ दिन्छ । यसबाट उखान बुझ्न कठिन पर्दैन ।

लक्षणामूलक उखानले भने सोझो अर्थ नदिएर टेडो अर्थ दिईरहेका हुन्छन । घुमाउरो पाराले अभिव्यक्त हुनाले श्रोता समक्ष छिट्टै बोधगम्य नहुन पनि सक्छ । नेपालीमा उखान प्रायः लक्षणामूलक खालका हुन्छन् ।

### *५.१.१.२. सँरचनात्मक*

रूपात्मक वर्गीकरणभित्र सँरचना पनि पर्दछ । सँरचनामा उखानको बाह्य तत्वको अध्ययन गरिन्छ । सँरचना भन्नाले आकार, प्रकार र त्यसको निर्माण प्रकृतिलाई देखाएको हुन्छ । संरचनात्मक अध्ययनमा गद्यात्मक, पद्यात्मक, शब्द संयोजन, आलाङ्कारिक, चमत्कार र शिल्पगत मधुरता आदिको अध्ययन गरिन्छ । यस बाट उखानले आफ्नो स्वरूप ग्रहण गरी अभिव्यक्त हुन्छ । संरचना अन्तर्गत निम्न तत्वहरू पर्दछन् ।

१. अनुप्रसमूलक　　२. आकारगत　　३. उपमानमूलक

४. गीतिप्रधान　　५. तुकबन्दीयूक्त　　६. प्रश्नमूलक

७. प्रश्नोत्तरात्मक

६१. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा**, तृतीय संस्करण, काठमाण्डौ, साझा प्रकाशन, २०३६, पृ.११४

रूपात्मक उखानको वर्गीकरणमा चासो राख्ने भारतीय विद्वान डा. कन्हैयालाल सहल, शशिशेखर तिवारीले उखानलाई विषयनिष्ठ र रूपात्मक गरी दुई प्रकारले वर्गीकरण गरेको पाइन्छ । यसमा तुक, द्वन्द र अलाङ्कार गरी तीन तत्वको अध्ययन गरेको पाइन्छ । पदक्रम, पदलोप, नामपद, संख्यापद, आदिको अध्ययन पनि उखानमा गरेको पाइन्छ ।

### *५.१.२. विषयात्मक वर्गीकरण*

विषयनै उखानको मूलभूत आधार हो । विषयले नै अनुभूति र विचारलाई संक्षिप्त, प्रभावकारी र अभिव्यञ्जनात्मक तवरले श्रोतासामू पुऱ्याउन मद्दत गर्दछ । सामाजिक परिवेश, नैतिक मर्यादा, धार्मिक-साँस्कृति पर्यावरण, जीवनदर्शन, नीति-चेतना, पारिवारिक चाँजोपाँजो, कृषिव्यावसाय हरेक विधामा उखानले पछ्याउँदै व्यक्त भएको पाइन्छ । विषयको आधारमा छुट्याईने उखानलाई विषयात्मक वर्गीकरण अन्तर्गत राखिएको छ । विद्वानहरूको आ-आफ्नै वर्गीकरणमा विषयात्मक उखानलाई तीनदेखि चौधवटा सम्म विषयमा बाँडिएको पाइन्छ । जस्तै :

#### *५.१.२.१. डा. कृष्णदेव उपाध्यायका अनुसार*

१. स्थानसम्बन्धी उखान
२. जातिसम्बन्धी उखान
३. प्रकृति तथा कृषि सम्बन्धी उखान
४. पशुपंक्षी सम्बन्धी उखान
५. प्रकीर्ण ।

#### *५.१.२.२. जान क्रिश्चियनका अनुसार*

१. मानवीय कमजोरी सम्बन्धी
२. सांसारिक विषय
३. सामाजिक र नैतिक
४. जातिका आधारमा
५. कृषि र ऋतु सम्बन्धी
६. पशु र जीवजन्तु सम्बन्धी

#### *५.१.२.३. डा. कुन्दनलाल उप्रेतीका अनुसार*

१. सामाजिक र नैतिक
२. ज्ञान, दर्शन र साहित्य सम्बन्धी
३. शिक्षा र साहित्य सम्बन्धी
४. कषि र ऋतु सम्बन्धी
५. स्थान सम्बन्धी
६. लोकविश्वास सम्बन्धी
७. पशुपंक्षी र जीवजन्तु सम्बन्धी
८. प्रकीर्ण

## ५.२. नेपाली उखानको वर्गीकरण

उखान लोकसाहित्यको महत्वपूर्ण विधा मानिन्छ । यसले समाजका विभिन्न पक्षहरूलाई समातिरहेको हुन्छ । उखानहरू आकारका दृष्टिले लोकसाहित्यका अन्य विधाभन्दा छोटा हुन्छन् । छोटा आकारको भैकनपनि उखानको वर्गीकरण गर्नु त्यत्ति सजिलो छैन । एउटै उखानलाई विभिन्न वर्गमा राख्न सकिन्छ । उखानको वर्गीकरण गर्ने आधार पहिल्याएर वर्गीकरण समेत गरेर देखाइदिएका छन् । यहाँ नेपाली विद्वानहरूले गरेको उखानको वर्गीकरण प्रस्तुत गरिन्छ ।

### *५.२.१. चूडामणि बन्धु*

नेपाली लोकसाहित्यका अन्वेषक डा. चूडामणि बन्धुले नेपाली उखानको वर्गीकरण छ प्रकारले गरेको पाइन्छ । जस्तै :

क) शब्दश्रोतका आधारमा
ख) वाक्य संरचनाका आधारमा
ग) वाक्यार्थ वा भावका आधारमा
घ) दृष्टिविन्दुका आधारमा
ङ) आकारका आधारमा
च) अर्थका आधारमा

### *५.२.२ जीवेन्द्रदेव गिरी*

गिरीले नेपाली उखानलाई बैचारीकताको आधारमा हेरेर वर्गीकरण गरेको पाइन्छ । समाजमा परस्पर दुई विपरित विचारका मानिसहरू हुन्छन् । तिनकै आस्थाका आधारमा गिरीले नेपाली उखानलाई दुई प्रकारले वर्गीकरण गरेको देखिन्छ ।

i. आध्यात्मिक उखान
ii. प्रगतिशिल उखान

### *५.२.३. बालकृष्ण पोखरेल*

बालकृष्ण पोखरेलले शब्दशक्तिका आधारमा उखानलाई दुईभागमा वर्गीकरण गरेका छन् ।

i. अभिधामूलक उखान
ii. लक्षणामूलक उखान

पोखरेलको यस वर्गीकरणले रूप र विषय जस्ता पक्षलाई समेट्न सकेको देखिँदैन ।

### *५.२.४. कृष्णप्रसाद पराजुली*

कृष्णप्रसाद पराजुलीले उखानलाई दुईप्रकारले वर्गीकरण गरेको पाइन्छ ।

i. रूपात्मक वर्गीकरण ii. विषयात्मक वर्गीकरण

## ५.३. बिर्तादिउरालीमा प्रचलित उखानको वर्गीकरण

बिर्ताली उखानको वर्गीकरण गर्नु जटिल कार्य भएर पनि सम्भव भने भएको छ । विद्वानहरूको प्रकाशित कृति र अनुसन्धानकर्ताहरूको विभिन्न लेख्य सामाग्रीले बिर्तादिउराली गा.वि.स. क्षेत्रमा प्रचलित उखानलाई वर्गीकरण गर्न सजिलो भएको छ । विद्वानहरूले पहिल्याएको सैद्धान्तिक आधारमा बिर्तादिउरालीमा प्रचलित उखानहरूलाई निम्न छ प्रकारले वर्गीकरण गरिएको छ ।

१. विषयको आधारमा २. शब्दशक्तिको आधारमा

३. शब्दश्रोतको आधारमा ४. दृष्टिविन्दुको आधारमा

५. संरचनाका आधारमा ६. चिन्तनका आधारमा ।

### *५.३.१. विषयको आधारमा वर्गीकरण*

उखानमा निहित सारलाई विषयवस्तु भनिनछ । विस्तृत विषयको सार नै उखान हो । उखानलाई शीर्षक बनाएर कथा भन्ने चलन पनि छ । उखानको विषयलाई बिभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । बिर्तादिउरालीमा प्रचलित उखानहरूलाई विषयका आधारमा निम्न प्रकारले वर्गीकरण गरिएको छ-

१. पौराणिक विषयवस्तु २. धार्मिक विषयवस्तु

३. लोकविश्वासका विषयवस्तु ४. सामाजिक विषयवस्तु

५. जातीय विषयवस्तु ६. परिवार र नातागोता

७. आर्थिक विषयवस्तु ८. प्रकृति जगत् सम्बन्धी

९. राजनीति सम्बन्धी १०. रंगभेदको स्वर

११. लौङ्गिय विषय १२. मनोविज्ञान

१३. नीति शिक्षा १४. विविध विषयसँग सम्बन्धित उखान ।

### *५.३.१.१ पौराणिक विषयवस्तुका उखान*

पुराणमा वर्णन गरिएका विविध कथाको विषयवस्तुलाई प्रस्तुत गर्ने उखान यस अन्तर्गत पर्दछ । बिर्तादिउरालीमा भनिने उखानहरूमा यसप्रकारको विषयवस्तु प्रयोग भएको पाइन्छ । जस्तैः-

- इन्द्रको अगाडि स्वर्गको बयान ।
- अगस्तिको पेट कैल्यै भरिन्छ ?

### *५.३.१.२. धार्मिक विषयवस्तुका उखान*

बिर्तादिउरालीमा प्रचलित उखानहरू धर्मसंस्कृति सँग पनि सम्बन्धितरहेको पाइन्छ । उखानमा यस ठाउँका मानिसहरूको धर्मप्रतिको धारण व्यक्त भएको पाइन्छ । संस्कार, रीतिरिवाज, चालचलन आदिमा उखानको प्रयोग भएको छ । यसरी बिर्ताली उखान हिन्दु धर्म संस्कृति प्रति बढी प्रेरित भएको छ । जस्तैः-

- पालेपुण्य मारे पाप ।
- जस्को पाप उसैको फलिफाप ।

### *५.३.१.३ लोक विश्वासका उखान*

परम्परा देखि चल्दै आएका जन विश्वासमा आधारित उखानहरू बिर्ताली समाजमा देखिन्छन् । जनताहरू ईश्वर प्रतिको आस्था, शक्तिको विश्वास, रुढीपूर्ण विचार भावना आदिले बिर्ताली उखानमा डेरा जमाएको पाइन्छ । जस्तैः-

- हुनेहार दैव नटार ।
- नेपालको कानून दैवले नजानुन् ।

### *५.३.१.४. सामाजिक विषयवस्तुका उखान*

बिर्ताली उखानहरू सामाजिक विषयवुस्तुसँग पनि सम्बन्धितछन् । उखानले समाजको यथार्थ चित्रण गरेको हुन्छ । तसर्थ उखान समाजको दर्पन नै हो । मानिस समाजको विवेकपूर्ण प्राणी हो । उसले समाजमा गरेका काम कर्तव्यका कुराहरू सामाजिक विषयसँग सम्बन्धितहुन पुग्दछन् । समाजमा अनेकन वर्गहरूको चित्रणको छाप बिर्ताली उखानमा पनि पाइन्छ । जस्तैः-

- खेताला पल्काउनु पाहुना लर्काउनु ।
- टाढाको देउता नजिकको भूत ।

### *५.३.१.५. जातीय विषयवस्तुका उखान*

बिर्ताली समाजमा विभिन्न जात जातिहरू छन् । ती जातजातिलाई आधार बनाएर उखान प्रयोग भएको पाइन्छ । जातिगत उखान भित्र द्वेष, क्लेष र दुश्मनी जस्ता भावका कुराहरू समेत व्यक्त भएको देखिन्छ । जस्तैः-

- माझीको मतगर्दा सात गाउँ डुब्छ ।
- बाहुनले च्याउ खाओस् न स्वाद पाओस् ।

### *५.३.१.६. परिवार र नातागोता सम्बन्धी उखान*

बिर्ताली उखान भित्र पारिवरिक अवस्था, चालचलन र नातागोता सम्बन्धी स्वर मूखरित भएको पाइन्छ । जस्ले परिवारको दुःख कष्ट र भोगाइको अनेक व्यथा झल्काएको हुन्छ । जस्तैः-

- नहुनु मामाभन्दा कानो मामा नि जाती ।
- आमाको दुध खाएर पुगेन बाउको घुँडो चुस्ने ।

### *५.३.१.७. आर्थिक विषयका उखान*

बिर्तादेउरालीमा प्रचलित उखान आर्थिक पक्षसँग पनि सम्बन्धितरहेका छन् । आर्थिक अवस्था, सोच, र गतिविधि, उच्चवर्ग र निम्न वर्गका मानिसका बीचका असमानताको खाडल दर्शाउने खालका उखानहरू यस अन्तर्गत पर्दछन् । जस्तै :-

- घिउ न तेल पका बूढी सेल ।
- फूट्टी न कौडी बजार बजार दौडी ।

### *५.३.१.८. प्रकृति जगत् सम्बन्धी उखान*

नेपाल प्रकृति सम्पदामा धनी छ । तसर्थ यहाँको जनजीवन पनि प्रकृति सम्बन्धी रमणीय वातावरणमा घुलमिल भएको पाइन्छ । जीवनमा घट्ने घटना र प्रकृतिसम्बन्धी अनेक कुराले बिर्ताली उखानमा प्रशस्त छाप छोडेको पाइन्छ । जस्तै :-

- बनको चरी बनमै राजी ।
- खोला तऱ्यो लौरो बिर्स्यो ।

### *५.३.१.९. राजनीति सम्बन्धी उखान*

बिर्तादिउरालीका उखानमा पनि राजनीतिको गन्ध समावेस भएको पाइन्छ । राजनीति व्यबस्था, कार्यशैली, संस्कार, गतिविधी उल्लेख हुनु यसको प्रयोजन हो । जस्तै :-

- राज्यको ढुकुटी नेताका सुकुटी ।
- फोहोरमा राजनीति मोहोरमा भ्रष्टाचार ।

### *५.३.१.१०. रङ्गभेदी उखान*

बिर्ताली समाजमा रङ्गभेद भएका उखानहरू पनि भेटिन्छन् । कालो र सेतोले समाजलाई कसरी प्रभावित पारेको छ भन्ने देखाउन यस्ता उखानहरूले मद्दत गरेको पाइन्छ । जस्तै :-

- काला गए गोरा आउँछन् ।
- जस्ले अङ्गार खान्छ उस्ले कालो हग्छ ।

### *५.३.१.११. लैङ्गिक उखान*

बिर्ताली समाजमा स्त्री र पुरुष बीचको भेदभावलाई लैङ्गिक आधारमा उल्लेख गरेको पाइन्छ । पुरुषमूखी समाजमा लैङ्गिक रूपले भदभाव गरेको पाइन्छ । लैङ्गिक असमानताको स्वर बिर्ताली उखानमा टड्कारो रूपमा देखिन्छ । जस्तै :-

- छोरीको जन्म हारेको कर्म ।
- छोरा पाए खसी छोरी पाए फर्सी ।

### *५.३.१.१२. मनोबैज्ञानिक उखान*

समाजमा विद्यमान मानिसको क्रियाकलापले एक अर्कामा मनोबैज्ञानिक असर परिरहेको हुन्छ । मानिसको अहमता, रुचि, रुढीवादी, सँस्कार, विचार, चिन्तन, मानसिक हीनता आदिको कारणले अचेतन मनमा पीडा हुन्छ । बिर्तादिउरालीमा प्रचलित उखानले मनोबैज्ञानिक असरलाई झल्काउने काम गरेको छ । जस्तै :-

- कोरीको जीउ प्यारो अपूताको धन प्यारो ।
- आकाशको राहुँ पातालको केतु एकपल्ट नपरी कसरी चेतुँ ।

### *५.३.१.११. नीतिशिक्षा सम्बन्धी उखान*

बिर्तादेउरालीमा प्रचलित उखानले नीतिशिक्षा र उपदेशको माध्यमबाट समाज सुधारको लागि प्रेरणा दिएको पाइन्छ । यसबाट असल र खराब पक्षलाई छुट्याएर इमान्दार , कर्मठ र लगनशिलतालाई ग्रहण गर्न मार्गदर्शन गरेको देखिन्छ । जस्तै :-

- अर्ति भए घर्तीको पनि लिनु ।
- डिङ्गो नपरी चेत्दैन ।

### *५.३.१.१२. विविध विषयसँग सम्बन्धित उखान*

माथि उल्लेखखित विषयमा नपरेका अन्य विषयशीर्षकमा पनि बिर्ताली उखानको वर्गीकरण गर्न सकिन्छ । यस्ता उखानहरूलाई विविध विषयसँग सम्बन्धित शीर्षकमा राखिएको छ । विविध विषयमा इतिहास, हास्यव्यङ्ग्य, अश्लील खालका उखानहरू पर्दछन् ।

**क) ऐतिहासिक उखान**

बितेका काल खण्डमा भएका ऐतिहासिक कार्यलाई लोकोक्तिका रूपमा व्यक्त गर्ने कार्य यस अन्तर्गत पर्दछ । ऐतिहासिक विषयसँग सम्बन्धित भएका उखान बिर्तादेउरालीमा निम्न प्रकार पाइन्छन् । जस्तै :-

- बूढो मऱ्यो कुरो सऱ्यो ।
- आइलाग्नेलाई जाइलाग्नु पर्छ ।

**ख) हास्यव्यङ्ग्यसँग सम्बन्धित उखान**

ठट्यौली पाराका जस्ले मानिसलाई अन्तरआत्मादेखि प्रफूल्ल गराएर हसाउँछ । त्यो नै हास्यव्यङ्ग्य हो । हँस्यौली पारामा सिधा कुरालाई कागतालीपूर्ण तरिकाले व्यङ्ग्य गर्नु हास्यव्यङ्ग्य हो । बिर्तादेउरालीमा यस्ता उखानहरू भेटिन्छन् । जस्तै :-

- केटाकेटी आए गुलेली खेलाए चरामार्न सकेनन् पुच्छरमात्र हात लाए ।
- बाबुभन्दा छोरो जान्ने गर्भै देखि मट्याङ्ग्रा हान्ने ।

**ग) अश्लील खालका उखान**

अश्लील खालका उखान उत्ताउला र अपच्य खालका हुन्छन् । यिनले पनि समाजमा उल्लेख्य मात्रामा स्थान जमाएको पाइन्छ । असभ्य र जङ्गली पाराका जस्ता लाग्ने यस्ता उखानहरू बिर्ताली समाजमा प्रचलित छन् । जस्तै :-

- फुस्रो कन्नालाई मलमलको धोती । - आङमा लाउने खद्दर छैन टाङमा लाउने रेशम ।

## *५.३.२. शब्दशक्तिको आधारमा उखानको वर्गीकरण*

बिर्ताली उखानको वर्गीकरण शव्दशक्तिको आधारमा पनि गर्न सकिन्छ । साधारण र सिधा अर्थ दिने खालका उखानलाई अभिधामूलक र विशिष्ट अर्थदिने उखानलाई लक्षणा गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### *५.३.२.१. अभिधामूलक उखान*

यस्ता उखानहरूले सीधा र सामान्य अर्थ दिन्छन् । जसलाई सर्वसाधारण सबैले सजिलोसँग बीना झन्झट बुझ्न सक्छन् । जस्तै :

- ढटुवा र छटुवाको विश्वास हुदैन् । - ढिलै होस् छोरै होस् ।

### *५.३.२.२. लक्षणामूलक उखान*

सोझो अर्थ नदिएर विशिष्ट अर्थ दिने वा घुमाउरो पाराले एउटा कुरा व्यक्त गर्न अर्को ढाँचाले भनिएका कुराहरू लक्षणामूलक हुन्छन् । बिर्तादिउरालीका उखानमा लक्षणामूलक जनाउने खालका विषयहरू समाबेश भएका उखानहरू प्रशस्त पाइन्छन् । जस्तै :-

- नाच्न नजान्ने आँगन टेडो । - सियो बनेर पस्ने मुसल बनेर निस्कने ।

## *५.३.३. शब्दस्रोतका आधारमा उखानको वर्गीकरण*

नेपाली भाषाका शब्दस्रोत मौलिक र आगन्तुक गरी दुई प्रकारका रहेका छन् । मौलिक स्रोतमा संस्कृत भाषाबाट आएका शब्दलाई लिइन्छ । यसमा तत्सम र तद्भव जस्ता दुई उपस्रोत छन् । आगन्तुकमा संस्कृत बाहेकका अन्य भाषाबाट आएका शब्दहरूलाई लिइन्छ ।

#### *५.३.३.१. संस्कृत स्रोतका उखान*

संस्कृत नेपाली भाषाको जननी हो । यसै भाषाबाट नेपालीमा प्रशस्त शब्दहरू भित्रिएका छन् । संस्कृत भाषामा प्रशस्त उखानहरू प्रचलित भएको भेटिन्छ । तिनै संस्कृतका उखानहरू नेपालीमा अनुवादित भै प्रयोग भएको छ । तिनै उखानहरूले बिर्तादेउरालीमा समेत छाप छोडेका छन् । जस्तै :-

- धर्मको जय पापको क्षय ।
- घोकन्ति विद्या, धावन्ति खेती, सेवन्ति राजा ।

#### *५.३.३.२. आगन्तुक उखानहरू*

संस्कृत र नेपाली भाषा बाहेकका अन्य भाषाबाट भित्र्याइएका उखानहरू आगन्तुक हुन । यिनको रूप आगन्तुक भाषाबाट अन्य भाषामा भाषान्तरण भएपछि अलि भिन्न हुन पुगेको देखिन्छ । यस्ता आगन्तुक उखान संकलनको क्रममा बिर्तादेउराली गा.वि.स. क्षेत्रमा भेटिएकोले यहाँ प्रस्तुत गरिएको हो । जस्तै :-

- चान्समा डान्स गर्नुपर्छ ।
- ढङ्ग मरु कसो गरु ।

### *५.३.४. दृष्टिविन्दुको आधारमा उखानको वर्गीकरण*

वक्त उभिएको वा वक्ताले कुन स्थानमा रहेर भन्न चाहेको छ त्यही स्थान वा कथन नै दृष्टिविन्दु हो । सर्वनामको प्रयोगबाट यसलाई स्पष्ट पार्न सकिन्छ । यस सर्वनामको आधारमा हेर्दा दृष्टिविन्दु प्रथम पुरुष, द्बितिय पुरुष र अन्य गरी तीन प्रकारका हुन्छन् । जस्तै :-

#### *५.३.४.१. प्रथम पुरुषीय उखान*

वक्ता प्रथम पुरुषमा हुने यस्ता उखानहरू बिर्तादेउरालीमा निम्न प्रकार पाइएका छन् । जस्तै :-

- म तक्छु मुडो बञ्चरो तक्छ घुँडो ।
- मेरो गोरुको बाह्रै टक्का

#### *५.३.४.२. मध्यम पुरुषीय उखान*

वक्ताले भनेको कुरा अन्य स्रोता समक्ष राख्नुलाई मध्यम पुरुष भनिन्छ। मध्यम पुरुषीय उखानहरू बिर्तादेउरालीमा भेटिएका छन्। जस्तै :-

- सुखमा नमात्तिनु, दुःखमा नआत्तिनु। - सत्य डग्दैन, झुटो टिक्दैन।

#### *५.३.४.३. अन्य पुरुषीय उखान*

यसमा वक्ताले कुनै अन्य व्यक्तिलाई संकेत गरेको हुन्छ। जस्तै :-

- जसोजसो बाहुनबाजे उसैउसै स्वाहा। - जाँ केरा त्याँ बाहुनको केरा।

### *५.३.५. संरचनाका आधारमा उखानको वर्गीकरण*

संरचनाका आधारमा बिर्ताली उखानहरूलाई विभिन्न भागमा राखेर वर्गीकरण गर्न सकिन्छ। संरचना भन्नाले बाहिरी अंगलाई बुझाउँछ। उखानको बाहिरी संरचनामा आकार, लय, प्रश्नात्मकता, भाषा जस्ता कुरालाई लिइन्छ।

#### *५.३.५.१. आकारका आधारमा उखानको वर्गीकरण*

उखानको आकार भन्नाले लामो, छोटो, मझौला के कस्ता रूपका छन् भनेर थाहा पाउनु हो। आकारका आधारमा बिर्ताली उखानलाई छोटा, मझौला र लामा गरी तीन प्रकारमा बाँडिएको छ। जस्तै :-

**क) छोटा उखान**

यस्ता उखानहरू २-४ शब्द सम्मका हुन्छन्। जस्तै :-

- पीरले खाँदैन खीर। - चिन्ताले चितामा पुऱ्याउँछ।

**ख) मझौला उखान**

यस खालका उखानहरू न त छोटा हुन्छन् न त धेरै लामानै हुन्छन्। २-३ सम्म समापिका क्रिया भएका उखानहरूलाई मझौला उखान भन्न सकिन्छ। जस्तै :-

- भोक न भकारी सोक न सुर्ता। - जोई न जुङ्गा पोइ न पोते।

**ग) लामा उखान**

तीन भन्दा बढि वाक्य जेलिएका उखानहरूलाई लामा उखान भनिन्छ । यस्ता उखानहरू बिर्तादिउरालीमा प्रयोग भएको पाइन्छ । जस्तै :-

- परेवा भन्दा मलेवा घुर्ने जुन जैसीलाई हेराएपनि कान्छी नानी मलाईनै जुर्ने ।

### *५.३.५.२. लयका आधारमा उखानको वर्गीकरण*

कुनैपनि वाक्यको अन्तस्वर मिलाउनुनै लय हो । लयलाई भाका पनि भन्ने गरेको पाइन्छ । लयका आधारमा उखानलाई गद्यात्मक र पद्यात्मक गरी दुई भगमा वर्गीकरण गर्न सकिन्छ । बिर्तादिउरालीका उखानहरूपनि लयका आधारमा प्रयोग भएका छन् ।

**क) गद्यात्मक उखान**

गद्यात्मक उखान पूर्ण वाक्यात्मक स्तरका जस्ता हुन्छन् तापनि अर्थपूर्ण भनाई व्यक्त गरिदिएका हुन्छन् । बिर्तादिउरालीमा गद्यात्मक उखान निम्न प्रकारका छन् ।

- पाप धुरीबाट कराउँछ ।
- थुकेको थुक कसैले चाट्दैन ।

**ख) पद्यात्मक उखान**

पद्य भन्नुनै कविता भएकाले पद्यात्मक उखानले एक प्रकारको कविताको भान पारिदिन्छ । पद्यात्मक उखानको अन्त्यांश स्वर एकै खालको भएको पाइन्छ । बिर्तादिउरालीमा पद्यात्मक उखान प्रचलित छन् । जस्तै :-

- पूजा न आजा, पेटभरी खाजा ।
- पुरानो पात झर्छ, नयाँ पात पालाउँछ ।

### *५.३.५.३ . प्रश्नात्मकताका आधारमा उखानको वर्गीकरण*

बिर्तादिउरालीमा प्रचलित उखानहरू प्रश्न बीनाका सामान्य प्रश्नात्मक र प्रस्नोत्तरात्मक उखानगरी तीन थरीको पाइएको छ । तर सामान्य उखानको संख्या प्रशस्त छ । जस्तै :-

**क) सामान्य उखान**

साधारण खालका भनाई राख्ने उखानहरू सामान्य उखान हुन् । यसमा सवाल जबाफ माग्ने दोहोरो भूमिका हुदैन । एकोहोरो जवाफको ढाँचामा प्रयूक्त हुन्छ । यस्ता सामान्य उखान बिर्तादिउरालीमा छ्यास्छ्यास्ती पाइन्छ । जस्तै :-

- पाटीको वास सधैं हतास ।              - पानी मरुवा डर छेरुवा ।

**ख) प्रश्नात्मक उखान**

प्रश्नात्मक उखान प्रश्नको माध्यमबाट प्रकट भैरहेका हुन्छन् । उत्तर भने प्रश्नकै माध्यममा व्यक्त भएको आभास दिइरहेको हुन्छ । प्रश्नैले उत्तरको कामसमेत गरेको हुने उखान प्रश्नात्मक उखान हुन् । बिर्तादेउरालीमा प्रश्नात्मक उखान केहि मात्रामा पाइने गरेको छ । जस्तैः-

- अगस्तिको पेट कैल्ये भरिन्छ ?
- कि आउँछन् पैसा तोरीका कि आउँछन् पैसा छोरीका ?

**ग) प्रस्नोत्तरात्मक उखान**

प्रश्न गरेपछि तुरुन्तै जवाफ आउने उखानहरू यस अन्तर्गत पर्छन् । बिर्तादेउरालीमा यस्ता उखानहरू फेला परेका छन् । जस्तै :-

- ध्यू कहाँ पोखियो ? दालमा । दाल कहाँ पोखियो ? थालमा ।
- के मीठो महाराज ? भोक मीठो ।

*५.३.५.४. भाषाका आधारमा उखानको वर्गीकरण*

भाषाको आधारमा पनि उखानको वर्गीकरण गर्न सकिन्छ । उखानको वर्गीकरण गर्दा निर्माणको आधारलाई पनि हेर्ने गरिन्छ । कुनै उखान मौलिक पनमा निर्माण भएका हुन्छन् । कतिपय उखान अन्य भाषा बाट आगन्तुकका रूपमा भित्रिएका हुन्छन् । यसरी उखानलाई अन्य भाषाबाट प्रभावित र अप्रभावित गरी दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

**क) अन्य भाषा बाट प्रभावित उखान**

नेपाली भाषा बाहेक अन्य भाषामा प्रयोग भएर आएका र नेपाली भाषामा दुरुस्तै प्रभाव जमाउन सकेका उखानहरू प्रभावित उखान हुन् । बिर्ताली समाजमा प्रभावित उखानहरू प्रयोग भएको पाइयो । जस्तै :-

- घोकन्ते विद्या , धावन्ते खेती, सेवन्ते राजा ।           - देख्नमा हिरो, पढ्नमा जीरो ।

**ख) अन्य भाषा बाट अप्रभावित उखान**

शुद्ध नेपाली भाषामा मात्र प्रयोग भएका उखानहरू अप्रभावित उखान हुन् । यस्ता उखनमा अन्य भाषाको छाप परेको हुँदैन । अन्य भाषाबाट बसाइँ सराई गरेका उखानहरू यसमा पर्दैनन् । नेपाली मौलीकपननै यसको विशेषता हो । बिर्ताली उखानहरू पनि अप्रभावित खालका छन् । जस्तै :- - घोडा चड्ने लड्छ । - घर न घाटको भैयो ।

### *५.३.६. चिन्तनको आधारमा उखानको वर्गीकरण*

बिर्तादिउरालीमा प्रचलित उखानमा वर्गीय चिन्तनको छायाँ घुसेको पाइन्छ । वर्गीय चिन्तनमा परम्परागत धार्मिक विचार र आधुनिक प्रगतिशील दुई प्रकारका विचार प्रयोग भैरहेका हुन्छन् । समाजमा एकाथरी मानिसहरू अलौकिक शक्तिलाई अपरिवर्तनीय तत्वका रूपमा स्वीकार गर्दछन् । यिनीहरू धार्मिक आध्यात्मवादी हुन् । अर्काथरी मानिसहरू संसारलाई समयसँगै परिवर्तनशील हुने कुरामा विश्वास राख्छन् । यिनीहरू भौतिकवादी हुन । यस आधारमा उखानलाई परम्परागत र क्रान्तिकारी गरी दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

#### *५.३.६.१. परम्परागत उखान*

परिवर्तनलाई असहज मान्ने र अलौकिक शक्तिको विश्वासमा अडिग रहने उखानहरू परम्परागत पहिचान भित्र पर्दछन् । बिर्तादिउरालीमा यस्ता उखानहरू प्रचलित छन् । जस्तै :-

- ईश्वरको तारतम्य कोही जान्दैन ।
- इन्द्रको अगाडि स्वर्गको वयान ।

#### *५.३.६.२. क्रान्तिकारी उखान*

समय सँगै सोचलाई बदल्दै लैजानु क्रान्तिकारी पक्ष हो । यसलाई प्रगतिशील, भौतिकवादी आदि उपमा समेत दिइएको छ । यस्ता उखानहरू बिर्तादिउरालीमा प्रचलित रहेको पाइन्छ । जस्तै :-

- पुरानो पात झर्छ नयाँ पात पलाउँछ ।
- ठेस नलागी होस आउँदैन ।

## ५.४. निष्कर्ष

बिर्तादिउरालीमा प्रचलित उखानलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । उखानलाई वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वानहरूले पहिल्याएको आधारहरू समेतलाई आधार मानिएको छ । उखानको वर्गीकरणको आधार पहिल्याउने क्रममा कृष्णप्रसाद पराजुलीले रूपात्मक र विषयात्मक वर्गीकरण गरी त्यस अन्तर्गत रूपात्मक वर्गीकरणमा शब्दशक्ति र संरचना गरी दुई हाँगा देखाएका छन् । संरचना अन्तर्गत बालकृष्ण पोखरेलले उखानलाई अभिधामूलक र लक्षणामूलक गरी वर्गीकरण गरिदिएको पाइन्छ । रूपात्मक वर्गीकरणमा चासो राख्ने भारतीय विद्वानहरूमा डा. कन्हैयालाल सहल, शशिशेखर तिवारी हुन् । विषयात्मक वर्गीकरणमा जोड दिने विद्वानहरूमा डा. कृष्णदेव उपाध्याय, जान क्रिस्चियन, डा. कुन्दनलाल उप्रेती मुख्य छन् । यिनीहरूले उखानको विषयात्मक वर्गीकरणमा तीन देखी चौधवटासम्म बुँदा देखाएका छन् । नेपाली उखानको वर्गीकरण गर्ने क्रममा चूडामणि बन्धु, जीवेन्द्रदेव गिरी, बालकृष्ण पोखरेल र कृष्णप्रसाद पराजुली अग्रणी देखिएका छन् ।

बिर्तादिउरालीमा प्रचलित उखानलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । ती मध्ये विषयको आधारमा पौराणिक, धार्मिक, लोकविश्वास, सामाजिक,जातीय, परिवार र नातागोता, आर्थिक, प्राकृतिक जगत्सम्बन्धी, राजनीति, रङ्भेदको स्वर, लैङ्गिक विषय, मनोविज्ञान, नीतिशिक्षा, विविध विषयसँग सम्बन्धितउखानहरू रहेका छन् । शब्दशक्तिको आधारमा अभिधामूलक र लक्षणामूलक उखान गरी २ प्रकारमा विभाजन गरिएको छ । शब्दस्रोतका आधारमा मौलिक र आगन्तुक गरी वर्गीकरण गरिएको छ । दृष्टि बिन्दुको आधारमा बिर्ताली उखानलाई प्रथम पुरुष, मध्यम पुरुष र अन्य पुरुष गरी वर्गीकरण गरिएको छ । सँरचनाका आधारमा आकार, लय, प्रश्नात्मकता र भाषका आधारमा वर्गीकरण गरिएको छ । आकारका आधारमा बिर्ताली उखानहरू लामा र छोटा, लयका आधारमा पद्यात्मक र गद्यात्मक, प्रश्नात्मकताका आधारमा सामान्य, प्रश्नात्मक र प्रश्नोत्तरात्मक गरी तीन भागमा छुट्याइएको छ । भाषाका आधारमा अन्यभाषाबाट प्रभावित र अप्रभावित गरी, चिन्तनका आधारमा परम्परागत उखान र क्रान्तिकारी उखान गरी वर्गीकरण गरिएको छ ।

## परिच्छेद : छ

# बिर्तादिउरालीमा प्रचलित नेपाली उखानको विश्लेषण

## ६.१ विषय परिचय

यस अध्यायमा बिर्तादिउराली गा.वि.स.मा प्रचलित उखानको विश्लेषणत्मक अध्ययनको आवश्यकता माथि प्रकाश पार्ने प्रयास गरिएको छ । नेपाली उखानको अनुसन्धान कार्यमा लागेका विद्वानहरूको प्रयासले उखानको अध्ययन गर्ने परम्पराको थालनी भएको छ । उखानको पर्याप्त संकलन पनि भएको छ । तर संकलित उखानको आवश्यक विश्लेषण भएको पाइदैन । उता नेपाली भाषाका उपभाषिका भित्रका उखानहरूको संकलन न्यून देखिन्छ । उखानको जति संकलन र विश्लेषण गरिएको छ त्यसलाई प्रशंसनीय नै मान्नुपर्दछ । तापनि संतोष मानेर बस्ने स्थिती भने छैन । नेपाली उखानको संकलन स्थानीय स्तरसम्म पुगेर हुन सकेको छैन । हुन त उखान भन्ने कुरा भाषिक प्रयोगको शिलशिलामा कुनै पनि निचोडमा निस्कने अपरिवर्तनीय तत्व उखान हुन जान्छ । तसर्थ उखानको संकलन कुनै एक समयमा गरिनु पर्याप्त हुदैन । त्यसैले यस अध्ययन पत्रमा स्थानीय तहसम्म पुगेर उखानको संकलन गर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपाली उखानको विशेषता तथा महत्वमाथि व्यापक प्रकाश पारी त्यसको वर्गीकरण र सुहाउँदो विश्लेषण गर्न नेपाली उखानका अध्येताहरूको ध्यान जान जरुरी भैसकेको छ । नेपाली उखानको अर्थ दिने र सहि प्रयोग गर्ने कार्य निकै कम मात्रामा भएको पाइन्छ । तसर्थ उखानको प्रयोग कसरी कहाँ गर्ने हो भन्ने त्यसको पहिचान गरी उचित नमूना प्रस्तुत गर्न आवश्यक देखिएको छ । नेपाली भाषामा पनि संकलनमा नआइसकेका र नयाँ नयाँ सिर्जना भैरहेका उखानहरूलाई समाबेस गर्दै लानु वाञ्छनीय देखिन्छ । यिनै विभिन्न कारणले गर्दा नेपाली उखानको वर्गीकरण र नवीनतम विश्लेषण गर्न अर्थ र प्रयोग समेत दिन नितान्त आवस्यक भएको छ । त्यसैले यस अध्ययन पत्रमा विविध शिर्षक माथि केन्द्रित रहेर नेपाली उखानको विश्लेषण गरिएको छ ।

## ६.२. विषयका आधारमा उखानको विश्लेषण

कुनै पनि विधामा पहिलो महत्वपूर्ण तत्व विषय हो । उखानको विश्लेषणमा पनि विषय उल्लेखनीय तत्वको रूपमा रहेको छ । विषय भन्नाले समाजको सामाजिक, आर्थिक,साँस्कृतिक, न्यायिक, ऐतिहासिक, धर्म सँस्कृति, चालचलन, रहनसहन, बोलीव्यवहार, आचारविचार, नियमकानून, रीतिस्थिती, भेषभुषा आदि सबै पर्दछन् । यिनै विविध विषयले समाजको सक्कली स्वरूपको परिचय दिन्छ । यसै आधारमा विषयलाई उखानको विश्लेषण गर्ने उपयूक्त आधारस्तम्भको रूपमा प्रस्तुत गरिएको छ ।

### *६.२.१. सामाजिक-साँस्कृतिक पक्ष*

मानिस सामाजिक प्राणी हो । समाज मानिसको घर हो । यसै घर भित्र मानिस जन्मने, हुर्कने, र व्यवहार चलाउने आदि जीवनयापनका काम, कर्तव्य र अधिकारको उपभोग गर्दछ । लोकजीवनका अनुभव र ज्ञानको तीब्र व्यञ्जना दिने माध्यम उखान पनि एक हो । कुनै पनि समाजको सामाजिक, साँस्कृतिक जीवनका यथार्थ जानकारी पाउन त्यस समाजले राँईदाँई गरेको ठाउँमा पुगेर प्रचलित विषयवस्तु उखान आदिको प्रयोग अवस्था बुझ्नुपर्दछ । भाषाका खिरिला अभिव्यक्तिहरू उखानमा पाइन्छन् । सामाजिक रीतिस्थिति, पारिवारिक सम्बन्ध, भातृत्व भाव, भाइ बन्धुबीचको सहसम्बन्ध, नातागोता र छरछिमेकका हार्दिकता, सहानुभूति, जीवनका सुख दु:ख, माया प्रेम, आयामेली रूपमा बिर्ताली उखानमा सलबलाई रहेका भेटिन्छन् । घर परिवार नै पहिलो पाठशाला हुँदा सामाजिक आदर्श, मूल्य मान्यता र सम्बन्धको सिमा यहीँबाट मूखारित भएको बिर्ताली उखानले प्रकट गरेका छन् । परिवारमा स्त्री र पुरुष बिचको सम्बन्ध, पुरुषले नारीलाई हेप्ने प्रवृत्ति आदि बिर्तादेउरालीका उखानमा जकडिएको पाइन्छ । बिर्ताली उखानका सामाजिक, पारिवारिक, धार्मिक, साँस्कृतिक पक्षको सिँगो छायांकन भएको छ । बिर्ताली उखानले सामाजिक सम्पत्तीको रूपमा रहेको नाचगान, भेषभुषा, नीतिनियम र जातिपाती समेत हरक्षेत्रलाई समातेर आफ्नो पहिचान दिएको छ ।

#### *६.२.१.१. पारिवारिक सम्बन्ध र छरछिमेक*

पारिवारिक जीवन समाजको महत्वपूर्ण अङ्ग हो । प्रारम्भिक शिक्षा दिक्षा घरबाट सुरु हुन्छ । बोलीचाली, हाउभाउ, आनीबानी जस्ता मानवीय गुणहरूको विकास घरबाटै सुरु हुन्छ ।

व्यक्तित्वको विकास गर्ने र उसको संस्कार वा जीवन शैलीमा सुधार गरी परिवर्तन ल्याउन परिवारका सदस्यहरूको ठूलो हात हुन्छ । जीवनलाई कसरी उज्यालो तर्फ लैजान सकिन्छ भन्ने दायित्वबोध गर्ने विशिष्ट भूमिका सर्वप्रथम परिवारमा नै हुन्छ । तसर्थ बिर्ताली उखानले परिवारका सदस्यहरूको सम्बन्ध, भूमिका, दायित्व, कर्तव्य, जस्ता कुराहरूको वखान गरेको छ । आमाबाबुलाई दिने मान, मर्यादा, छरछिमेकका तहमा दिनुपर्ने मान सम्मान आदि धारणा उखानमा उल्लेख छ ।

आफ्नो घरपरिवार सुधार्न परिवारका सबै सदस्यहरूको भूमिका बराबर हुन्छ । यदि परिवारका प्रत्येक सदस्य आ-आफ्नै तालमा हिँड्ने हो भने परिवार बिग्रन सक्छ भन्ने भाव **"बिग्रया मान्छे भत्क्या घर जता हेऱ्यो उतै दैलो"** भनेर उखानले पुष्टि गरेको छ । त्यसैगरी परिवारमा आमाको माया ममता कति महत्वपूर्ण हुन्छ भन्ने कुरा दर्शाउन **"अरुको लाख आमाको काख"** भन्ने उखान प्रयोग भएको छ ।  आमा जस्तो ठूलो त अरु को हुन सक्छ र ? हुन पनि आमा मरेपछि बाबुले अर्की स्वास्नी ल्याएर जेठीका छोराछोरी माथि गर्ने व्यवहारलाई **आमा मरी बाबु डाँडापारी** भन्ने उखानले छेड हानेर आमालाई सर्वोत्कृष्ट स्थानमा उभ्याएको छ । जन्म दिने आमा र जन्मेको ठाउँ साँचैनै स्वर्गभन्दा ठूला हुन् । आमाबाबु छोराछोरी जन्माएर हुर्काएर ठूलो गराउँछन् । उनीहरूलाई बूढेसकालमा **सास छउन्जेल आस हुन्छ** की छोराछोरी ठूलाभएपछि धनसम्पत्ति कमाएर ल्याई बृद्ध अवस्थामा मीठो मसिनो खुवाउलान्  तर उल्टै **छोरालाई अंश छोरीलाई ज्वाँई** भनेझैं बिहे गरेको कोट मैलन नपाउँदै बाबुसँग अंश मागेर भिन्दा हुने स्थितिले छोराछोरीको बाबुआमा प्रतिको कर्तव्यलाई उदाङ्गो पारेको छ । आमाबाबु आफ्ना छोराछोरी सानु छँदा मर्लाकी भनेर कति चिन्तित हुन्छन् भन्ने कुरा **सानो छँदा मर्ला भन्ने पीर ठूला भएपछि मार्ला भन्ने पीर** जस्ता उखानले देखाएको छ । आमाबाबु छोराछोरी भनेपछि हुरुक्क हुन्छन् तर छोराछोरी ठूला भएपछि आमाबाबुलाई वास्ता समेत गर्दैनन् । तसर्थ **आमाबाबुको मन छोराछोरी माथि छोराछोरीको मन ढुङ्गामुढामाथि** जस्ता उखान सार्थक भएका छन् । त्यती मात्र कहाँ हो र बूढेसकालमा शरीर अशक्त भै काम गर्न नसक्ने हुन्छ । टाढा गई गाह्रो काम गर्न त परै जाओस् आफ्नै आँगन पनि परदेश हुन्छ । **बूढो भयो सब रङ्ग गयो आँगन भयो परदेश** भन्ने बेलामा आफ्ना सन्तान **बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि** भनेझै कामको सम्पूर्ण बोझ थपिदिन्छन् । आमालाई सौताने आमासँग तुलना गरेर उखान प्रयोग भएको छ । आमा जस्तो

प्यारो न त सौताने आमा हुन्छिन् न त बाबु नै, त्यसैले भनिएको छ **सौताने आमा' भात, आफ्नी आमा' लात** । अरुले माया गरेको र आफ्नी आमाले चट्काएको चोटको दाँजोमा अन्य मायाको कुनै जोर चल्दैन । सौताका छोराछोरी कति बोझिला हुन्छन् भन्ने कुरा **सौताने माम्लो गला' दाम्लो** भन्ने उखानले दर्शाएको छ । जीवनमा आफ्नो आर्जनले परिवार धान्न धौ-धौ पर्दछ । यस्तो बेलाम अर्काका भिखले कति गुजारा चलाउन सकिन्छ भन्ने देखाउन उखानमा आमा र बाबुको नाम जोडेर लोकोक्ति प्रयोग भएको छ । **आमाको दुध खाएर पुगेन बाबुको घुँडो चुस्ने ।** यसबाट भिख भन्दा श्रम ठूलो, घुँडो भन्दा दुध नै असल हुने देखाइएको छ ।

परिवारमा बहुविबाह प्रथाले सौता सैतीमा मनमुटाव बढाई रहन्छ । सौता नारीको लागि मुटुको किलो, गलाको दाम्लो बराबर अप्ठ्यारो हुन्छ । **सौताको रिसले पोइको काख मुत्नु** भन्ने उखानले सौताको रिस कति हुन्छ भन्ने स्पष्ट हुन्छ । अझ सौताको छोरो त कालकूट विष बराबर नै हुन्छ । **सौताको छोरो मुटुको किलो** भनेर सौताने छोराछोरीलाई हेला र निन्दा गरिन्छ । नारी अधिकार र मानवताको सङ्घोष गर्ने महिलाहरू पनि सौता सुन्दा त अधिकार र मानवता भुल्न पुग्दछन् । छोराछोरीहरू प्रशस्त सम्पत्ति कमाएर मोजमस्ती गरिरहँदा बुबा आमा भने एक मुठी तातोपानी कस्ले देला भनेर आश गरिरहेका हुन्छन् । छोरो भण्डारी नै भएपनि बाबुले भिखारी हुनुपर्ने दुर्दशाको पर्दाफास् **बाबु भिखारी छोरो भण्डारी** जस्ता उखानको प्रयोगले गरिदिएको छ । यसरी अचेल छोराछोरीहरू बाबुआमालाई बृद्धाश्रममा लगेर छाडिदिने प्रबृत्तिले बूढाबूढीलाई सन्तान जन्माएर हुर्काएपनि **हात्ती आयो हात्ती आयो फुस्सा** भनेझै भएको छ । सन्तानले कर्तव्य बिर्सेका छन् । **हुने हार दैव नटार** भनेझैं सबैले आफ्नो चित्त आफैंले बुझाउनु बाहेक केहि पुरुषार्थ छैन ।

बिर्तादिउराली समाजमा पनि लोग्ने स्वास्नी बीचको असमानताले कहिलेकाँहि उतार चढाव ल्याउने गरेको पाइन्छ । तर त्यस्तो कल, झगडा धेरै दिन टिक्दैन भन्ने उखान चलेको छ । **लोग्ने स्वास्नीको झगडा परालको आगो** जस्ता उखानले परालको आगो बली सक्दा निभे झैं लोग्ने स्वास्नीको झगडा पनि तुरुन्त सकिने देखिएको छ । यसलाई **लोग्ने स्वास्नीको कल, ठाडो खोला' भल** भनेर पनि संकेत गरेको पाइन्छ । वर्षा रोकिएपछि जसरी ठाडो खोलाको भल तुरुन्तै सकिन्छ त्यसैगरी लोग्ने स्वास्नी बीचको झगडा, कल झगडा पनि गरुञ्जेल मात्र हुने देखिन्छ ।

पति पत्नी बीचको कल धेरै समय नटिकेर छिटै मेलमिलापमा परिणत हुने जनाएको छ । बहुविवाहको लागि समाजमा आफ्नै साली ताक्ने परिपाटीले बहुविवाह कर्मीलाई **सालीको आश गर्दा भिनाजुको स्वर्गबास** जस्ता उखानले बहुविवाहलाई इन्कार गरिदिएको छ । **दुईटी स्वास्नीको पोई कुना पसी रोई** जस्ता उखानले बहुविवाह दुःखदायी र अशान्तिकारक हुने देखाएको छ । तैपनि **तिन्टा गोरुको हल पक्का दुइटी स्वास्नीको घर पक्का** भन्ने रुढीपूर्ण उखानले बहुविवाहलाई उस्काएको छ । **खुट्टा भए जुत्ताको खाँचो** भन्ने उखानले महिलालाई जुत्तासँग दाँजेर निन्दा गरेको छ । यसबाट पुरुषजातिको भावना कलुषित देखिन्छ । **जाँ स्त्री उहीँ श्री** भन्ने भनाई पुरुषले विर्सेको छ । **आँटी छोरालाई बाघलेपनि खाँदैन** भनेर छोरामान्छेहरू मनोमानी समेत गरेर हिँड्छन् । यसबाट भावीजीवनमा पर्ने असरहरू बारे सोच्दैनन् ।

बिर्ताली समाजमा दाजुभाइ र दिदीबहिनीको सम्बन्धलाई पनि उखानमार्फत उल्लेख गरेको पाइन्छ । दाजुभाइका बीचमा हुने सम्बन्ध सकारात्मक - नकारात्मक दुबै हुन्छ । दाजुभाइका बीचमा परस्पर झगडा हुँदा नकारात्मक पक्षलाई **बाग हेर्नु परे बिरालो हेर्नू शत्रु हेर्नु परे दाजुभाइ हेर्नु** भनेर देखाएको छ । परिवारमा दाजुभाइको सहयोग सल्लाह पनि महत्वपूर्ण हुने गर्दछ भन्ने कुरालाई **गाई भए गोरस भाइ भए भोरस** भनेर उल्लेख गरेको छ । यसबाट भाइभाइमा प्रेम, मेलमिलाप भए कसैले हेपचेप गर्न सक्दैनन् नत्र भने **भाइफुटे गवार लुटे** भने झै आफ्नो सर्वस्व अरुले पारी दिन सक्छन् । दाजुले भाइलाई माया गर्नुपर्छ । भाइले पनि दाजुलाई सम्मान दिनुपर्छ । भाइभाइमा सानो ठूलोको भेद गर्नु हुदैन भनेर **आगो सानो र भाइ सानो हुदैन** भन्ने उखान चलेको छ । जसरी सानो आगोको झिल्काले संसार डढाउन सक्छ । त्यसैगरी भाइठूलो भएपछि आफ्नो पौरख देखाउन सक्छ । एउटै परिवारमा छोराछोरी बीच भेद गरिन्छ । छोरालाई मीठो मीठो खुवाउने, छोरीलाई काममा दलाउने प्रवृत्तिलाई उदाङ्गो पार्न **गाई मारेर गधा पोस्ने, छोरालाइ अंश छोरीलाई ज्वाईं** जस्ता उखानहरू चलन चल्तीमा आएका छन् । धेरै खाने, भएको वस्तुको संचिता नगर्ने, छाडा भएर हिँड्ने जस्ता प्रवृत्ति माथि व्यङ्ग्य गर्दै **खाउसे छोरी, जाउसे बुहारी, रौसे छोरो, तीनै बेकाम** भनेर सुधारिन संकेत गरेको छ । परिवारमा एकातिर छोरीलाई हेला गने प्रवृत्ति छ भने अर्कोतिर छोरालाई पनि **छुल्या छोरा र मूल्या छोरा बेकाम** भनेर निन्दा गरेको पाइन्छ ।

बिर्ताली समाजमा छरछिमेकको सहयोग र सम्बन्धलाई जीवन पद्धतिसँग गाँसेर हेरिएको छ । सामाजिक, साँस्कृतिक संस्कार, धारणा, विश्वास एउटै परिवेशमा चलेका चलनहरूले समाजका सदस्यहरूलाई एकत्रित हुन बाध्य पारेको छ । समाजमा बसेपछि एकको सहयोग अर्कोलाई अपरिहार्य हुन्छ । त्यसैले सामाजिक सदस्यलाई **जीउँदा' जन्ती मर्दा' मलामी** भनेर सम्बोधन गरिएको छ । अप्ठ्यारो परेको बेलामा छरछिमेक नै काम लाग्ने हुन्छन् । ऐचोपैंचो वस्तु विनिमय गर्नुपर्दा छिमेकी नै पहिला मित्र हुन्छन् भनिएको छ । तसर्थ **अन्नको पैंचो तिर्नु पानीको पैंचो नतिर्नु** भनि छिमेकीको सहयोगात्मक योगदानको महत्वमाथि प्रकाश पारिएको छ । **सेवा गरे मेवा मिल्छ, अन्याय गरे दण्ड मिल्छ** भनेर समाजको सेवा गर्ने अवसरको सदुपयोग गर्न उखानले घचघचाएको छ । हुन पनि एकले अर्काको सेवा गरेको खण्डमा समाजमा शान्ति र सम्बृद्धि मौलाउँछ । अन्याय गरे अपराध बृद्धि हुन्छ । त्यसैले समाजमा **सियो बनेर पस्ने मुसल बनेर निस्कने** जस्तो स्वार्थपूर्ण व्यवहार गर्नु हुदैन भन्ने सन्देश दिएको छ । टाढा बसेका दाजुभाई भन्दा नजिकका छिमेकी नै काम लाग्दा हुन्छ भनेर **टाढाको देउता नजिकको भुत** जस्तो सुकै नराम्रा भएपनि छिमेकी नै पहिला सहयोगी हुन्छन् भन्ने किंवदन्ति छ । दुःख परेको बेलामा आफ्ना नातागोता कहाँ जानु हुदैन । आपत-विपतको समयमा आफन्तकहाँ हेला हुन्छ । त्यसबेला मीत सहारा हुन्छन् भनेर **सुखमा ससुराली दुःखमा मीत** जस्ता उखान चलेका छन् । त्यस्तै **दुःखको सहारा गीत र मीत** भनेर पनि उल्लेख भएको पाइन्छ ।

बिर्ताली समाजमा पाहुनालाई देवता समान पुजिन्छ । त्यसैले **साँझका पाहुना देवता बराबर** भनेर सम्मान सूचक शब्द प्रयोग भएको छ । अर्कातिर धेरै पाहुना स्याहार्नुपर्दा आर्थिक संकटले **पाहुना लर्काउनु खेताला पल्काउनु** भन्ने उक्ति गरेको पाइन्छ । **पाहुनालाई आइदिए भो, बच्चालाई रोइदिए भो, बूढाबूढीलाई कराइदिए भो** भनेर पाहुनालाई लाग्नुपर्ने घरको अवस्था नबुझिदिने पाहुनालाई घरको बच्चा र बूढाबूढी सँगै व्यङ्ग्य गरेको छ । पाहुनाको स्याहार गरौं भने आफ्नो घरको काम हानी हुने र यसबाट घरबेटीलाई **न गरी खानु न मरी जानु** हुन्छ । पाहुनाको सम्मान नगरौं भने मीठो खाने रहरले पाहुना लाग्नु पर्ने दुर्दशाको **चौक्टा खान गएकी बूढी झोलमा डुबेर मरी** भने झैं अपमान हुन जान्छ । यसबाट पाहुना लाग्ने काम निर्घिणी हुने देखिन्छ । **हिस्स बूढी हरिया दाँत** भनेझैं अर्काको आश गर्नु सास छाड्नु जस्तै हो ।

*६.२.१.२. नारीपुरुषको चित्रण*

बिताली उखानले पनि नारीपुरुषको चित्रण गरेको छ । नारी कसैकी छोरी हुन्छन् त कसैको बुहारी, आमा, सासु, नन्द, भाउजु, फुपु, श्रीमती, बज्यै, सोल्टिनी आदि रूपमा चिनिन्छन् । यिनै विविध रूपका आधारमा नारीको जीवनचक्र संचालित हुन्छ । बिर्तादेउरालीमा प्रचलित उखानमा नारीका स्वरूप चित्रण गरिएका उखानहरू उल्लेख्य मात्रामा पाइन्छन् । नारीलाई पुरुष प्रधान समाजमा हेर्ने दृष्टिकोण सकारात्मक, नकारात्मक दुबै पाइन्छ ।

जब नारी पुरुषको प्यारी हुन्छे त्यसबेला नारी **जहाँ स्त्री उहीँ श्री** भन्दै धर्मपत्नी, अर्धाङ्गिनी, आदि सम्मानित नामले पुकारिन्छे । जब पुरुषलाई मन पर्दैन तब **खुट्टा भए जुत्ताको खाँचो** भनेर जुत्तासँग दाँजिन पुग्छन् । **मर्दको दशवटी हुन्छन्** भनेर हेपेर घुर्क्याउनु आदि प्रबृत्ति देखापरेको पाइन्छ । विवाह गरेर अर्काको घरमा जानुपर्ने दृष्टिले नारीलाई **छोरीको जन्म हारेको कर्म** भनेर खिस्याउने गरिन्छ । त्यस्तै छोरा पाए खुसी हुने र छोरी पाए तर्सने प्रवृत्तिले समाजमा विभेदको खाडल गहिरिदो छ । छोरा पाएकी नारीलाई मीठो मसिनो खुवाउने र छोरी पाएकीलाई फर्सी काट्ने प्रवृत्तिलाई चिर्न **छोरा पाए खसी छोरी पाए फर्सी, छोरा पाए हर्ष छोरी पाए तर्स** भन्ने उखान सिर्जना भएका छन् । **ढिलै होस छोरै होस** भनेर छोरीलाई कम महत्व दिएको छ । नारीबीना पुरुष नजन्मने तथ्यलाई भने कसैले सम्झेको पाइदैन । नारीले जन्माएको पुरुषचाहिँ खुसीको विषय हुने नारीले जन्माएको नारी चाहीँ पश्चातापको टाउको दुखाइको विषय हुने नेपाली समाजको गाँड्फत्य सोचाइ भेदपूर्ण छ ।

समाजमा प्रचलित उखानमा छोरी र बुहारीलाई हेर्ने दृष्टिकोण समान भएको पाइदैन । दुबै नारीहरू एक अर्काको छोरी नै हो भन्ने सासुहरू सम्झदैनन् । बुहारीलाई तह लगाउन वा बुहारीले भनेको मानिन भने आफ्नी छोरीलाई कुटेर देखाउने चलनलाई **छोरी कुटेर बुहारी तह लागाउने** उखानले बाहिर घरबाट आएकी छोरीलाई कज्याउन जन्मघरकी छोरीले कुटाई खानुपर्ने देखिएको छ । सासु हुनेहरू कस्ता छोराको स्वास्नी तह लागाउन आफ्नी पेटकी छोरी कुट्ने, बरु आफ्नै छोरालाई कुटेर देखाइदिनु नी आँट भए । परिवारमा बुहारीलाई गाली गर्नुपर्दा **उसै त बुहारी भट्मास खाएकी, काम पाइनस् बुहारी पाडा' कन्नो कना** जस्ता नीच शब्दहरू प्रयोग भएको पाइन्छ । त्यस्तै छोरी बुहारीले धेरै खाए र बढि कुरा गरे भने **खन्चुवा छोरी, कुरौटे बुहारी**

भनेर लख्काटिन्छ । कुनै काम गर्दागर्दै बिग्रन गयो भने नारीलाई **उत्ताउली गाई बाघले खाई** भनेर हप्काइन्छ ।

नारी घरको लक्ष्मी हो । घरमा पकाउने खुवाउने काम नारीहरूको हो । परिवारका सदस्यहरूलाई खुवाउँदा खुवाउँदै कहिले काँही नारीको भाग बस्दैन । भान्साकी माली भएपनि त्यसबेला नारी **घट्टको पिठो तारीको साग केहि पनि रहेन बूढीको भाग** भनेझैं भोकै पेट बस्नुपर्ने स्थितिको सिर्जना भएको समेत देखिन्छ । **छोराले खाको र घोडाले खाको खेर जाँदैन** भनेर छोरीले खानै नहुने जस्ता भनाई व्यक्त भएको छ । पकाउने सामान नै नभइकन पनि नारीले पकाउनुपर्ने बाध्यतालाई चिर्न **घीउ न तेल पका बूढी सेल** जस्ता उखानले नारीलाई अप्ठ्यारो पारेको देखिन्छ । घरमा भाँडाकुँडा साफ गर्ने, चुलाचम्का गर्ने देखि लिएर धारा पँधेरा बाट पानी ओसार्ने काममा समेत महिलाहरूलेनै दलिनु पर्दछ । धारा पँधेरामा भेट हुँदा महिलाहरू आपसमा आ-आफ्ना सुख दुःखका कुराहरू गर्ने गर्दछन् । महिलाहरूले गरेका कुरालाई पूरा हुन नसक्ने भन्दै **पँधेर्निका कुरा न हुन्छन् पूरा** भनेर हावामा उडाइन्छ । कति नारीहरू आफ्ना पतिसँग बस्न नसकेर घर छोडी माइतीको सहारामा पनि बाँचिरहेको देखिन्छ । त्यसबेला **भैंसीलाई सिङको भारी हुँदैन** भनेर नारीहरूले चित्त बुझाउने गरेको पाइन्छ । यसरी तलनात्मक रूपमा पुरुषलाई भन्दा नारीलाई कम महत्वको साथ हेरिएको छ ।

### *६.२.१.३. वर्गीय द्वन्द*

सामाजिक अवस्था र विश्वासमा सँचालित नेपाली समाजमा वर्गीय असमानता छ । वर्गीय असमानतालाई लोकसाहित्यकार जीवेन्द्र देव गिरीले हक्की झोम्काको संज्ञा दिएका छन् । हक्की झोक्काका अभिव्यक्तिहरूले बिर्ताली उखानमा आफ्नो डेरा जमाएका छन् । कुनै पनि समाजमा दुई वर्गका मानिसहरू हुन्छन् । एक वर्गले शासन गर्छ । अर्को वर्ग श्रम गर्छ । शासन गर्ने वर्ग उच्च हुन्छ । श्रम गर्ने वर्ग निम्न हुन्छ । उच्च वर्गले निम्न वर्गलाई कसरी श्रममा आफ्नो हित अनुकूल प्रयोग गर्छन् भन्ने कुरा बिर्ताली उखानले उल्लेख गर्न बाँकी राखेका छैनन् । समाजमा शासनको पगरी गुथ्ने हैकमवादी प्रवृत्ति भएका वर्गहरू र शोषित पीडित वर्ग बीच समय-समयमा द्वन्द हुने गरेको कुरा **आइलाग्ने माथि जाइलाग्नू पर्छ** भन्ने उखानले स्पष्ट परेको छ । शोषित वर्गहरू **उहिल्या कुरा खुइले अहिल्या कुरा चले** भन्दै शाषक वर्ग उपर विरोधका

स्वरहरू घन्काइरहेका उदाहरण छन् । यसबाट समाज नयाँ दिशामा नयाँ कुरा खोज्न अग्रसर भएको बुझ्न सकिन्छ । उच्च वर्गले निम्न वर्गलाई **ओरालो लाग्या मृगलाई बाच्छाले पनि खेद्छ** भनेझैं सधैं दबाएर राख्न चहान्छन् तर निम्न वर्गको जमातपनि सधैं खेदिएर रहन चहाँदैन । आफ्नो वर्गको शासन आफैं गर्न उच्च वर्गलाई संघर्सको धावा बोल्न पुग्दछ । **औला दिँदा डुडुल्को निल्ने** उच्च वर्ग श्रमिकबाट जति मसिना खानपाएपनि अघाउँदैनन् । मुर्मूरिएका निम्न वर्ग **कहिले सासुको पालो कहिले बुहारीको पालो** भनेझैं उच्च वर्गको स्थानमा आफ्नो हक स्थापना गर्न संघर्षशील देखिन्छन् । निम्नवर्गीय एकताबाट उच्च वर्गीय स्वार्थमा कुनै हलचल ल्याउन सक्दैन भन्ने भावनालाई **कुवाको भ्यागुतो बनकी चरी, भ्यागुतो जति उफ्रेपनि कुवाभित्रै** भन्ने उखानले औंल्याएको छ ।

समाजमा एकाथरी मानिस रातारात करोडौं पति भएका छन् भने अर्काथरी मानिस दिनानुदिन रोग, भोग र अशिक्षाले ग्रसित भएका छन् । कोही दिन दुइगुणा र रात चौगुणाका दरले मोटाउँदै जाने र कोही ज्यामितीय रूपमा समेत अघि बढ्न नसक्ने स्थितिलाई **हुनेलाई जहिँतहिँ नहुनेलाई कहिँ न कहिँ** भन्ने उखानले दर्शाएको छ । गरिब बर्गहरू रातदिन दशनग्रा खियाउँदा पनि पेट पाल्न सक्दैनन् । शाषक वर्गहरू हुकुम दिएकै भरमा मोजमस्ती गर्ने स्थितिले वर्गीय द्वन्दको सिर्जना हुन्छ । **गरिबलाई ऐन धनीलाई चैन** भनेझै श्रम नगर्ने वर्ग चैन गर्दछन् । गरिब वर्गलाई कानून लगाएर सताइन्छ । विपन्न वर्गको स्वार्थ एक पेट पाल्नमा सीमित हुन्छ । तर सम्भ्रन्त वर्ग अरुलाई शोषेर आफ्नो स्वार्थ पूर्ति गर्छन् । **ठूला मर्छन् नामका लागि साना मर्छन खानका लागि** भनेझैं श्रमिकवर्ग खानका लागि रगत पसिना बगाउँछन् । उच्च वर्ग श्रमिकलाई काम लगाएर नाम कमाउँछन् । **धनीलाई रासमाथि रास गरिबलाई पुर्पुरोमा हात** भन्ने उखानले धनी दिनदिनै धनी हुदै गएको र गरिबहरू झन गरिब हुदै गएको दर्शाएको छ । यस्तो दयनीय स्थिति भएका श्रमजीवि वर्गको पीडा एकातिर छ भने अर्कोतिर गरिबले आफ्नो अधिकार खोज्दा **धानखाने मुसो चोट पाउने भ्यागुतो** भनेझैं उल्टै दण्ड पाएका छन् ।

यसरी समाजमा सम्पन्न वर्ग र विपन्न वर्ग दुइथरी छन् । उच्च वा सम्पन्न वर्गले निम्न वा विपन्न वर्ग प्रति गरेको थिचोमिचोलाई बिर्ताली उखानले उल्लेख गरेको छ । निम्न वर्गको बाहुल्यता रहेको समाजमा उच्च वर्गको हैकम रहँदासम्म वर्ग संघर्ष हुन्छ । आफ्नो हक

अधिकारको लागी **छेउको सियो भित्तामा** भने जस्तै शासक वर्गलाई भित्तो लगाउन संघर्ष भैरहेको पाइन्छ । श्रमजीवि वर्ग सधैं हेपिएर चेपिएर रहन चाहदैनन् । आफ्नो मूक्तिको लागि निम्न वर्गीय एकतालाई बढाउँदै **भुसुनाले हात्ती रुवाउँछ** भने जस्तै शासक वर्गलाई हटाउन संघर्समा झुम्मिरहेका हुन्छन् । शोषित पीडित विशाल जनसंख्याले शासक वर्गलाई नरुवाउलान भन्न सकिँदैन र श्रमिक वर्ग भुसुनाको दर्जामा जीउनु पर्ने अल्छ्याइँ वर्ग शासकको रूपमा हात्ती बनिरहने स्थितिलाई बिर्ताली उखानहरूले टड्कारो रूपमा व्यक्त गरेका छन् । हात्तीरूपी सामन्तलाई भुसुनो रूपी श्रमिक वर्गले एकताको बल लगाए भने समाप्त गर्न बेर लाग्दैन ।

### *६.२.१.४. सामाजिक विकृति र बिसङ्गति*

बिर्तादिउरालीमा रहेका विकृति र बिसङ्गति उखानका रूपमा प्रकट भएको पाइन्छ । समाजमा बिभिन्न प्रकारका मानिसहरू हुन्छन् । तिनीहरूको स्वभाव र चालचलन राम्रा नराम्रा दुबै खालेहुन्छन् । **आज मऱ्यो भालि दुई दिन, आज मऱ्यो भोलि औषधि** जस्ता उखानले समयमा उपचार नपाएको कुरालाई संकेत गरेको छ । नेपालीहरू आफू अघि सरेर काम नगर्ने, अरुले गर्न लागेको काममा पनि **लाटाँ देशाँ गाँडो तन्नेरी** भनेर लख काट्ने गर्छन् । **माझीको मत गर्दा सात गाउँ डुब्छ** भनेझैं सामाजिक काममा गर्ने ढिलासुस्ती र नकारात्मक परिणामलाई बुझाउन उक्त उखान प्रयोग भएको पाइन्छ । निर्धा गरिबलाई ठूलाबडा भनाउँदाले होच्याएर गाली गर्ने प्रवृत्तिलाई **भुत्रो खा चुत्रो टिप** जस्ता निच शब्दले उखानको रूपमा स्थान पाएका छन् । जान्ने सुन्ने हुँ भन्नेहरूले निमुखा सोझालाई काममा दलाएर आफू ठालू बन्ने प्रवृत्तिलाई **भाग्यमानीको भूतै कमारो** भनेर विसंगत स्थितिको सिर्जना गरेको छ । **हिड्ने गोरुको पुच्छर निमोठ्ने** जस्ता उखानले समाजमा रातोदिन पसिना त्यागेर काम गर्नेलाई बढि दोष दिने र छलछाम गनेहरूप्रति कोही बोल्न नसक्ने हीनताको भावप्रति उखान व्यक्त भएको छ । यसलाई **नमच्चिने पीङको सय झड्का** उखानले पनि स्पष्ट पारेको छ । जो काम गर्न सक्दैन उही धाक धक्कु लगाएर ठूलो मान्छे हुँ भनेर नाक ठडाउन खोज्छ । यस्तै प्रवृत्तिले समाजमा विसंगतिको कालो बादल छ भन्ने देखाउँछ ।

### *६.२.१.५. नाचगानको चित्रण*

नाचगान समाजको जीउँदो सँस्कृति हो । विभिन्न जातजातिका आफ्नै परम्परा छन् । तिनले अङ्गालेको साँस्कृतिक विविधता पनि फरक फरक छन् । चाडपर्व, मेलापात, उकाली ओराली, देउराली भञ्ज्याङ, खेत पाखा, खोला नाला, चौतारी डाँडाकाँडा, आदिमा उल्लेख हुने भावनालाई उखानमा संश्लेषण भएको पाइन्छ । **गितार बजाउनु दु:खमा रमाउनु** जस्ता उखानले दु:ख पीड, व्यथा, र छटपटिमा बजाएर, गाएर मनलाई शान्त पार्नु पर्ने तर्क गरेका छन् । त्यस्तै **दु:खको साहारा गीत र मीत** भन्ने उखानले गाना गाएर आँसु, रोदन र कुण्ठाको पीडालाई विर्साउन सकिने उल्लेख गरेको छ । **गीत लाई बाजा र खेतालालाई खाजा** भन्ने उखानले गीत गाउँदा बाजा बजाउनु पर्ने आवस्यक्ता महशुस गरेको छ । बाजा बीनाको गीत खल्लो हुने संकेत गरेको छ । **आफ्नै खैंजडी आफ्नै ताल** जस्ता उखानले पनि नाचगानमा बाद्यबादनको उपस्थितिलाई अनिवार्य गराएको पाइन्छ । **नाच्न नजान्ने आँगन टेडो** जस्ता उखानले समाजका गल्ती आफू गर्ने दोष अरुलाई लगाउने, आफू पन्छिएर सत्य ठहरिने झुट्टो प्रवृत्तिलाई ओकालत गरेको छ । काम गर्न् सीप क्षमता केहि नभएकाहरू अर्कालाई दोष दिएर आफू अलग्गिन्छन् । काम गर्ने सीप, क्षमता र इच्छा छ भने आँगन टेढो भएर केही रोकिँदैन । **गीतको पैँचो गीत** यस उखानले नाचगानको निरन्तरतालाई जोड दिएको छ । गीत एक प्रकारको आवाजको नाच हो । नाचमा गीतको भावको अभिनय झल्किएको हुन्छ । बाजा गीतको तालमा हुन्छ । बाजाले पनि गीत गाइरहेको हुन्छ । बाजाको धूनमा पनि नाचको झलक हुन्छ । त्यसैले **बाजा गाजा नाचगानको खाजा** जस्ता उखानहरू प्रचलित छन् । तसर्थ नाच्नु, गाउनु, र बजाउनु एक अर्काको परिपूरक मानिन्छ । एकको अभावमा अर्को खल्लो जस्तै हुन्छ ।

### *६.२.१.६. खानपानको वर्णन*

बिर्तादिउरालीमा जनताको आय आर्जन अनुसारको खानपानको बयान गरिएको उखानहरू पनि पाइन्छन् । यहाँका मानिसहरूको खानेकुरा गुन्द्रुक, ढिँडो, भात, तिहुन, दाल, अचार, रोटी, घीउ आदि रहेको हुन्छन् । अचार खाने, मामा घर जाने, ठूला बडासँग संगत गर्ने जस्ता कुराहरू बिर्तादिउरालीका उखानमा सम्लग्न रहेको पाइन्छ । **अचार खानु तामाको घरमा जानू मामाको, अचार हाल्नु मूलाको संगत गर्नू ठूलाको** जस्ता उखानमा खानपानको समाबेस भएको छ । कुनै

पनि समाजमा सम्पन्न बर्ग मात्र हुदैनन् विपन्न वर्गपनि हुन्छन् । विपन्न वर्गलाई हातमुख जोर्न धौ-धौ परेको पनि हुन्छ । हाम्रो अर्थव्यवस्था धरासायी हुनाले निम्न वर्गीय परिवारमा गरिबीले छाएको हुन्छ । अँचो - पैँचो गरेर भएपनि दैनिक समस्या टार्नु पर्ने हुन्छ । तसर्थ **अन्नको पैँचो तिर्नु पानीको पैँचो नतिर्नु** जस्ता उखान चलेका छन् । भनेको बेलामा एक मुठी भुटेको मकै सम्म खान नपाउने बेलामा जो भएको मीठो मानेर खानुपर्ने हुन्छ । परिवारमा कुनै सदस्यलाई खानेकुरामा चित्त नबुभ्दा **खाए खा नखाए घिच** भनेर रिस व्यक्त गर्ने चलन समेत रहेको छ । **रोटी चिल्ला मीठा कुरा खस्रा मीठा, एकोहोरो रोटी पाक्दैन** भनेबाट बिर्तादेउरालीमा रोटी खाने चलन भएको देखिन्छ । त्यस्तै खानामा तरकारीको ठूलो महत्व हुन्छ । तरकारी बीना भात खान सकिँदैन । तसर्थ तरकारीको महत्व देखाउन **घर बलियो लिउनले बूढो बलियो तिहुनले, भातलाई तिहुन घरलाई लिउन** जस्ता उखानले मद्दत पुऱ्याएको छ । बिर्तादेउरालीमा चामल मात्र फल्दैन । चामल मात्र खाएर निर्वाह पनि हुदैन् । आफ्ना खेतबारीमा फलेको मकै लगायतका अन्न उपयोग गर्नु पर्दछ । तसर्थ **भुक्लुक्क पानी छ्वास्स पिठो ओढाल्यो ढिँडो खायो हिँड्यो माभ्यो भाँडो कति चाँडो** जस्ता उखानले समाजमा मानिस विपन्न रहेको, आर्थिक अवस्था कमजोर रहेको, खेतबारीबाट कम उत्पादन हुनाले बेसावटी सामल खानु पर्ने बाध्यताको टड्कारो चित्रण गरेको छ । तरकारी पकाउँदा घीउ, तेल प्रयोग हुन्छ । **होस्टेको तालमा घीउ हाल दालमा** भन्ने उखानले बिर्तादेउरालीमा दाल तरकारी पकाउँदा घीउको प्रयोग हुने गरेको देखाएको छ । **घीउ न तेल पका बूढी सेल** जस्ता उखानले घीउ तेल प्रशस्त नपाइने कुराको संकेत गरेको छ तापनि बेसाएर भएपनि सेल चाँही पकाउनै पर्ने स्थितिको आभाष पाइन्छ । यसबाट बिर्तादेउरालीमा व्यवस्था के कस्तो छ ? के-के खानेकुरा उपयोग कसरी भएको छ ? भन्ने यथार्थको प्रस्तुत भएको छ ।

#### *६.२.१.७. बेशभूषाको चर्चा*

बिर्तादेउरालीका उखानले बेषभूषाको चित्रण पनि गरेको छ । यहाँका पुरुषहरूले दौरा सुरुवाल , टोपी, कोट, सर्ट, पाईन्ट, ज्याकेट, सुइटर, इस्टकोट, ज्वारीकोट आदि लगाउँछन् । महिलाहरूले साडी, चोलो, धोती, ब्लाउज, लाली, फूली, सिन्दुर, टिका, पोते, सौभाग्य सूचक गरगहना आदि लगाउँछन् । महिला र पुरुषले लगाउने पोशाकलाई उखानले भिन्दाभिन्दै पाराले व्यक्त गरेको छ । पुरुषहरूले दौरा, टोपी लगाउने गरेकोले **दौरा न सौरा टोपी, टोपी न सोपी के**

**ले कपाल छोपी** जस्ता उखानहरू प्रचलनमा रहेको पाइन्छ । दौरा, सुरुवाल टोपी नेपालीको राष्ट्रिय पोशाक भएकोले यसको उल्लेख उखानमा पनि भएको हो । **जाडोलाई काम्लो भारीलाई नाम्लो** जस्ता उखानले यहाँ जाडो हुने र जाडोमा बाक्ला लुगा लगाउने गरेको तथ्य काम्लो शब्दको प्रयोग भएबाट स्पष्ट हुन्छ । लुगा हुनेलाई जाडो लाग्ने र लुगा नहुनेलाई जाडोपनि नलाग्ने यथार्थलाई प्रस्ट्याउन **छ लुगा छ जाडो छैन लुगा छैन जाडो** जस्ता उखान प्रचलित छन् । यहाँका पुरुषहरू कम्बरमा सेतो धोती लाउने गरेकाले उखानमा पनि **ठेकीको बिर्को धोतीको फूर्को कस्नुपर्छ** जस्ता उक्ति बोलेको सुन्न पाइन्छ ।

महिलाहरूले लगाउने लुगा कपडाको समेत बिर्ताली उखानले मुख फोरेका छन् । महिलाहरू कोरीबाटी गर्न, सिँगार पटार गर्न बडो खप्पिस हुन्छन् । यो उनिहरूको अधिकारको कुरा समेत हो भन्दछन् । आँखामा गाजल, ओठमा लाली महिलाहरू लगाउँछन् । तसर्थ **गाजले बूढी हावामा उडी** भनेर चिटिक्क परेको अवस्थालाई संकेत गरेको छ । त्यस्तै **घरकी माली बन्छे जाली ओठमा लाली** भन्ने उखानले घरका महिलाहरू ओठमा लाली लाउनाले जाली जस्तै भएको व्यङ्ग्य गरको छ । महिलाहरू बिवाहपछि सिन्दुर, पोते लगाउँछन् । पोई छैन भने सिंन्दुर पोते लगाउँदैनन् भन्ने जनाउन **जोइ न जुँगा पोई न पोते** भन्ने उखान चलेको छ । सिन्दुर पोते जस्ता महिला सौभाग्य सूचक सामाग्री बिवाहकै दिनमा लगाउनु महत्वपूण मानिन्छ । **लगनपछिको सिन्दुर पोते** जस्ता उखान प्रचलित भएको पाइन्छ । समय परिवर्तनशील छ । समाजमा निरन्तर परिवर्तनका संकेतहरू देखिरहन्छन् । लवाइ खवाइ गराइ हरक्षेत्रमा पश्चिमी विज्ञानको चमत्कारको प्रभाव हाम्रो समाजमा पनि पारिहेको छ । मानिसहरू परिवर्तनलाई अङ्गिकृत गरी अगाडि बढ्न बाध्य हुन्छन् । यसलाई **देश अनुसारको भेष कपाल अनुसारको केश** भनेर उल्लेख गरेको छ । इज्जतको नाममा मानिसहरू पेट रित्तो राखेर भएपनि बाहिर मलमल रेशमको कपडा लगाएर टाँइफाँइ गर्छन् । यसलाई **फूस्रो कन्नालाई मलमलको धोती, बाहिर हेऱ्यो नैना सुत भित्र हेऱ्यो भैंमा सुत** जस्ता उखानले व्यङ्ग्य गरेका छन् । यसबाट मानिस इज्जतको लागि भोकै बसेर बाहिर मलमल र नैनासूतले ढाकिएर हिँड्ने खोक्रो यथार्थको नाङ्गो चित्रण गरेको छ । जीउँदामा रङ्गीबिरङ्गी कपडा प्रयोग भए जस्तै मरेपछि पनि कपडाको प्रयोग भएको **मुर्दामाथि कात्रो** जस्ता उखानले देखाएका छन् । यसरी बिर्ताली उखानले जीउँदा र मृत दुबै थरिलाई चाहिने बेशभुषाको चर्चा गरेको छ ।

### *६.२.१.८. जातिपातिको चर्चा*

नेपाल विभिन्न जातजातिको साझा फूलबारी हो । यहाँ चार जात छत्तिस वर्णको बसोबास छ । बिर्तादेउराली पनि विशाल फूलबारीको एक सानो फूलबारी नै हो । बाहुन, क्षेत्री, दमाई, कामी, घर्ती तामाङ, पहरी, माझी जस्ता विभिन्न जातहरू यहाँ बसोबास गर्छन् । यी जातजातिको बारेमा उखानमा पनि धेरै थोर उल्लेख भएको पाइन्छ । **कुमाइको घुमाई जैसीको जाल** जस्ता उखानले समाजमा कुमाइ र जैसी सँगसँगै बस्ने र यी दुबै जात चतुरा हुनाले एक अर्कालाई आफूभन्दा पछाडी पार्न अनेक बाहाना रच्छन् भन्ने देखाइएको छ । **जाँ केरा त्यहाँ बाहुनको डेरा, जाँ गुलियो त्यहाँ बाहुन भुलियो** जस्ता उखानले समाजमा बाहुनजातिलाइ मीठो मीठो चाहिने र मीठो मसिनोमा बाहुनको जात हुरुक्क हुने जनाएको छ । **बाहुनलाई खाइजाडो अन्यलाई न्वाई जाडो** यी उखानले बाहुनले नुहाउनु पर्ने, पाठपूजा गर्नुपर्ने र धेरै खुवाईले बाहुनलाई चिसो लाग्ने संकेत छ भने अन्य जातिले धेरै खानुपर्ने नुहाउँदा चिसो लाग्ने व्याख्या गरेको छ । **बाहुन ब्रह्माचारी जोगी लाठ्ठीधारी क्षेत्री पाल्ने जुँगा मुसलमानले दारी** यी उखानले पनि बाहुनको काम पाठपूजा गर्ने, क्षेत्रीको काम रक्षा जस्ता कुराको इङ्गित गरेको छ । **बाहुनले च्याउ खाओस् न स्वाद पाओस्** जस्ता उखानले बाहुन जातिले च्याउ खान नहुने, खानेकुरामा निकै सुझबुझ राख्नुपर्ने देखिन्छ । दमै कामीहरू सबै जातका कपडा सिलाउने र भाँडा वर्तन बनाइदिने जात हुन् । उनीहरूले ऐलेसम्म पनि बालीघरे प्रथामा काम गरिरहेका छन् । उनीहरू बाली उठाउन वर्षको एक पटक आफ्ना बिष्टहरूको घरमा आउने हुनाले **दमैकामीको बाली बर्षदिनको टोली** भनेर उखानले बोलेको छ । दमाइहरू बिष्टका घरमा लुगा सिलाउँदा सियोमा धागो छिराउँन हातमा थुक लगाएर सजिलो पार्छन । दमाइलाई समाजमा दलित जात मानिन्छ । दलितले लाएको थुकलाई भने अछुतो मानिदैन । त्यसैले **दमाइको थुक चोखो बाखाको मुख चोखो** भनेर उखान चलेको छ । धोबीहरू नदी तलाउका किनारमा लुगाधुने काम गर्दछन् । चिसो लुगा सुकाउन घाम चाहिन्छ । धोबीहरू छिटो घाम लागोस भन्ने चहान्छन् तर **धोबीको हतारले राती घाम लाग्दैन** भनिएको छ । घाम लाग्ने आफ्नो समय हुन्छ । धोबीको हतारले प्रकृति बद्लिँदैन । **धोबीको कुकुर घरको न घाटको** भन्ने पनि चलन छ । बिर्तादेउरालीमा धोबी भने छैनन् । नेपालका नेवार जाति सभ्य, शिक्षित र धनी मानिन्छन् । उनिहरू व्यापार गर्नमा खप्पिस छन् । व्यापारमा सुका मोहोर देखिका नगदहरू कारोबार हुन्छन् । यस्ता पैसाहरू नेवारहरू जाँसुकै

राख्छन् । त्यसैले **नेवारको धन आफलताफल बाहुनको धन काफल** भन्ने उखान छ । बाहुनको धन काफल भन्नुमा बाहुनहरू सराद्ध र पूजा गरेर जजमानबाट ल्याएको दुई चार पैसा अतिजतन गरेर राख्छन् । व्यापारमा नेवारले कसैलाई पनि आफ्नो मान्छे भनेर भाउ फरक-फरक पार्दैन । बाबुले आफ्ना छोराछोरीलाई कहिल्यै कुभलो गर्दैनन् । तसर्थ **नेवार इष्ट र बाबु दुष्ट हुदैन** भन्ने उखान चलेको छ । समाजमा हुने बिवाह,व्रतवन्ध जस्ता काजबारमा घर देखि बाहिरका मानिसहरू निकै चुरीफुरी देखाउछन् । यस्ता कार्यको टयाँइ फाँइ देखाउन उखानमा **भँडारीको बिहेमा पाँडेको परिपञ्च** जस्ता भनाई समेटिएका छन् । **अर्ती भए घर्तीको पनि लिनु** भनेर राम्रो कुराको अनुसरण जोसुकैबाट गर्नुपर्ने सानो भनेर हेप्न नहुने भन्ने घर्तीको जात माध्यम बनाएर संन्देश दिएको पाइन्छ । यसरी बिर्तादिउरालीमा बिभिन्न जातिको उल्लेख बाट उखान सिर्जना भएको पाइन्छ ।

### *६.२.१.९. लोक विश्वास र धर्म*

समाजमा धर्म, संस्कृति, मान्यता र विश्वासका तत्वहरू विद्यमान रहेका छन् । बिर्ताली समाजमा लोकमान्यता, विश्वास, धर्म र परम्परा प्रचलित छन् । तेल चिल्लो पदार्थ हो । जुन फुस्रो शरीरलाई चिल्लो पार्न र कपाललाई मुलायम बनाउन प्रयोग गर्ने सम्बन्धमा केही बार बन्देजहरू लगाएको पाइन्छ । तेल जथाभावी दिनहरूमा प्रयोग गर्नाले हानी हुन सक्ने तथ्यलाई **आइत मङगल तेल घसे बीना बिराम जेल बसे** भनेर उखान सिर्जना भएको छ । ईश्वर प्रति आस्था र विश्वस राख्नु बिर्ताली समाजको विशेषता नै हो । ईस्वरबीना केही पनि हुन नसक्ने जनमानसमा विश्वास छ । जनताले चाहेर केही हुदैन । ईश्वरले चाहे जे पनि हुनसक्छ भन्ने कुरा **ईश्वरको तारताम्य कोही जान्दैन** भनेर उखानमा कथन रहेको छ । कालभनेको समय हो । समयको गति जान्न र रोक्न कोही सक्दैन भन्ने उखान प्रचलित छ । **कालको महिमा कोही जान्दैन** ज्योतिष शास्त्र र बैद्य आदि औषधोपचारमा संलग्न व्यक्तिहरूमा पनि नेपाली जनताको विश्वास छ । हाम्रो समाजमा बिवाह गर्दा बर र बधुको ग्रहदशा चिनामा मिलाएर गर्ने चलन छ । चिना नमिलाउँदा बर बधुमा बिध्न पर्न जाने विश्वास छ । तर चिना मिलाउँदा पनि परिणाम उल्टो देखिएको छ । ज्योतिषको आफ्नै छोरी राँडी र बैद्यको छोरीको गाँड निको नभएको हुँदा यसलाई **ज्योतिषको छोरी राँड बैद्यको छोरी गलगाँड,** भन्ने उखान गरिएको छ । समाजमा मानिसहरू लामो समय बाँचेर आफ्नो कीर्ति फैलाउन चहान्छन् । तसर्थ **द्रोणिको जस्तो आयू र**

**नारायणको जस्तो कीर्ति** होस भनेर आशिर्बाद दिएको उखान पनि पाइन्छ । समाजमा सबैको भलो गर्नुपर्दछ । पैसा कमाउने निहूँमा धर्म छोडेर अरुको कुभलो गर्नुहुन्न भन्ने लोकविश्वासलाई दर्शाउन **धर्मको जय पापको क्षय, धर्मकर्म डाँडामा चामल पैसा भाँडामा** जस्ता उखान प्रचलित छन् । पापले कसैको जय गर्दैन । पाप लुकाएर लुक्दैन । एक दिन पाप प्रकट हुन्छ । **पाप धुरीबाट कराउँछ** भनिएको छ । अरुलाई दुःख दिनु, मार्नु हुदैन । मार्नु पाप हो र संरक्षण गर्नु पुण्य हो । यसलाई **पाले पुण्य मारे पाप** भनेर उल्लेख गरिएको पाइन्छ । पाप असत्य तत्व हो । असत्य तत्व को नास हुन्छ । पाप गर्नु झुट्टो व्यवहार हो । त्यसैले **सत्य डग्दैन झुटो तग्दैन** भनिएको उखान पाइन्छ ।

बिर्ताली समाजमा पाठपूजा गर्ने देउता पुकार्ने न्यास ध्यान गर्ने चलन पनि छ । **ध्यान गर्नु एक्लै पढ्नु दुई भई कल गर्नु तीन भई** जस्ता उखान प्रचलित छन् । ध्यान सुनसान ठाउँमा एक्लै गर्दा विचार एकत्रित गर्न बाधा नपुग्ने, पढ्न छलफल गर्नुपर्ने हुनाले दुईजना चाहिने भनिएको छ । तीनजना भन्दा बढि भएमा कल झगडा हुन्छ, मत बाझिने हुन्छ भन्ने संकेत गरेको छ । हिन्दुहरूको चलन पूजा पाठ गरेर मात्र खाने हो पाठपूजा नगरी खान नमिल्ने हुनाले **पूजा न आजा पेटभरी खाजा** भन्ने उखान प्रयोग भएको छ । ब्रत बस्ने र तीर्थ घुम्ने चलन बितादेउरालीमा जीवितै छ । तसर्थ **ब्रत लिनु एकादशी तिर्थ जानु काशी** भनेर एकादशी ब्रतको र काशी भन्ने ठाउँको महत्व उखानमा दर्शाइएको पाइन्छ । तर लोक वेदको भनाइ छ- **मन भए चङ्गा लोटाँ गँगा** । मन पवित्र शुद्ध छ भने न त ब्रत बस्नुनै पर्छ नत काशी नै जानु पर्छ । मानिसको सेवा नै ब्रत हो र समाज नै काशी हो । समाजको सेवालेनै धर्म हुन्छ । मनमा एकथोक र व्यवहारमा दश थोक गर्नु व्यवहारिक पतनको संकेत हो । मुखले राम जप्ने तर कर्म रावणको गर्ने प्रवृत्तिलाई **मुखमा रामराम बगलीमा छुरा** भन्ने उखानले व्यङ्ग्य गरेको छ । नेपाली समाज भग्यवादमा पनि विश्वास राख्दछ । आफ्नो भग्यमा भएको तक्दिरमा लेखेको मात्र पाइन्छ । अन्यथा टाउको फूटाएपनि केही मिल्दैन भन्दै उखानमा **तक्दिरमा लेखेको कसैले मेट्न सक्दैन, भाग्यमा भए पाइन्छ , भग्यमानीको भूतै कमारो** जस्ता भनाइहरू समावेश छन् । सन्तान धेरै जन्माउने वंश फैलाउने नेपाली समाजको परम्परा छ । जसको सन्तान धेरै हुन्छ उसैको धन हुन्छ । जसले पशुपालन धेरै गर्छ वन उसैको हुन्छ । यस्ता भनाइलाई स्पष्ट पार्न **सन्तानले डाँडाकाँडा छोपून, जसका छोरा उसका धन, जसका भैंसी उसका वन** जस्ता उखान चलेको

पाइन्छ । **साँझका पाहुना देउता बराबर** भनेर पाहुनालाई सम्मान गर्ने नेपालीहरूको विशिष्टता को पहिचान हो । तीर्थ जात्रा जाँदा पनि आर्जन गर्नु पर्छ । एउटा उद्देश्यमा दुईटा लाभ लिनुपर्छ भन्ने धारणालाई **पशुपतिको जात्रा सिद्याको व्यापार, एक पन्थ दो काज** जस्ता उखानले रहस्य खोलिदिएका छन् । लिने दिनेमा पनि गाउँघरमा तिथी बार जुराउने गरिन्छ । यदि कसैलाई सहयोग गर्ने मन भएन भने तिथी बारको वाहाना रचेर आलटाल गने प्रवृत्तिलाई **नदिने आमै बुधवार पार्छिन** भनेर उल्लेख गरिएको पाइन्छ । स्वर्गलाई अत्यन्तै वैभवको ठाउँका रूपमा चित्रण गरिएको छ । मरेपछि जाने ठाउँका रूपमा विश्वास गरिन्छ । जीवितै अवस्थामा स्वर्ग देख्न चाहेपनि **नमरी स्वर्ग देखिँदैन** भनेर उखानले स्वर्गलाई मृत्य पछिको लोकको रूपमा अगम्य बनाइदिएको छ । यसको अर्को अर्थ सुख दुःख आफैंले भोगेपछि मात्र अरुको सुख दुःख बुझ्छ भन्ने रहेको छ । यसरी बिर्ताली समाजमा विभिन्न लोक विश्वास र धर्ममा आधारित उखानहरू प्रचलित छन् । जसको सुक्ष्म विश्लेषण मात्र गरिएको छ ।

### *६.२.१.१०. नीतिशिक्षा र उपदेश*

बिर्तादेउराली गा.वि.स. मा नीतिनियम र उपदेश सम्बन्धी उखानहरू प्रचलित छन् । समाजमा सबै मानिसहरू असल आचरण भएका कर्तव्यनिष्ठ सज्जनहरू मात्र नभइ बदमास र पथभ्रष्टहरू समेत हुन्छन् । तिनको प्रस्तुती उखान मार्फत गरिएको पाइन्छ । समाजमा कसैप्रति पनि अन्याय अत्याचार गर्नु हुदैन भन्ने सन्देश दिन **अति गर्नु अत्याचार नगर्नु** भन्ने उखानले जनाएको छ । समाजमा रहेका ठिटाठिटीहरूलाई सबै कुराको पूर्ण ज्ञान नहुन सक्छ । ज्ञान बीना दैनिक कार्य सफल गराउन कठिन हुन्छ । तसर्थ आफूले नजानेका कुराहरू ठूलाबडा सँग सिक्नुपर्छ भन्ने भनाइलाई **आगो ताप्नु मूढाको अर्ति लिनु बूढाको** भनेर बूढालाई अनुभविको प्रतिनिधिको रूपमा उखानमा लिएको छ । मानिस ज्यादै फितलो हुनु हदैन । अति फितलोपनले आफ्नो कार्य पूरा गराउन बाधा पुऱ्याउँछ । कुनैपनि कुरालाई संबेदनशिल भएर ग्रहण गर्नु पर्दछ । नत्र भने **इख नभाको मान्छे र विष नभाको सर्प** जस्तै निरर्थक हुन्छ भन्ने उखानमा उल्लेखित छ । आजको आवश्यकता भनेको उद्योग गर्नु हो । उद्योग भएन भने बेरोजगार बढ्छ । बेरोजगारले गरिबीलाई निम्त्याउँछ । गरिबीले देश खोक्रो हुन्छ । यसलाई उखानले **उद्योगी भए लक्ष्मी हुन्छ लठ्ठक भए लठ्ठियो** भनेर उल्लेख गरेको छ । यदि उद्योगी भएर आर्थिक अवस्था नसुधार्ने हो भने **ओरालो लाग्या मृगालाई बाच्छाले पनि खेद्छ** भनेझै विदेशीबाट हेपिनुपर्ने सन्देश दिएको छ ।

तसर्थ विदेशीको भर नपरी उद्योग गर्नु हाम्रो पुरुषार्थ हो । **कानाको विश्वास लाङ्गडाको भर** भनेझैं परनिर्भरता त्याग्नु पर्दछ । कानाले छिनछिनमा कुरा फेर्छ र विश्वासघात गर्छ । लङ्गडाले हाम्रो बाटो हिँडिदिन सक्दैन । हिँडिदिन्छु भनेर समय गुजारीदिन्छ । **दुःखमा नआत्तिनु सुखमा नमात्तिनु** भनेझैं आफ्नो काम गम्भीर भएर पूरा गर्नु पर्दछ । काम गर्दै जाँदा आफ्नै सहयोगीले पनि धोका दिन सक्छन् । **दुध दिने गाईको लात्ती सहनु पर्छ** भन्ने सन्देश संझेर सहने बानी गनुपर्दछ । सहने बानीले मानिसलाई महान बनाउँछ । **नमच्चिने पिङको सय झड्का** भनेझैं उत्ताउलो भएर काम गर्नु हुँदैन । उत्तउलोपनले कार्य सफलतामा व्यवधान गरिदिन्छ । गम्भीर भएर परिणामको लागि कुर्नु पर्छ कुरेपछि ढिलोचाँडो सुखद परिणम हुन्छ भनिएको छ । **घाट कुरेपछि मुर्दा भेटिन्छ** । अनुभव विहिन मानिसलाई काम पूरा गराउन गाह्रो पर्दछ । पढेर सिद्धान्त मात्र जानिन्छ । परेर व्यवहार जानिन्छ । त्यसैले **पढेर भन्दा परेर जानिन्छ** भनिएको छ । यो ध्रुव सत्य कुरा हो । **घोडा चढ्ने लड्छ** भनेझैं काम गर्दै जाँदा असफलता पछि सफलता अवश्य आउँछ । अरुको असफलतामा एक थरी मानिस हाँस्ने हुन्छन् । **हाँस्यो कि नास्यो** भने झैं अरुको खिसी गर्नेको आफ्नै हानी हुन्छ । **बलेको आगो जो पनि ताप्छन्** भन्दछन् । यसले आर्थिक कमजोरीलाई संकेत गरेको छ । निभेको अर्थतन्त्रलाई बाल्नुपरेको छ । **सुखमा हाइहाइ दुःखमा बाइबाइ** भन्दछन् । बाइबाइ गर्नेलाई पुन निहुराउन सक्नुपर्दछ । अर्काको पौरख देखेर लोभ गर्नु हुदैन । **लोभले लाभ लाभले विलाप, लोभ गर्नेले लण्डा पाउँछ** भनिएको छ । आफ्नै पौरख गर्नमा लोभिनु पर्छ । आफ्नै हानी गर्नेहरू पनि शरणमा आएभने तिरस्कार गर्नु हुदैन । **शरणको मरण गर्नु हुदैन** भन्ने हाम्रो नीति शिक्षा रहेको छ । तसर्थ कर्तव्यको बोध हुनु मानवीयता हो ।

यसरी अनुभवले सिद्ध ज्ञानहरू भित्र उखान पर्दछ । बिर्ताली उखानले नीतिशिक्षा मूलक व्यवहारिक सत्यता प्रकट गरी समाजलाई कुमार्गबाट जोगाएर सुमार्गमा लाग्न उत्प्रेरित गरिरहेको पाइन्छ ।

### *६.२.१.११. न्यायव्यवस्थाको चर्चा*

बिर्तादिउरालीमा प्रचलित उखानमा न्यायव्यवस्थाको चर्चा भएको छ । **जस्ले अङ्गार खान्छ उसले कालो हग्छ** भनेको छ । हुन पनि गल्ति गर्नेको अनुहार कालो देखिन्छ । चेहरा विग्रन्छ भन्ने अनुमान गरिन्छ । **जो होचो उस्को मुखमा घोचो** भन्ने उखानले निर्धा सोझा

जनताले न्याय नपाएको, उल्टै दण्ड पाउने गरेको निष्कर्ष छ । **झार जिलाउनु कुरो मिलाउनु** भनेझैं न्याय व्यवस्था राम्ररी संचालन गर्नु भन्ने उक्ति छ । अर्काको क्षति गरेपछि जरिवाना तिर्नुपर्छ । जरिवाना तिरेपछि क्षति भएर बाँकी रहेको बस्तु क्षतिपूर्ती गरिदिने व्यक्तिले पाउनुपर्छ भन्दै उखानमा **डाँड तिरेपछि राँड पाइन्छ** भनेर वर्णन गरिएको छ । तर डाँड पनि लिने राँड पनि नदिने एकथरी मानिसहरूलाई तह लगाउन **थप्पड देसी थच्चिन्छ** भन्ने उक्तिले न्याय व्यवस्था दुरुस्त राख्न केही कडापन समेत अप्नाउनुपर्ने आवश्यक पर्ने उल्लेख गरेको छ । **दहीको साक्षी बिरालो** भने झैं समाजमा अन्याय गरिरहने समूह दोहोरो भूमिका खेलेर अवसरको ब्रह्मलुट गर्छन् । अन्यायलाई पनि ढाकछोप गर्ने, पिडित पक्षलाई पनि चोचोमोचो मिलाएर सान्त्वना दिने खराब प्रर्वत्तिले गरिब र निमुखाहरू हेपिएका छन् । **धनीलाई चैन गरिबलाई ऐन** भनेर ऐनको उल्टो अर्थ लागाएर समाजमा कानून आफ्ने हातमा लिने समूहलाई न्यायको कठघरमा उभ्याउनु आजको आवश्यकता भएको छ । **नेपालको कानून दैवले नि नजानून** भन्ने उक्तिले नेपालको न्याय व्यवस्था स्पष्ट नभएको र जानिफकारहरूले आफूखुसी अर्थ लगाएर दुस्प्रयोग गर्ने गरेको पाइन्छ । दैवले नि नजानून भन्नु नेपालको कानून सर्बसाधारणले बुझ्न नसक्ने जटिल भएको बुझिन्छ । एउटाको परिश्रम अर्काले खान्छ । परिश्रम गर्ने पनि फल चाख्नबाट बञ्चित हुन्छ । बीचका जालीफटाहाले फाइदा उठाउँछन् । चोट चाहिँ तेस्रो निमूखा पक्षले पाइरहेको हुन्छ भन्ने धारण उखानमा- **धानखाने मुसो चोट पाउने भ्यागुतो** भनेर उल्लेख भएको छ । मुसारूपी चोरहरू भ्यागुता रूपी सज्जनहरूलाई दिनडाहादै चोट पुर्‍याउन सफल भैरहेका छन् । **मूद्याको नौसिंङ हरूवाको भागसिंङ** भनेर बदमासहरू छलिरहेका छन् । **बदमासीलाई गाली सज्जनलाई ताली** भने पनि अपराधलिाई गालीले नछोएको देखिन्छ । **फैसला गर्नु हौसला मानेर** भन्ने उखान चलेपनि फैसला गर्ने न्यायमूर्तिहरू उत्साहित देखिँदैनन् । निरास भएर फैसला गर्न बाध्य भएको देखिन्छ । **रडाको मच्चाउनु हुँदैन** भनेर सम्झाई बुझाइ गरेर पन्छिन खोजेको देखिन्छ । यसरी न्यायव्यवस्था प्रति बिर्तााली उखानमा सहमति-असहमति प्रकट गरिएको पाइन्छ ।

### *६.२.२. प्रकृति चित्रण*

जुनसुकै साहित्यमा पनि प्रकृति चित्रणले प्रभाव जमाएको हुन्छ । साहित्य सिर्जनामा प्रकृतिले उत्प्रेरकको भूमिका निर्वाह गरेको हुन्छ । उखान लोकसाहित्यको एक विधा हो । प्रकृति

लोकसाहित्यको प्रमूख आधार हो । तसर्थ उखानमा प्रकृतिको चित्रण स्वभाविक रूपमा पाइन्छ । प्रकृतिका विभिन्न स्वरूपमा हावापानी, वनजगंल, जीवजन्तु, खेतिपाती कृषि व्यवसाय आदि पर्दछन् । यिनै प्रकृतिका स्वरूपका विषयमा लोकगीत, लोककथा, जस्ता विधाहरूको सिर्जना भएको छ । सिर्जनाका निखारका रूपमा उखान सूत्रात्मक ढँगले प्रस्तुत भएको छ । उखानमा प्रकृतिको चित्रणले रोचकता ल्याउनुका साथै प्रकृतिलाई उदाहरणको रूपमा समेत चित्रण गरिएको पाइन्छ । प्रकृतिको चित्रण भएको उखानको विश्लेषण तलका निम्न शीर्षकहरूमा गरिएको छ ।

### *६. २. २.१. हावापानीको चर्चा*

बिर्तादिउरालीमा प्रचलित उखानले हावापानी बारे पनि केही बोलेको छ । ऋतु परिवर्तन सँगै देखिने परिवतर्न हावापानीका माध्यमबाट रोचक ढङ्गले प्रस्तुत भएको पाइन्छ । माघ महिनामा तिखो जाडो हुने भएकाले मानिस पशुपंक्षी सबैलाई टिक्न गाह्रो पर्दछ । कतिपय बूढाखाडाहरू जाडैका करण मर्ने गरेका छन् । **बलिया बाङ्गा बाघलाई बूढापाका माघलाई** भनेर माघको छुच्चो जाडोको वर्णन गरिएको छ । आफूले गर्नू पर्ने काम अर्कै व्यक्तिबाट हुनजाँदा मानिसहरू **कुचाले बढार्ने कसिङ्गर हावाले उडाईदियो** भनेर लख काट्छन् । यस अर्थमा आफूलाई कुचो र हावालाई अरुको रूपमा प्रयोग गरिएको छ । **पानीको कमल कर्कलाको पात** भनेर सज्जन र निर्दोषीहरूलाई कमल र कर्कलाको पातलाई पानीले नभिजाए झैं कसैले दाग लगाउन सक्दैन भनिएको छ । डर त्रासले ग्रसित मान्छेलाई **पानी मरुवा डर छेरुवा** भनेर उल्लेख गरिएको छ । यहाँ डरलाई पानीसँग तुलना गरिएको छ । आफूले गल्ति गरियो भने दोषबाट पन्छिन पनि पानीको पैयोग गरिएको छ । **पानी माथिको ओभानु** भनेर दोषीलाई पनि निर्दोषी साबित गराउन पानी झैं निर्मल छ भन्ने देखाउन खोजिन्छ । **छाता ओढ्नु घाममा हीरा फोर्नु काममा** भनेर छाता घामलाई आवश्यक पर्ने र महत्वपूर्ण काम बेलैमा पूरा गर्नुपर्ने कुरा व्यक्त भएको छ ।

### *६. २. २. २. वनजंगलको वर्णन*

बिर्तादिउरालीमा प्रशस्त वनजंगल छन् । वनजंगलको दृश्य मनोरम हुन्छ । वनजंगलको मनोरमतालाई चराचुरुङ्गी, पशुपंक्षी आदिले थप उजागर गराउँछन् । **वनकी चरी वनमै राजी** भन्ने उखानले वन र चराको सम्बन्धलाई देखाएको छ । **गुलाबको बाटोमा काँडा** भन्ने उखानले

बिर्तादिउरालीमा गुलाबको बोट भएको संकेत गरेको छ। **फलेको हाँगो नझुकेको कहाँ छ र** भन्ने उखानले यहाँ प्रशस्त फल फल्ने बोट विरुवा पाइने जनाएको छ। **वनको ढुकुर भन्दा नी बैगुनी** जस्ता उक्तिले यहाँका वनमा ढुकुर लगाएतका पंक्षीहरू पाइने देखाएको छ। **वन साङ्लाले घर साङ्लालाई खान्छ** भनेबाट यहाँका जंगलमा साङ्ला जस्ता किराहरू समेत पाइने बताइएको छ। **बाँसको भलैभलो कहिले बन्ला हलो** भन्ने उखानले बिर्तादिउरालीमा प्रशस्त बाँस हुने बताएको छ। **अचार हाल्नु तामाको घरमा जानु मामाको** उखानले पनि अचार हाल्न चाहिने तामा बाँसबाट प्रप्त हुने हुनाले बिर्ताली गाउँमा बाँस पाइने कुराको पुष्टि भएको छ। **आए आँप गए झटारो** यस उखानले यस क्षेत्रमा आँप जस्ता फलफूल पनि पाइने जनाउ दिएको छ। **भुत्रो खा चुत्रो टिप, ओखती मूलो भात भन्दा ठूलो** जस्ता उखानले यहाँको जंगलमा चुत्रो, जडिबुटी जस्ता पौथ्रा बोटहरू समेत पाइने देखाएको छ।

### *६.२.२.३. जीवजन्तुको चर्चा*

बिर्तादिउरालीमा प्रचलित बिभिन्न उखानमा अनेक प्रकारका जीवजन्तुबारे चर्चा परिचर्चा गरिएको पाइन्छ। बिभिन्न पशुपंक्षीलाई माध्यम बनाएर मानिसलाई उपदेश दिएर सही मार्गमा हिँडाउन खोजेको छ। मानिस भएर नचाहिँदो तडकभडक र उत्ताउलो पारामा हड्न थाल्यो भने उसलाई कसैले सहयोग गर्दैन भन्ने जनाउन **असी घर कुत्ता यता न उत्ता** जस्ता उखानले भनिएको छ। प्रकृतिले दिएको गुण कसैले मेट्न सक्दैन। प्राकृतिक गुण कृतिम पाराले फेरबदल गर्न सकिँदैन भन्ने जनाउन **गधा धोएर गाई हुदैन** भनिएको छ। जंगली पशुपंक्षीलाई जति माया गरेर चारो खुवाएपनि रत्तिदैन। तसर्थ **कुकुरलाई घाँस नहाल्नु ढुकुरलाई चारा नदिनु** भनेको छ। ढुकुरलाई जति चारा खुवाएपनि रत्तिदैन। ढुकुरलाई बैगुनी पंक्षीको रूपमा चित्रण गरिएको छ। **बाघ बूढो स्याल तन्नेरी** भन्ने उखानले स्याल जति मोटाए पनि बूढो बाघको दाँजोमा पुग्दैन भनिन्छ। यहाँ बाघलाई शक्तिको प्रतिको रूपमा उल्लेख गरेको पाइन्छ। **बाघको गन्ध बाँदरको काल** भनेर ठूलाबडाको गन्ध पनि साना निमूखालाई काल समान हुने देखाएको छ। यहाँ बाँदरलाई कायर प्राणीको रूपमा उभ्याएको पाइन्छ। शक्तिशालीहरूले निर्धा निमूखालाई थिचोमिचो गरिरहेको देखाउन **मुसाको चिँचिँ बिरालाको ङ्याउँ** जस्ता उक्ति प्रयोग भएका छन्। मुसाको चिँचिँ छोटाले गरेको याचना हो। बिरालाको ङ्याउँ बडाले गरेको हुङ्कार हो। **लम्कने हात्ती चम्कने घोडा** भनेर पुराना धनाढ्यसँग नयाँले जति धन कमाएर कुम नाप्न खोजेपनि जोर

चल्दैन भन्ने संकेत गरेको छ । **हात्ती आयो हात्ती आयो फूस्सा** भनेर सानो परिश्रम गर्नेले ठूलो आसा गर्नु बेकार हुने जनाएको छ । **हात्तीको मुखमा जीरा** भनेझैं नहुनेले हुनेलाई जति आहार दिए पनि त्यो फोस्रो हुन्छ । **हुटिट्याउँले स्वर्ग थाम्दैन** भनेको एक्लै गरेको प्रयासले धेरैलाई लाभ दिन सक्दैन भन्ने हो । **हुके चिलको छाँयामा पर्नु** जस्ता उखान पनि प्रचलित छन् । शक्ति बिहिनले शक्तिशालीको अगाडि परेर केही बोल्न नसक्दा उक्त उखान प्रचलनमा आएको हो । **मुसाको पाहुना मुसै** भनेर आफ्नो हैसियतको खुलासा गरेको छ । **मरेको बाघको जुङ्गा उखेल्नु** जस्ता उखानले नामर्दीपनको संज्ञा दिएको छ । **बागको छालाँ स्यालको रजाँइ** यस उखानले अर्काको सम्पतीमा रजाँइ गर्नेलाई व्यङ्ग्य गरेको छ । आफ्नो होस वा अरुको काम बिगार्दा पछि सम्झनामा आउने विस्मातलाई **न्याउरी मारी पछुतो** भन्ने उखानले जनाएको छ । **कौवालाई बेल पाक्यो हर्ष न विस्मात** जस्ता उखानले अल्छीले उद्यमीको आर्जनमा गर्व गर्न सक्दैन भन्ने हो । **अगुल्टोले हानेको कुकुर बिजुली चम्कदा तर्सन्छ** भनेर सोझ साधाहरू मूर्खको नाम सुन्दा डराउँछन् भनेर अन्याय भएको जनाएको छ । **अरिङगालको गोलामा ढुङ्गाले हान्नु** भनेर छोटा मूर्ख बद्मासलाई जिस्क्याउँदा परिणाम घातक हुने संकेत दिएको छ । **अरुको आङको जुम्रा देख्ने आफ्नो आङको भैंसी नदेख्ने** भनेर अरुको गुण, श्रम, इज्जतमा दाग लगाउन सानो गल्तीलाई औला ठडाउने , आफ्ने भयानक कमजोरीलाई लुकाउने प्रवृत्तिलाई यस उखानले औंल्याएको छ । यसरी विभिन्न जीवजन्तुको माध्यमबाट उखान सिर्जना गरी मानिसलाई विविध कुरा बुझाएको छ ।

### *६.२.३. कृषि व्यवसायको वर्णन*

नेपाल कृषि प्रधान देश हो । तसर्थ यहाँका गाउँ बस्ती पनि कृषिमै आधारित छन् । बिर्तादिउराली गा. वि. स. पनि कृषि पेशा मै संलग्न छ । कृषि व्यवसाय यहाँको प्रमुख पेशा हो । अधिकांश मानिसहरू कृषिमा निर्भर छन् । तसर्थ यहाँ कृषि व्यवसाय सम्बन्धी, कृषि औजार सम्बन्धी उक्ति समाबेश भएका उखानहरू पाइन्छन् । बिर्तादिउरालीमा खेतीपाती अझै पनि परम्परागत हलो कोदालोको भरमा गरिएको छ । नविन कृषि औजारको प्रयोग हुन सकेको छैन । **हलो न गोरु दाँतले कोरुँ** भनेर खेतीको समयमा हलि गोरु नपाउँदाको पीडा व्यक्त गरिएको छ । आकासे वर्षाको भरमा खेती गर्नु पर्दा किसानहरू कहिले पानी पर्ला भनेर आकासतिर चियाइरहेका हुन्छन् । तर **आकाशा फल आँखातरी मर** भनेझैं समयमा पानीपर्ने होइन । आकाश

चियाउँदा आँखा टट्टाउँछन् । **मानो खाएर मुरी उब्जाउने** बेलामा पानी नपर्दा वर्षभरी अनिकाल पर्ने डरले किसानहरू पिरोलिन्छन् । समयमा **खेताँ आली र हलाँ फाली** हालेर धान रोप्न नपाउँदा किसानहरू हिस्स परिरहेका हुन्छन् । **घट्टको पिठो तोरीको साग केहि पनि रहेन बूढीको भाग** जस्ता उखानले  तोरी तेलहन बालीको रूपमा खेती हुने गरेको बताएको छ । **मकै सक्यो भाँचेर लुगा सिध्यो फाटेर** भन्ने उखानले बिर्तादेउरालीमा मकैको खेती गर्ने चलन उल्लेख गरेको छ । **जस्तो बीउ उस्तै विरुवा** यस उखानले बीउ असल भएको खण्डमा बाली बिरुवा राम्रो हुने देखाएको छ । **लसुनको पोटी रोग थाम्ने ओखती** भन्ने उखानले यहाँ लसुन जस्तो पोथ्रा सागपात खेती हुने गरेको भनाइ छ । **सागबीना सराद्ध अड्किन्न राजाबीना राज्य अड्किन्न** जस्ता उखानका आधारमा बिर्तादेउरालीमा तोरी, रायो, गाँजर जस्ता भिटामिन यूक्त सागपातको खेती भएको व्यक्त गरेको छ । **सुर्ती खाएर फूर्ती देखाउने** यस उखानले यस क्षेत्रमा सुर्ती खेती गर्ने धुम्रपानका अम्मली भएको देखाएको छ । यी सबै बाली बिरुवा उब्जाउन मेहनत गर्नुपर्छ । आफैं अघि सरेर काम नगरे चाहे जस्तो आम्दानी लिन सकिँदैन । त्यसैले भनिएको छ **आफू गा पूरा काम छोरा गा आधा काम नोकर गा छैन काम** यस भनाईले काममा आफैं अघि सर्नुपर्ने देखिन्छ । खेतीपाती जस्तो मानवताको जीवन निवाह सँग जोडिएको विषयमा प्रशस्त अन्न उब्जाउन आफ्नै सक्रियता आवश्यक हुन्छ ।

### *६.२.३.१. खेतीपातीको वर्णन*

बिर्तादेउरालीमा प्रचलित उखानमा खेतिपाती गर्ने तरिका, समय र महत्व जस्ता कुराहरूको वर्णन भएको पाइन्छ । खेतीपाती बिर्ताली किसानको पेशा हो । औद्योगिक कल कारखाना नभएको गाउँमा आम्दानीको मुख्य श्रोत खेतीपाती नै हो । खेती यति महत्वपूर्ण छ की जसको तुलना अन्य सँग गर्न सकिदैन । उखानमा **उत्तम खेती मध्य व्यापार निर्धन जागिर** भनेर उल्लेख गरिएको छ । किसानहरूको खेतीपाती लगाउने तरिका आ-आफ्नै किसिमको छ । खेती गर्ने समय भने ठाउँ अनुसार फरक हुन्छ । बिर्तादेउरालीमा भने मकै छर्ने समय वैसाख हो । बैसाख महिनामा पानी पर्ने गर्छ । यदि  परेन भने यहाँका किसानहरू हतास हुन्छन् । वैसाखमा पानी पऱ्यो भने मकै प्रशस्त फल्छ भन्दै उखानमा **बैसाख गल्ने जेठ बल्ने मकैका घोगा एक हातका फल्ने** भनेर किटान गरिएको छ । बालीनाली लगाउँदा बीउ राम्रो भएन भने उत्पादन पनि कम हुन्छ भन्ने कुरालाई जनाउन उखानमा **बीउ गुणाको बीरुवा संगत गुणाको फल** भनेर

उल्लेख गरिएको छ । खेतीपाती गर्न कृषिऔजार पनि उपयूक्त हुनु पर्छ । उपयूक्त औजार भएमात्र माटोलाई फुगालेर उर्वर बनाउन सकिन्छ भन्ने कुरालाई **हलो कोदालो माटोलाई फुगाल्यो** जस्ता उखानले जनाएका छन् । कृषि प्रविधिको विकास सँगै बाली नालीमा रोग, किरा पनि लाग्ने क्रम बढ्दो छ । गवारा, फट्याङ्ग्रा जस्ता किराले बालीनाली नष्ट गरिरहेका छन् । **गवाराले जरा काट्छ फट्याङ्ग्राले पात** भन्ने उखानले बालीनालीका सत्रु यी किरा भएका स्पष्ट हुन्छ । खेतीपाती सप्रन माटो असल चाहिँन्छ । माटो असल भएन भने उब्जाउ कम हुन्छ भन्ने संकेत उखानमा यसरी दिएको पाइन्छ । **रातो माटो राजा माटो, कालो माटो काजी माटो, फूस्रो माटो पाजी माटो** । रातो माटो र कालो माटो खेतीको लागि उपयूक्त र फूस्रो माटो अनुपयूक्त भएको तर्क छ । धान खेतीलाई पानी प्रशस्त चाहिन्छ । तसर्थ **सासुले खाएकी बुहारी पानीले खाएको खेत** भनिएको छ । सासुबीनाकी बुहारी छाडा हुन्छे र पानी बीनाको खेत सुख्खा हुन्छ । बालीनालीलाई झारले धेरै हानी गर्छ । झार राम्ररी नियन्त्रण गर्न सकिएन भने आधा उत्पादन घटाइदिन्छ । तसर्थ **झार जिलाउनु कुरो मिलाउनु** भनेर उखानले सिकाएको छ । तोरी तेलहन र नगदे बालीको रूपमा समेत परिचित छ । यो खेतीबाट पैसा कमाउन सकिन्छ । **कि आउँछन् पैसा तोरीका कि आउँछन् पैसा छोरीका** भनेर उखानमा अंकित गरिएको छ । आकासे वर्षाको भरमा खेती गरिँदा कहिलेकाहीँ खडेरीले गर्दा अर्को वर्षको लागि बीउ जोगाउन धौ धौ पर्दछ । यस्तो बेलामा असल बीउ संचित गर्नु पर्छ भन्दै **अनिकालमा बीउ जोगाउनू हुलमुलमा ज्यान जोगाउनू** पर्ने सन्देश दिएको छ । चिसो ठाउँमा भण्डारण गर्दा बीउहरूमा ढुसी आउँछ र उम्रने शक्ति ह्रास हन्छ । त्यसैले **ढुसी लाग्या बीउ र विलौनी लाग्या घीउ** कम गुणस्तरका हुने अनुभव छ । गाउँका मानिसहरू खेतीपाती गर्दा साइत हेर्ने दिनबार जुराउने गर्दछन् । यस्तो साइत पार्दा खेतीपातीमा रोग व्याध र बढी उत्पादन हुने विश्वास गरिन्छ । **सोम खेती बुध घर साइत यहि हो सम्झि गर** भनेर खेती गर्न सोमबार उत्तम भएको जनाउ दिएको छ ।

### *६. २. ३. २. पशुपालनको वर्णन*

बिर्तादेरालीमा कृषि कार्य अन्तर्गत पशुपालन पनि एक प्रमुख पेशा हो । पशुबाट उत्पादित दुध,दहि, र मही जस्ता पेय पर्दार्थबाट उखान सिर्जना भएको छ । गाई, भैसी,बाखा, गधा,घोडा आदि नामबाट पनि उखान निर्माण भएको छ । **अर्काको बाच्छो चाट्यो मुखभरि रौ** भनेर माया प्रेम गरे पनि अर्काको बच्चा ठूलो भए पछि उस्कै आमाबाबु खोजेर जान्छ । माया

गास्नेलाई दु ख मात्र हुन्छ भनिएको छ । **खसी किन्नु मान्छे चिन्नु** भनेर मानिस चिन्न खसीको प्रयोग भएको छ । गाई हिन्दुहरूको पवित्र जनावर हो । **गाई पाले पुण्य भाईपाले सुन्य** भनेर उखानमा चित्रण भएको छ । पशुबाट पनि केही गल्ती कमजोरी हुन्छ । त्यसलाई सहनुपर्छ भन्दै **दुध दिने गाईको लात्ती सहनुपर्छ** भनेर उखान बनेको छ । बिभिन्न पशुका फरक फरक कार्यगत विशेषता हुन्छन् । पशुका कार्य देखाउन **बोकाले दाँइ र गोरुले रजाँई गर्न सक्दैन** भनिएको छ । **हिँड्ने गोरुको पुच्छर निमोठ्ने** भनेर धेरै काम गर्ने लाई उल्टै दुःख दिने प्रवृत्तिको चित्रण गरिएको छ । **लम्कने हात्ती र चम्कने घोडा** भनेर हात्ती र घोडाको हिडाइको तुलना मार्फत सामाजिक प्रवृत्तिको विश्लेषण गरिएको छ । किसानहरू मल, बीउ, औषधि र दैनिक गुजारका सामान किन्नु पर्दा रिन लाग्छ । रिन तिर्ने योजना बनाउँदा **त्यसै रिन यसै रिन बूढी बाखो किन** भनेर बाखा पालन गरेर कृषकले रिन तिर्न सक्ने सूचना दिएको छ । **माउभन्दा चल्ला बाठा** भनेर एक अर्काको बुद्धिको तुलना गरिएको छ । **भैंसीलाई सीङ भारी हुदैन** भन्ने उखान पशुको नामबाट बनेको छ । दही र घीउ किसानको मुख्य खुराकी हो । **दहिको साक्षी विरालो, घीउ न तेल पका बूढी सेल** जस्ता उखान पशुजन्य पदार्थ बाट निर्माण भएको छ । **गधा धोएर गाई हुदैन** । यहाँ गाई र गधाको गुण र विशेषता केलाइएको छ । यसरी पशुपालनको वर्णनबाट बिर्तादिउरालीमा विभिन्न उखान निर्माण गरिएको पाइन्छ । **हाँसा बथानाँ बकुल्लो** भनेर परस्पर भिन्न समूह अर्को समूहमा मिसिदा शोभा दिँदैन भनेर सचेत गराएको छ । **सिङ्गै बाखो खायो कानाँ झगझग** भनेर काम पूरा गरिदिँदा पनि जस नपाउने अवस्थाको चित्रण गरेको छ । **सुङ्गुरलाई स्वर्ग देउतालाई धन** भनेर क्षमता विहिन लाई बढुवा दिनु धिक्कार हुने अर्थमा सुँगुरलाई स्वर्ग भन्ने उखान आएको छ । अमृत पान गर्ने देवतालाई धनको आवश्यकता नपर्ने उल्लेख गरिएको छ । **सबै कुकुर काँशी गए गुँ कल्ले खाला** भनेर सबै राम्रा बन्न नसक्ने भनिएको हो । **भैंसीलाई सोतर जन्तीलाई भतेर, भैंसीको पाडो सिङ ठाडो** जस्ता उखानहरू पशुको माध्यमबाट सिर्जना भएका छन् । यसबाट बिर्तादिउरालीमा पशुपालनको व्यवसाय राम्रो रहेको देखाएको छ । **भदौमा आँखा फूट्या डिङ्गो सधैं हरियो देख्छ** जस्ता उखानले एकपल्ट कमाई राम्ररी भएमा सधैं हुने विश्वास गलत हुने तर्क गरेको छ । **पाडो पाएनी पाडी पाएनी भतुवालाई विगौति** भनेर नोकर चाकरले ठूलो आशा गर्नु नहुने सन्देश दिएको छ । **कानो गोरुलाई औसी न पूर्ने** जस्ता उखानले समाजमा भएका परिवर्तनलाई बुझ्न नसकेको भन्ने बुझाएको छ । **माघे भैंसी भदौरे गाई चैतको घोडा**

**खसम खाई** भनेर माघमा भैंसी, भदौमा गाई, र चैतमा घोडो व्यायो भने त्यस परिवारमा अशुभ हुने संकेत गरेको छ ।

### *६.२.३.३. उद्योगको वर्णन*

बिर्तादिउराली गा.वि.स. पहाडी भेगमा रहेको गाउँ हो । यहाँ ठूलाखाले कलकारखाना खुलेका छैनन् । कृषि जन्य पदार्थमा आधारित कुटनी पिसानी जस्ता मिलहरू मात्र संचालनमा छन् । **बाँसको भलैभलो कहिले बन्ला हलो**? भन्ने उखानले गाउँमा बाँसमा आधारित डोका, डाला, नाङ्ला, फर्निचर आदिका उद्योग खोल्न सकिने संकेत गरेको छ । **उद्योगले गरी लक्ष्मी हुन्छ सबमा लठ्ठक भए लठ्ठियो** भनेर मानिसलाई उद्योग खोल्न प्ररित गरेको छ । उद्योगबीना मानिस धनी हुन नसक्ने बताइएको छ । **परिश्रमीलाई खिर अल्छीलाई पीर** जस्ता उखानले पनि खिर खान परिश्रम वा उद्योग नै गर्नुपर्ने सुझव दिएको छ नत्र भने पीर खप्नुपर्ने भनाइ व्यक्त भएको छ । उद्योग बीना अर्थ उपार्जन गर्न सकिँदैन । अर्थ भएन भने जीवन व्यर्थ हुन्छ । **अर्थ न बर्थ गोविन्ध गाँई** भन्ने उखान छ । यसरी उद्योगको महिमा वर्णन गरिएको उखानहरू बिर्तादिउरालीमा पाईएको छ ।

## ६.३. चिन्तनका आधारमा उखानको विश्लेषण

चिन्तन मानवीय सोचको उपज हो । चिन्तनले हरेक क्षेत्रमा प्रभाव पार्दछ । समाजमा दुईखाले चिन्तनले प्रतिस्पर्धा गरिरहेको हुन्छ । परम्परागत चिन्तन र परिवर्तनकारी चिन्तन मुख्य हुन् । बिर्तादिउरालीमा दुबैखाले उखानहरू भेटिएका छन् ।

परम्परागत चिन्तनमा अद्भूत दैवीशक्तिलाई विश्वास गरिन्छ । पहाड, नदी, मन्दिर, आगो, पानी, सुर्य, चन्द्र प्राकृत वस्तुहरूमा ईश्वर छन् भन्ने विश्वास गरिन्छ । धर्म नै मुख्य तत्वका रूपमा लिने अध्यात्मवादीहरू गाउँमा प्रशस्त पाइन्छन् । धर्ममा विश्वास राख्ने मानिसहरू एकातिर छन् भने कर्ममा विश्वास राख्ने भौतिकवादीहरू अर्कातिर छन् । भौतिकवादीहरू परिवर्तनकारी हुन भनिएको छ । परिवर्तनकारीहरू जे देख्यो त्यही मात्र विश्वास गर्छन् । अदृश्य शक्तिमा विश्वास राख्दैनन् । अदृश्य शक्तिलाई भ्रम भन्दछन् ।

बिर्तादिउरालीमा भौतिकवादीहरू र अध्यात्मावादी दुबैखाले चिन्तन बोकेका मानिसहरू पाइन्छन् । यी दुई वर्गले बेग्लाबेग्लै चिन्तन लिएर समाजमा उभिएका पाइन्छन् । अध्यात्मावादी बर्ग आफ्नो परम्परा तोड्न चाहदैनन् । आफ्नो पुरानो विश्वास र मान्यता कायम गर्दै अघि बढ्न चहान्छन् । भौतिकवादी वर्ग धर्मलाई भ्रमको खेती भन्दै यसलाई चिरेर कर्मको माध्यमबाट समाजमा परिवर्तन गर्न चहान्छन् । समाजमा शासक र शासित वर्गपनि छन् । शासक वर्ग सामन्त विचारवादी हुन् । शासित वर्ग शोषित छ । शासक वर्ग मजदुर, किसान आदिलाई आफ्नो हितअनुकूल प्रयोग गरेर अन्यलाई पीडित पार्छन् ।

### *६.३.१. परम्परावादी चिन्तनका उखान*

परम्परावादी चिन्तन परिवर्तनको विपक्षमा रहन्छ । यथास्थितिबाटै समाजको संचालन गर्न सकिन्छ भन्ने मान्यता यिनमा रहन्छ । यिनिहरू पूर्खाको पालादेखि चलिआएको आफ्ना प्रथालाई त्याग्न चाहदैनन् । परम्परामा आधारित उखानहरू बिर्तादिउरालीमा प्रशस्त पाइन्छ । **अजिङ्गरको आहार दैवले पुऱ्याउँछ ।** भनेर काम नगरी खानखोज्नहरू यसप्रकारका भविष्यवाणी गर्छन् । **भाग्यमानीको भूतैकमारो** भनेर अरुलाई काममा दलाएर आफ्नो स्वार्थको पूर्ति गर्नेहरू समाजमा पाइन्छन् । **ईश्वरको तारतम्य कोही जान्दैन** जस्ता उखानले ईश्वरलाई सर्वेसर्वाको रूपमा देखाइएको छ । **हुने हार दैव नटार** भनेर इश्वरीय कार्यलाई कसैले छेक्न नसक्ने भविष्यवाणी गरिएको छ । परम्परावदीहरूले भाग्यलाई मुख्य जीवन आधार मान्दछन् । धनी गरिब हुनु, विद्धान-मूर्ख हुने भाग्यको खेल ठान्दछन् । **भाग्यमानीको खप्पर ठुलो अभागीको लक्कर ठूलो** भनेर परम्परावादीहरू मानब अङ्ग हेरेर भग्य भएको र नभएको छुट्याउन अड्कल काट्छन् । बहुजाती समाजमा को मानिस ठूलो को मानिस सानो त्यस कुरामा पनि परम्परावादीको भेद छ । **टुप्पी भन्दा माथि रौं छैन बाहुन भन्दा ठूलो जात छैन** भनेर बाहुनलाई ठूलो जातको रूपमा उभ्याइएको पाइन्छ । बाहुनले बोलेको कुरा सत्य, अकाट्य र कानून सरह हुन्छ भनेर बाहुनका कुरा सबैले मान्नुपर्ने उल्लेख भएको छ । **जसो जसो बाहुनबाजे उसै उसै स्वाहा** भनेर बाहुनले बोलेको कुरामा समर्थन जनएको पाइन्छ । यथास्थितिवादी प्रवृत्तिमा समर्पण प्रवृत्ति हावी भएको पाइन्छ । **तोलाको जिब्रो फड्कानु भन्दा धार्नीको टाउको हल्लउनु बेश** भनेर अर्काको बिरोधमा बोल्नुभन्दा चुपचाप रहेर टाउको हल्लाइदिनु राम्रो हुने उल्लेख छ । **पाडो पाएनी पाडी पाएनी भतुवालाई विगौती** जस्ता उखानले श्रमजीवि वर्गलाई उपेक्षा गरेको पाइन्छ । **धर्मको जय पापको**

**क्षय, पाले पुण्य मारे पाप, पाप धुरीबाट कराउँछ, सत्य डग्दैन झुटो तग्दैन** आदि परम्परावादी विशेषता हुन । परम्परावादीहरू परिवर्तनकारीहरूलाई **आफ्नो नाक काटेर अरुको चाक टाल्ने** वर्गको रूपमा लिने गर्दछन् । सन्तान बढाउनु र डाँडाकाँडा ढकाउनु परम्परावादीको विशेषता हो । **सन्तानले डाँडाकाँडा छोपुन** भनेर आशिष दिने चलन छ । अतिथि सत्कार र पाउनालाई देवतासमान सम्मान दिनुचाँही परम्परावादीको राम्रो विशेषता हो । यसरी उखानले बिर्तादिउराली समाजको परम्परा प्रतिको दृष्टिकोणलाई औँल्याईदिएको छ ।

### *६.३.२. परिवर्तनकारी चिन्तन*

समाज गतिशील छ । समयको हुरी सँगै समाजमा परिवर्तन आइरहन्छ । हिजोको सत्य लाग्ने कुरा आज झुटोजस्तै भैसके । अन्याय अत्याचार जस्ता कुराहरूले समाजलाई पछि धकेल्छ । शोषित पिडित श्रमजीवि वर्गले मुक्तिको आशा गरिरहेका हुन्छन् । सधैंको एउटै पाराले मानिसलाई दिग्दार बनाइरहेको हुन्छ । मानिसहरू नयाँ नयाँ कुराको उपभोग गर्न खोजिरहेका हुन्छन् । **काला गए गोरा आउँछन्** भनेर समाज परिवर्तनको संकेत गरेको पाइन्छ । सधै एक पक्षले मात्र स्थान जमाइ राख्ने प्रवृत्तिलाई उखानले अस्वीकार गरिदिएको छ । **पुरानो पात झर्छ नयाँ पात पलाउँछ** जस्ता उखानले पुरानाका ठाउँमा नयाँ पुस्तालाई स्थापित गराउन जोड दिएको छ । **काम न दाम मुखभरी माम** जस्ता उखानले काम नगरी दाम कमाएर मोज मस्ती गर्ने वर्गलाई मुखभरी माम हाल्न नपाइने कुराको जनाउ दिएको छ । **जाँगर न साँगर खाने बेला आँगर** भनेर अल्छ्याँइ प्रवृत्तिलाई हप्की मार्फत सचेत गराउने चेस्टा गरिएको छ । **खाने मुखलाई जुँगाले छेक्दैन** भनेर समाजमा कुकृत्यको हावी गर्ने समुहलाई अन्त्य गर्न कसैले छेक्न नसक्ने दावी गरिएको छ । **हुटिट्याँउ ले स्वर्ग थाम्दैन** भनेर पुरानो प्रवृत्तिलाई असक्षमताको द्योतकका रूपमा उभ्याइएको छ । **हिँडे पुगिन्छ जुटे जीतिन्छ** भनेर परिवर्तनको लागि एक जुट हुन आग्रह गरिएको छ । यसरी उखानको माध्यमबाट बिर्तादिउरालीमा परिवर्तनको चिन्तन गरिएको छ ।

## ६.४. संरचनका आधारमा उखानको विश्लेषण

संरचनाका आधारमा पनि बिर्तादिउरालीमा प्रचलित उखानलाई विश्लेषण गर्न सकिन्छ । संरचना भन्नु नै आकार प्रकार र त्यसको निर्माण हुने आधार हो । बिर्ताली उखानहरू एकै प्रकृतिका छैनन् । तिनका सिर्जना हुने तरिका फरक फरक छन् । संरचनाका अन्तर्गत छोटा,

मझौला, लामा आदि खालका उखानहरू पर्दछन् । कुनै साधारण खालका कुनै प्रश्नमूलक, कुनै प्रश्नको उत्तर आउने खालका उखानहरू पनि बिर्तादिउरालीमा प्रचलित रहेको पाइन्छ । यिनै विभिन्न खालका उखानहरूलाई संरचना अन्तर्गत राखेर व्याख्या र विश्लेषण गर्न सकिन्छ ।

### *६. ४.१. आकार प्रकार*

जुनसुकै विधाको पनि स्पष्ट आकार हुन्छ । आकार बीनाको शरीर हुदैन । उखानको आकार भन्नुनै बाहिरी स्वरूप हो । स्वरूपमा पनि भिन्नता हुन्छ । यस अध्ययनका क्रममा बिर्तादिउरालीमा प्रचलित उखानमा छोटा, मझौला, लामा आकारका गरी तीन प्रकारका उखानहरू भेटिएका छन् ।

#### *६. ४.१.१. छोटा आकारका उखान*

दुई चार शब्द सम्म भएका उखानलाई छोटा उखान अन्तर्गत राख्न सकिन्छ । **हाँस्यो की नास्यो, जहाँ स्त्री उहीँ श्री** आदि हुन् । यति मात्र नभएर लघु उखान अनगिन्ती छन् । जसलाई निम्नानुसार देखाईएको छ । **कन्ना पछाडी छाक, औकात हेरी सौकात गर्नु** ।

#### *६. ४.१.२. मझौला रूपका उखान*

मझौला उखान दुई तीन समापिका क्रिया भएका हुन्छन् । न त धेरै लामा हुन्छन् न त धेरै छोटा हुन्छन् । मध्यम खालका उखानहरूलाई यस भित्र समाविष्ट हुन्छन् । **चिन्नु न जान्नु धँचेडी माग्नु ।**

#### *६. ४.१.३. लामा आकारका उखान*

वाक्यका हिसाबले लामा उखानहरू तीन वाक्य सम्म मिश्रित भएका उखानहरूलाई लिन सकिन्छ । यस्ता उखानहरू बिर्तादिउरालीमा प्रचलित रहेको पाइन्छ । जस्तै :- **बस्न पाएँ भन्दैमा थ्याच्च नबस्नु, बोल्न पाएँ भन्दैमा प्याच्च नबोल्नु, खान पाएँ भन्दैमा क्वाप्प नखानु ।**

प्रस्तुत उखानमा बस्ने, बोल्ने र खाने कुरा माथि विशेष ध्यान दिनुपर्ने देखाईएको छ । बस्ने, बोल्ने र खाने बेलामा बिचार पुऱ्याउन सकिएन भने पछि पश्चाताप गर्नुपर्ने सुझाव दिएको छ ।

**परेवा भन्दा मलेवा घुर्ने, जुन जैसीलाई हेराएपनि कान्छी नानी मलाईनै जुर्ने** । प्रस्तुत उखानमा परेवा र मलेवा उस्तै खालका पंक्षी भएर पनि बस्ने ठाउँ र कराउने क्षमता मा फरक भएको उल्लेख छ । परेवा घरपालुवा पंक्षी हो भने मलेवा जंगली पंक्षी हो । यी दुईमा घुर्ने क्षमता मलेवाको बढिहुने देखाईएको छ । म र कान्छीनानीको सम्बन्ध राम्रो भएको र त्यसलाई ज्योतिषले पनि पुष्टि गरिदिएको भावना व्यक्त भएको छ ।

**भुलुक्क पानी छ्वास्स पिठो, ओडाल्यो ढिँडो, खायो हिँड्यो, माझ्यो भाँडो कति चाँडो** ? प्रस्तुत उखानमा पानी उम्लेपछि ढिँडो पकाउन पिठो हाल्नुपर्ने अनि पन्यूँ लगाएर ओडाल्नुपर्ने, त्यसपछि ढिँडो पाकेर खान पाइन्छ भन्दै खाएपछि चाँडो चाँडो भाँडो सफागरेर हिँड्नुपर्ने संकेत दिएको छ । प्रायः पहाडी भेगमा भारी बोक्ने भरियालाई चाँडो घर पुग्न यस प्रकारको खानाको बन्दोबस्त गर्न सके फाइदा हुने देखाइएको छ ।

## *६. ४. २. लयको स्थिति*

लयले पनि उखानमा निकै महत्वपूर्ण स्थान राखेको पाइन्छ । लय भन्नले गद्यात्मक, पद्यात्मक शैली नै हो । बिर्तादिउरालीमा प्रचलित उखानमा गद्य र पद्य दुबै खाले उखानहरू फेला परेका छन् ।

### *६. ४. २.१. गद्यात्मक उखान*

गद्यात्मक उखान चलन चल्तीमा प्रशस्त रहेको पाइन्छ । अन्त्यानुप्रास प्रशंग नमिलेपनि ज्यादै लोकप्रिय उक्तिका रूपमा उखान रहेका छन् । लयात्मक स्वर नआएपनि सुन्नमा कर्णप्रिय भई जनमानसलाई प्रभावित पारेको देखिन्छ । यस्ता उखानमा **आगो र निउ धेरै चाँहिदैन । गुँ पुछेको ढुङ्गो पनि काम लाग्छ ।**

### *६. ४. २. २. पद्यात्मक उखान*

छन्द मिलेका उखानहरू पद्यात्मक उखान हुन । कविताको ढाँचामा प्रयोग भएर आउने उक्तिहरू यस अन्तर्गत पर्दछन् । यस्ता पद्यात्मक उखानहरू अन्त्यानुप्रास मिलेका तुकबन्दीयूक्त हुन्छन् । यस्ता उखानमा **ओल्लो धरकी बूढी पल्लो घरमा सरी । काम न दाम मुखभरी माम ।**

### *६.४.३. प्रश्नात्मकता उखान*

बिर्तादिउरालीमा प्रचलित उखानमा प्रश्नात्मकता संरचनामा सिर्जना भएका उखानहरू पाईएका छन् । धरै उखानहरू सामान्य प्रकृतिका पाईन्छन् भने कुनै प्रश्नका रूपमा रहेका छन् । कुनै प्रश्नका उत्तर आउने खालका उखानहरू समेत प्रयोग भएको पाइएको छ । यस्ता उखानहरूलाई सामान्य, प्रश्नात्मक र प्रश्नोत्तरात्मक गरी तीन प्रकारले विश्लेषण गर्न सकिन्छ ।

#### *६.४.३.१. सामान्य प्रकृतिका उखान*

सामान्य उखानहरू अभिधामूलक हुन्छन् । यिनीहरूलाई सजिलै बुझ्न र ग्रहण गर्न सकिन्छ । यस्ता उखानले सिधा अर्थ दिन्छन् । जस्तै **घोडा चड्ने लड्छ । घाट कुरे मुर्दा भेटिन्छ ।**

#### *६.४.३.२. प्रश्नात्मक उखान*

प्रश्नका माध्यमबाट समाजमा औला ठडाउने प्रवृत्ति भएका उखानहरू प्रश्नात्मक हुन । उत्तर खोज्न कौतुहलता जगाइदिने खालका उखानहरू जसले समाजलाई सजग गराउन समेत भमिका खेलेका हुन्छन् । बिर्ताली समाजमा प्रश्नात्मक उखानहरूले प्रवेश पाएका छन् । **अगस्तीको पेट कैल्ये भरिन्छ** ? **कि लम्बे बाटा कि बाखा पाठा** ?

#### *६.४.३.३. प्रश्नोत्तरात्मक उखान*

प्रश्न गरेपछि तत्काल उत्तर फर्काउने खालका उखानहरूलाई प्रश्नोत्तरात्मक उखान भनिन्छ । बिर्तादिउरालीमा प्रचलित उखानमा केही मात्रामा प्रश्न गर्ने र उत्तर दिने उखानहरू प्रयोग भएको पाइएको छ । जस्तै : **-घीउ काँ पोखियो** ? **दालमा । दाल काँ पोखियो** ? **थालमा ।** प्रश्तुत उखानमा आफ्नो बस्तु आफ्नै मानिसको हातमा परेको र फाइदा आफैंलाई भएको उल्लेख गरेको छ ।

**के मीठो महाराज ? भोक मीठो ।** प्रस्तुत उखानले भोक लागेको बेलामा राजा देखि रैतीसम्म सबैलाई जे खानेकुरा भेटेपनि मीठो हुने र अघाएको बेलामा चौरासी व्यञ्जन मेवा मिष्ठान्न मिलेपनि मीठो नहुने संकेत गरेको छ ।

**नपाउञ्जेल कस्तो ? पाएपछि सस्तो ।** प्रस्तुत उखानले कुनैपनि बस्तु प्राप्त गर्न कठिन हुनाले नपाउँदाको वखत सानो बस्तु पनि बहुमूल्य हुने र प्राप्त भएपछि बहुमूल्उ बस्तु पनि सामान्य हुने उपयोगीता ह्रास नियम लागुहुने देखाएको छ ।

## ६.५. साहित्य सिद्धान्तका आधारमा उखानको विश्लेषण

उखान लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । साहित्य सिद्धान्तका आधारमा उखानलाई विश्लेषण गरेर देखाउन सकिन्छ । साहित्यमा हुने अर्थगत चमत्कार, रसमयता, आख्यान तत्व, भषिक लालित्य आदिलाई विश्लेषण गरिएको छ ।

### *६.५.१. अर्थगत चमत्कार*

साहित्यमा चमत्कार ल्याउन अर्थको विशिष्ट भूमिका रहेको हुन्छ । अर्थमा अभिधा, लक्षणा, व्यञ्जना जस्ता शक्ति भरपूर्ण हुनुपर्दछ । उखानमा अर्थगत चमत्कारले भनाइलाई अर्थको अनर्थ गरिदिन्छ । व्यञ्जना तत्वले अर्थमा बढि चमत्कार ल्याएको हुन्छ । **म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो** जस्ता उखानले मुडो ताक्दा बन्चराले घुँडो हानेको साधारण अर्थ दिएपनि व्यञ्जना अर्थले मानिसले गर्न चाहेको काम एउटा हुन्छ तर परिणाम अर्को निस्किन्छ भन्ने रहेको हुन्छ ।

उखानमा शब्दालङ्कार र अर्थालङ्कारको पनि प्रयोग भएको पाइन्छ । अलङ्कारले उखानलाई लोकप्रिय बनाउँछ । अलङ्कारिक बस्तुको सोभा बेग्लै हुन्छ । **फूट्टि न कौडी बजार बजार दौडी । भोक न भकारी सोक न सुर्ता** जस्ता उखानमा वर्णहरूको आवृत्तिले अर्थगत चमत्कार देखाएको छ । **नाच्न नजान्ने आँगन टेडो, रातभरी करायो दक्षिणा हरायो** जस्ता उखानमा अभिधामूलक कथनले कमजोर व्यक्तिले आफ्नो कमजोरी पन्छाउन अरुलाई दोष दिने गरेको देखाएको छ । सिप नभएको मान्छेको कराई र गराई निरर्थक हुन्छ भन्ने उल्लेख गरेको छ । यसरी अर्थगत चमत्कारले उखानलाई स्वादिलो पार्ने काम गर्दछ ।

**जस्तो आफू उस्तै च्यापु** लाई **उपमा अलङ्कारको** रूपमा लिन सकिन्छ । आफू राम्रो भए सबै राम्रो हुन्छ भन्ने अर्थमा आफू जस्तै च्यापु भन्दा आफू उपमान र च्यापु उपमेय भएकोले यहाँ उपमा अलङ्कारको प्रयोग भएको छ । **आगो सानो र भाइ सानो हुँदैन** यहाँ आगो र भाई समान अर्थमा आएकोले **रूपक अलङ्कारको** प्रयोग भएको पाइन्छ । **लोभ गर्नेले लण्डा पाउँछ** यहाँ **लण्डा** परिणामको रूपमा आएकोले **दृष्टान्त अलङ्कार** प्रयोग भएको छ । **कि हस्तिनापूरको रजाइँ कि चपरिमूनिको बास** यहाँ हस्तिनापुर उत्प्रेक्षित र चपरी उपमित भएर आएकोले **उत्पेक्षा अलङ्कारको** प्रयोग भएको छ । यसरी बिर्ताली उखानमा बिभिन्न अलङ्कारको समेत प्रयोग भएको छ ।

### *६.५.२. रसमयता*

हृदयमा उत्पन्न हुने कौतुहलता नै रस हो । रसले व्यक्तिको मानसिक स्फूरणलाई शान्त र स्वच्छ पारिदिन्छ । तसर्थ उखानमा भएका रसले उखानका ग्राहकलाई रस स्वाधन गर्न लगाई उत्साहित र प्रफूल्लित गराइदिन्छ । उखानमा रसमयता प्रसस्त पाइन्छ । साहित्यका नव रस उखानमा पाउन सकिन्छ । **ठाउँ न ठहर बूढीको रहर** जस्ता उखानमा ठहर र रहर शब्दले वाक्यलाई सिङ्गगार पटार गरेकोले यसमा **श्रृङ्गारिक रस** प्रयोग भएको छ । **ज्योतिषको छोरी राँड वैद्यको छोरी गलगाँड** जस्ता उखानमा विकृत विचार र कार्यले हाँसो उठाएको हुदा **हास्य रस** प्रयोग भएको देखिन्छ । **गु लाई चलयो गन्ध** मा घिन लाग्दा वस्तुको प्रयोगले घृणा उत्पन्न गराएको हुदा **वीभत्स रसको** प्रयोग भएको देखिन्छ । **बाघले खएनी किलो रित्तै लडेर मरे नि किलो रित्तै** मा डर लाग्दो भावको प्रयोगले गर्दा **भयानक रस** प्रयोग भएको छ । **बाघ बूढो स्याल तन्नेरी**मा बीरताको भाव सलवलाई रहेको ले **वीर रस** प्रयोग भएको छ । **हुने लाई जाँही तँही नहुने लाई काँही न काँही** मा हुनेलाई चुपलागेर बस्दा पनि आम्दानी हुने र नहुनेलाई परिश्रम गर्दा पनि आम्दानी नहुने गरीब र धनी बीचको हृदय विदारक शोक भाव प्रकट भएको ले **करुण रसको** प्रयोग भएको छ । **गरीबको स्वास्नी हुनु भन्दा सेठको नोकर बेस** याहाँ लोग्ने लाई कमजोर देखेर स्वास्नीमा आएको कोध भावको समावेशले **रौद्र रस** प्रयोग भएको छ । **बाघको गन्ध बाँदरको काल** याहाँ गन्धले काललाई निम्त्याउने आश्चर्यजनक विस्मय भाव उत्पन्न भएकोले **अद्‌भूत रसको** प्रयोग भएको पाइन्छ । **आए गए माया मोह आएन गएन पराय** मा

वैराग्य पूर्ण शान्त भावको छाल उत्पन्न भएकोले **शान्त रस** प्रयोग छ । यसरी बिर्तादिउरालीमा प्रचलित उखानमा विभिन्न रस प्रयोग भएको पाइन्छ ।

### *६.५.३.आख्यान तत्व*

उखानमा आख्यान तत्व रहेको हुन्छ । आख्यानयूक्त कथनको निचोड नै उखान हो उखानको नालीवेली लाउनु पर्दा एउटा सिङ्गो आख्यान कहनु पर्ने हुन्छ । तसर्थ उखान आख्यानको लघु रचना हो भन्न सकिन्छ । **रोटी गनी गनी जैंसी कलाँए आयो निदुली तेरो काल** । यस उखान सँग सम्बन्धितआख्यान यस्तो छ ।

कुनै गाउँमा आमा-छोरा दुई जना बसेका थिए । कुनै पर्वको बेलामा आमा चाहिँले मिठाई पकाउने क्रममा रोटी पनि पकाइछिन् । छोराले बाहिर बसेर तातो ताप्केमा रोटी हाल्न थाल्दा झ्वाँइ-ईको आवाज गन्दै रोटी गन्दो रहेछ । रोटी पकाई सकेपछि आमाले पकाएको रोटीको सङ्ख्या छोराले बताएछ । रोटी पकाएको नदेखिकन पनि रोटीको सङ्ख्या थाहा पाउने मेरो छोरो ठूलो ज्योतिष भयो भनेर गाउँमा हल्ला गरिछन् । यो खबर यत्र तत्र सर्वत्र फैलियो । आखिर त्यस देशका राजाले पनि त्यो खबर सुनेछन् । त्यही बखत राजदरबारमा महारानीको हिराको हार हराएको रहेछ । राजाले राटी गन्ने ज्योतिषलाई बोलाएर हिराको गहना पत्ता लगाउन अह्राएछन् । हराएको वस्तु पत्तो लगाउन नसके ज्योतिषलाई मार्ने हूकुम भएछ । विचरा ज्योतिषै नपढेको मान्छेले कसरी चोर पत्ता लगाउने । उसलाई राजाले मार्छन् भनेर ठूलो पीर पर्‍यो । उसलाई रातभरि निद्रा पनि लागेन । निद्राले झुमाइरहेकै बेलामा उसको प्रारब्ध बलियो भएर हो वा दैव संयोगले उसको मुखबाट निराश स्वरमा हाई गर्दै एक वाक्य निस्कयो **-रोटी गनी गनी जैंसी कहलाँए आयो निदूली तेरो काल** । राजाको दरबारमा माहारानीको सेवा गर्ने एक निदूली नामकी सेविका पनि रहिछिन् । तिनले नै हीराको हार लुकाएको रहेछ । ज्योतिषले निदूलीको नाम लिने बित्तिकै गोप्य रूपले आई निदूलीले ज्योतिषलाई आफ्नो करतुत बताइछिन् । तत्पश्चात् सो उखान चलेको देखिन्छ । यसरी उखानको नालीबेली खोज्दा एउटा सिङ्गो कथा नै फेला पर्छ ।

### *६.५.४. भाषिक लालित्य*

साहित्य पठनयोग्य हुन नरम र मिठासपूर्ण हुनु पर्दछ । लालित्यपनले नै भाषालाई पठनीय बनाउँछ । लालित्य भाषाको लेब्रोपना हो । लालित्यले भाषामा मिठासपना दिन्छ । त्यही मिठासपनले उखानका पाठकलाई मोहनी लागाईरहेको हुन्छ । शब्दगत कोमलताले बिर्ताली उखानको गरिमालाई उचालिदिएको छ । उखानका शब्दहरू कर्णप्रिय साथै हृदयलाई आल्हादित पार्न सक्ने क्षमताका हुनुपर्दछ । समास र द्वित्व प्रकृयाद्वारा निर्मित शब्दहरूको प्रयोग र अनुकरणात्मक शब्दको प्रयोगले उखान लालित्यमय बनेको हुन्छ । फेरी अनुप्रास र लयात्मकताले उखानलाई सुगन्धित बनाइदिएको छ । फल्लीसकेको बासमती चामल जस्तो अभिव्यक्तिका रूपमा भाषिक लालित्यले उखानलाई शोभित पारेको हुन्छ । जसलाई जनमानसले स्वपाच्य गर्न सक्छन् । **गुँको किरो गुँ मै राजी, खाई न पाई छालाको टोपी लाई, खानु न पिनु पुर्पुराको चिनो** जस्ता उखानमा भाषिक लालित्यले गर्दा पाठक वर्ग सजिलै सँग आकर्षित हुन सक्छन् ।

## ६.६. निष्कर्ष

बिर्तादिउराली गा.वि.स.मा प्रचलित नेपाली उखानहरूको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिएको छ । नेपाली उखानको अध्ययन, संकलन, र विश्लेषण गर्ने काम यस क्षेत्रमा लागेका विद्वानहरूबाट थालनी भएको पाइन्छ । तर सन्तोषजनक संकलन भएपनि विश्लेषण चाहिँ त्यही अनुपातमा भएको पाईंदैन । जति कार्य भएको छ त्यसलाई प्रशंसनीय नै मान्नुपर्दछ । नेपाली उखानको विशेषता र महत्वमाथि प्रकास पार्ने प्रयास भएको छ । अर्थ र प्रयोग दिने कार्यको थालनी थोरै मात्र भएको पाइन्छ । उखान एकै पटक संकलन गर्न सम्भव हुँदैन । सिर्जनशील समाजमा नयाँ-नयाँ उखानहरू सिर्जना हुँदै जन्छन् । तिनलाई सङ्कलन गर्दै जानु अध्येताहरूको कार्य हो । नेपाली उखानलाई विषयका आधारमा विश्लेषण गरिएको छ । विषय भन्नाले सामाजिक, साँस्कृतिक, आर्थिक, न्यायीक, ऐतिहासिक, धर्म संस्कृति, चालचलन, रहनसहन, बोलीव्यवहार, आचार बिचार, नियम कानून, रीतिस्थिति, भेषभुषा, आदिलाई लिइएको छ । साथै खानपान, कृषिव्यवसाय, खेतीपाती, जीवजन्तु, तथा पशुपंक्षी समेतलाई समेटेर बिर्ताली उखानको विश्लेषण गरिएको छ ।

यस अध्ययनमा विश्लेषण गरिएका विषयहरूमा सामाजिक-साँस्कृतिक पक्ष, पारिवारिक सम्बन्ध र छरछिमेक, नारीपुरुषको चित्रण, वर्गीय द्वन्द, समाजिक विकृति र विसङ्गति, नाचगानको चित्रण, खानपानको वर्णन, वेशभुषाको चर्चा, जातिपातिको चर्चा, लोकविश्वास र धर्म, नीतिशिक्षा र उपदेश, न्याय व्यवस्थाको वर्णन, प्रकृति चित्रण, हावापानीको चर्चा, वनजंगलको वर्णन, जीवजन्तुको चर्चा, कृषिव्यवसायको वर्णन खेतिपातीको वर्णन, पशुपालनको वर्णन र उद्योगको वर्णन जस्ता मुख्य शीर्षक छन् । चिन्तनको आधारमा पनि बिर्ताली उखानलाई विश्लेषण गरिएको छ । यस आधारमा बिर्ताली उखानहरू परम्परावादी र परिवर्तनकारी गरी दुई प्रकारका छन् । सँरचनाका आधारमा समेत बिर्ताली उखानलाई विश्लेषण गरिएको छ । यस आधारमा बिर्ताली उखानलाई आकारगत, लयको स्थिति, प्रश्नात्मकता, जस्ता विषयमा विभाजन गरी विश्लेषण गरिएको छ । आकारगत संरचनामा छोटा उखान, मझौला उखान, र लामा उखान गरी तीन तहमा राखी विश्लेषण गर्ने काम भएको छ । लयका आधारमा उखानलाई गद्यलय, र पद्यलय गरी दुई प्रकारमा छुट्याइएको छ । प्रश्नात्मकताका आधारमा उखानलाई सामान्य उखान, प्रश्नात्मक उखान, प्रश्नोत्तरात्मक उखानका रूपमा विश्लेषण गरिएको छ ।

साहित्य सिद्धान्तका आधारमा समेत बिर्ताली उखानलाई विश्लेषण गर्ने जमर्को गरिएको छ । साहित्य सिद्धान्त अन्तर्गत अर्थगत चमत्कारलाई लिइएको छ । अर्थगत चमत्कारमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले उखानमा पर्ने प्रभावको बारेमा विश्लेषण गरिएको छ । वर्णहरूको बारम्बार प्रयोगले अर्थगत विभिन्नतालाई देखाएको छ । साथै उखानमा प्रयोग भएका उपमा अलङ्कार, रूपक अलङ्कार, दृष्टान्त अलङ्कार, र उत्प्रक्षा अलङ्कारलाई देखाएको छ । रसमयताको विश्लेषण गर्दा साहित्यका नवरसलाई उल्लेख गरिएको छ । श्रृङ्गार रस, हाँस्य रस, विभत्स रस, भयानक रस, वीर रस, करुण रस, रौद्र रस, अद्भूत रस, र शान्त रसमाथि केन्द्रित रहेर उखानको विश्लेषण गरिएको छ । उखान आख्यानको सार तत्व हो । उखानको नालीबेली खोज्दा सिङ्गो आख्यान भेटिन्छ । तसर्थ **रोटी गनी गनी जैंसी कलाएँ आयो निदुली तेरो काल** जस्ता उखानको विश्लेषण आख्यानात्मक रूपमा गरिएको छ । भाषिक लालित्यले उखानको प्रयोगमा प्रभाव पार्दछ । तसर्थ भाषिक लालित्यको महत्वमाथि विश्लेषण गरिएको छ । तिनले वर्तमानलाई प्रस्तुत गर्दै भविष्यका लागि मार्गचित्र कोर्न सहयोग पुऱ्याउनेछ ।

## परिच्छेद : सात

# उपसंहार

बिर्तादिउराली गाउँ विकास समिति नेपालको काभ्रेपलाञ्चोक जिल्ला भित्र पर्दछ । यो गा.वि.स. राजधानी काठमाण्डौबाट ७५ किलोमिटर र जिल्ला सदरमुकाम धुलीखेलबाट ४० कि.मि को दुरीमा सुनकोसी नदी पारी पट्टि पर्दछ । काभ्रेपलाञ्चोक जिल्लको ८७ गा.वि.स. र ३ नगरपालीका मध्ये बिर्तादिउराली गा.वि.स. एक हो । पहाडको विकट स्थानमा रहेको गाउँ भएपनि विभिन्न जातिको बसोबासले रङ्गी चङ्गी फूल झैं लाग्दछ । गाउँमा जातिय विद्वेष र धार्मिक असहिष्णुता नहुनु यहाँको विशेषता हो । धार्मिक  साँस्कृतिक परम्पराको संरक्षणको लागि गाउँका विभिन्न वडामा मन्दिरहरू बनाइनु मानिसको आस्थाको उपज हो । बिर्तादिउरालीमा भएका धार्मिक मठमन्दिरहरूमा केही प्राचिनकालिन र केही मानव निर्मित स्थलहरू पर्दछन् । प्राकृतिक धार्मिक स्थलहरूमा भुमेस्थान देवीस्थान, खहरेबेसी भिमसेनस्थान र भुसुनेश्वर महादेवस्थान पर्दछन् । मानवनिर्मित धार्मिकस्थलहरूमा कृष्णमन्दिर र शिवालय पर्दछन् ।

बिर्तादिउराली मध्यपहाडी धरातलीय स्वरूप भएको गाउँ हुनाले अग्ला हिमशिखर र हिँउले ढाकिने स्थानहरू छैनन् । बेसी-कछाडको भू-भाग भएकोले यस गा.वि.स. लाई थुम्काली प्रदेश र बेसी-खोँच गरी भौगोलिक विभाजन गरिएको छ । समुन्द्र सतहबाट ५०० मिटर देखि १४०० मि. सम्मको भू-भाग यहाँ रहेका छन् । यस गा.वि.स.को कुल क्षेत्रफल ११.९० वर्ग कि.मि. रहेको छ । हावापानीका आधारमा यहाँ एक नासको मौसम पाइदैन । गर्मी याममा बेसी र खोँचमा बढी गर्मी हुन्छ भने थुम्का डाँडातिर शीतल हुन्छ । जाडोमा भने सबैतिर जाडो नै हुन्छ । **खहरे बेसिको खावा, बिर्ताको हावा** यहाँको प्रचलित उखान हो । तसर्थ बिर्तादिउरालीमा उष्ण र अर्धउष्ण प्रकारको हावापानी पाइन्छ । नदी नालाको हकमा धेरै खोला नाला, छहरा, छाँगा र नदीहरू पर्दैनन् । यस गा.वि.स.को किनाराबाट सुनकोसी नदी बगेको छ भने खहरे खोला र गम्बु खोला मौसमी रूपमा रहेका छन् । स्थानीय स्तरका साना दुईवटा गुफाहरूमा भुसुने ओढार र चमेरे गुफा यहाँको परिचित ठाउँ हो । बहुजातीय समाज बिर्तादिउरालीमा बाहुन, क्षेत्री, तामाङ, माझी, पहरी, घर्ती, दमाई, कामी, जस्ता समुदायका मानिसहरू बस्ने गरेका छन् ।

तिनको धार्मिक संस्कार र परम्परा पनि भिन्न प्रकृतिको रहेको छ । हिन्दुहरू दशैं, तिहार, लगायतका देवी देवताको उपासना गर्ने चाडपर्वहरू मनाउँछन् भने बौद्धमार्गीहरू बुद्धपूर्णिमा लगायतका ल्होसार आदि मनाउँछन् भने केही इसाइहरू मण्डली बसेर क्रिस्मस मनाउने गर्दछन् । यहाँको पहिरनमा लोग्ने मानिसहरू कमिज, सुरुवाल, सर्ट, पाइन्ट, टोपी, कोट, आदि लगाउँछन् भने महिलाहरू साडी, चोलो, कुता, सुरुवाल, फरिया आदि लगाउने गर्दछन् । बिर्तादिउरालीको आर्थिक अवस्था निम्न खालको भएको पाइन्छ । भौगोलिक विकटता र पहाडको भिरालो धरातलीय जमिनको कारणले कम उत्पादन हुन्छ । सिँचाइको सुबिधा योग्य ठाउँहरूको कमी र आकाशे खेतीको भरमा खेतीपाती लगाउँदा उत्पादन न्यून हुने गर्दछ । यहाँको मानिसहरूको कृषि मुख्य पेशा भएर पनि भरपर्दो आम्दानी हुन सकेको छैन । तसर्थ मानिसहरू रोजगारको लागि देश भित्र र देश बाहिर जान थालेका छन् । तसर्थ गाउँमा स्थानीय श्रोतमा आधारित कृषिजन्य साना उद्योगहरू स्थापना गरी आम्दानी श्रोत खुलाउन आवश्यक भएको छ । पशुपालन र नगदेबाली खेतीलाई व्यवसायीक रूपमा अगाडि बढाउन सकेको खण्डमा गाउँको आर्थिक समस्या घट्दै जान सक्छ । गाउँमा कच्चि मोटरबाटोको आधार बनाईएपनि कालो पत्रेको अभावमा वातावरण धमिलिएको छ ।  शिक्षाको विकास गर्न बिर्तादेउरालीमा वि.सं. २००६ सालमै **देउराली पाठशाला** सुरु भएको पाइन्छ । त्यसपछि वि.सं. २०१७ सालदेखि गाउँमा आधुनिक विद्यालयहरू क्रमशः खुल्दै गएर वि.स. २०६३ सम्म आईपुग्दा एक उच्च मा.वि, एक नि.मा.वि, र पाँचवटा प्राथमिक विद्यालय गरी सातवटा शैक्षिक संस्था मार्फत शिक्षाको बिस्तार भैरहेको छ । हाल गाउँका ५७ % जनता साक्षार भएको पाइन्छ । जसमा पुरुष ६७ % र महिला ४८ % साक्षार भएको देखिन्छ ।

बिर्तादेउराली गा.वि.स. नेपाली भाषाको प्रयोग बढि हुने स्थान हो । नेपाली भाषा सबैले बुझ्छन् र बोल्छन् । केही जातिका राष्ट्रिय मातृभाषा भएतापनि साझा सम्पर्कको भाषा नेपाली नै हो । नेपाली भाषा पूर्वेली भाषिकाको एकपाटो अन्तर्गत यहाँ बोलिन्छ । लोकसाहित्यको दृष्टिले बिर्तादेउराली गा.वि.स. पछाडि छैन । यहाँ लोकसाहित्यका विभिन्न विधाहरू प्रचलित छन् । जुन मौखिक परम्परामा हुर्किंदै आएका छन् । तिनको समूचित अध्ययन हुन सकेको छैन । बिर्तादेउरालीका लोकसाहित्यका विधाभित्र लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखानटुक्का, गाउँखाने कथा आदि मुख्य छन् । लोकगीत भित्रका विधामा संस्कारगीत, ब्रतगीत,

कर्मगीत र पर्वगीत पर्दछन् । लोकगाथा भित्र भजन भन्ने, किर्तन गाउने, देवी देवताको प्रर्थना - पुकारा गर्ने जस्ता प्रचलन पाइन्छ । लोक कथामा प्रेम, साहस, उपदेश, नैतिकचेतना, मनोरञ्जनात्मक, हाँस्यव्यङ्ग्यात्मक आदि समाबेश भएका घटनाहरू सुनाइन्छ । लोक नाटक उत्सब, पर्व तथा अन्य बेलामा मनोरञ्जन वा उपदेशको लागि जीवनका आशा, उमङ्ग, मनको वह, विलौना, विश्वास आदिको भोगाइलाई अभिनयको माध्यमबाट पाटीपौवा,चौतारा वा सहर बजारका चोक र डबलीमा देखाउने गरिन्छ । उखान टुक्काहरू भावाभिव्यक्तिलाई खिरिलो पार्ने र प्रशंगलाई प्रष्ट्याउन प्रयोग गरिन्छ । उखान-टुक्काले उक्तिलाई रसिलो कसिलो बनाइदिन्छ । गाउँखाने कथा, बूढाबूढी, यूवायुवती केटाकेटीको दिमाग जाँच्न फूर्सद र जुनसुकै बेला भन्ने गरिन्छ ।

लोकसाहित्य शब्द **लोक र साहित्यको** समास भएर बनेको हो । नेपाली बृहदशब्दकोशका अनुसार लोक भन्नाले बह्माण्डको कुनै भाग, स्वर्ग, मर्त्य, पाताल, पृथ्वी देखि तलतिरका पाताल भनिएका सात लोक र माथि तिरका स्वर्ग भनिएका सात लोक, ग्रहमण्डलीय तीन लोक, बह्मा, विष्णु र शिवजीको लोक, इह लोक र परलोक, अर्थात तीन लोक, चौध भुवन र जनसमूदाय समेत लाई बुझाउँछ भनिएको छ । लोकसाहित्य भन्नालो साधारण जनताको कोमल भाव व्यक्त गर्ने सरल भाषा, शैली भएको विभिन्न चाडपर्वमा गाइने, सुनाइने र देखाइने लोक वार्तालाई संकेत गरेको छ । लोकसाहित्यको  परिभाषा दिन बासुदेव त्रिपाठी र अन्य सम्पादकको भूमिका नेपाली बृहद शब्दकोशमा महत्वपूर्ण देखिएको छ । लोकसाहित्यको परिभाषा दिने क्रममा धीरेन्द्र प्रेमर्षि, मोतिलाल पराजुली, जीवेन्द्रदेव गिरी, राजेन्द्र सुबेदी, शम्भुप्रसाद कोइराला आदिको योगदान सह्रानीय देखिन्छ । लोकसाहित्यका विधामा विभिन्न विधाहरू समेटिएका छन् । ती मध्ये नेपालीमा लोकोक्ति शब्द प्रचलित रहेको छ । लोकोक्ति भित्र उखान, टुक्का, र गाउँखाने कथालाई समाविष्ट गरिएको छ । ती नै तीन विधामध्ये उखानको अध्ययन यहाँ प्रस्तुत गरिएको छ । उखानको उत्पत्ति बारेमा भरपर्दो प्रमाण भेटिदैन । तापनि बेद र पुराणहरूमा पनि उखानको प्रयोग पाइएको तथ्य विद्वानहरूले दिएका छन् । पञ्चतन्त्र, तन्त्राख्यान र हितोपदेश जस्ता ग्रन्थहरूमा उखान भेटिन्छ । अध्येताहरूको अनुसन्धनले -लोककथा ऐतिहासिक घटना र प्राज्ञवचनबाट उखानको सिर्जना भएको तर्क गरिएको छ । नेपाली भाषमा उखान शब्दको प्रयोग अंग्रेजी भाषाको (proverb) को अनुवादको रूपमा आएको हो । यसलाई नेपाली केन्द्रिय

भाषिकमा साइतर (शास्त्र) भनिएको छ । उखानलाई संस्कृतमा 'सुभाषित लोकोक्ति' भनिन्छ । उखानको नाम भाषा नै पिच्छे फरक-फरक पाइएको छ । उखान शब्द उपाख्यान र आहान शब्द आख्यानसँग सम्बद्ध भएको छ । उखानलाई नेपाली बृहत शब्दकोशले लोक जीवनमा प्रचलित अनुभवले खारिएका चमत्कारपूर्ण उक्तिका रूपमा अर्थ्याएको पाइन्छ । उखानलाई सजिलै परिभाषित गर्न सकिएको छैन् । तापनि चूडामणि बन्धु, सत्यमोहन जोशी, मोहनराज शर्मा, जीवेन्द्र देव गिरी, कृष्ण प्रसाद पराजुली, तेजप्रकाश श्रेष्ठ, कृष्णदेव उपाध्याय, हंसपुरे सुबेदी, बालकृष्ण पोखेल र शम्भु प्रसाद कोइरालाले उखानको परिभाषा आ-आफ्नै किसिमले दिएको पाइन्छ । सबैको परिभाषाको अध्ययन गर्दा उखान भनेको अनुभव सिद्ध ज्ञाणको सारको रूपमा उल्लेख गरेको पाइन्छ । उखानको अध्ययनमा तत्वहरूले पनि ठूलो भूमिका खेलेको हुन्छ । उखानका तीन तत्वहरू कथ्य, शैली र उदेश्य रहेका छन् भनी चूडामणि बन्धुले देखाएका छन् । उखानका तत्व जस्तै उखानका विशेषताले पनि यसको अध्ययनमा प्रभाव पारेको हुन्छ । उखानका विशेषता देखाउने क्रममा बिभिन्न विद्धानहरू सक्रिय भएको पाइन्छ । विद्धानहरूले उखानको विशेषता तीन देखि दशवटा सम्म देखाएका छन् । नेपाली, भारती र अन्य देशका अध्येताहरूले समेत उखानको विशेषता देखाउने जमर्को गरेका छन् । उखानको विशेषता देखाउने नेपाली विद्धानहरूमा चूडामणि बन्धुले पाँचवटा विशेषता, मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल ले दशवटा विशेषता, कृष्ण प्रसाद पराजुलीले छ वटा विशेषता, मुकुन्द आचार्यले चारवटा विशेषता देखाएका छन् । भारतीय विद्धानहरूमा कृष्ण देव उपाध्यायले तीनवटा विशेषता, डा. श्याम पारमारले पाँचवटा विशेषता, हेष्टिङले चार विशेषता उल्लेख गरेका छन् । यिनै विद्धानहरूले दिएको विशेषताको अध्ययनबाट यस अध्ययन पत्रमा नौ वटा विशेषता समावेश गरी वर्णन गरिएको छ । वर्णन गरिएका विशेषताहरूमा सारगर्भितता, संक्षिप्तता, अनुभवसिद्ध ज्ञाण, सार्वभौम र सार्वकालिक अभिव्यक्ति,सजीवता, उत्तेजक लोकप्रियता, रूपविविधता र स्थानीयता आदि हुन । उखानको स्वरूप खुट्याउने क्रममा शर्मा र लुइटेलले विषयको आधारमा उल्लेख गरेका छन् । उल्लेख गरिएका आधारमा सामान्य सत्यमा आधारित, अनुभवमा आधारित, सारगर्भित कथन र लयात्मक छन् । उखानमा प्रयोजनले पनि हैसियत राखेको छ । प्रयोजन बीना उखानको अस्थित्व हुँदैन । प्रयोजन भन्नु नै उद्देश्य हो । उखान एक निश्चित उद्देश्यका लागि भन्ने गरिन्छ । यथार्थता, मानोरञ्जनात्मक, तथा शिक्षामूलकता प्रदान

गर्नुनै उखानको हेतु हो । त्यसैले सामाजीक, भौगोलिक, मानवीय एवं अन्य पक्षको बृहत आयामलाई घटाएर शिष्ट आधारमा कथनलाई बुझाउन उखानको महत्वपूर्ण भूमिका हुन्छ । उखान विविध विषयको सम्सर्गबाट फैलिएको हुन्छ । तसर्थ उखानको सम्बन्ध यावत् विषय सँग गाँसिएको छ । मानब सभ्यता, प्रकृति, कृषिजन्य, जीव निर्जीव, भाषा साहित्य, मनोविज्ञान सामाजिक विषयबस्तु, धर्म, दर्शन, उपचार, हावापानी, नदी, नाला र अन्य उल्लेखित हुन बाँकी रहेका विषयलाई पनि उखानले आफ्नो प्रयोग क्षेत्र बनायनु अन्य विषयसँगको सम्बन्ध गाँसिनु हो । निबन्ध, खण्डकाव्य, नाटक, उपन्यास, कथा, कविता, आदि विधामा समेत उखानले प्रयोग हुने अबसर पाएको छ । यी विभिन्न विधामा उखानको प्रयोग गर्ने साहित्यकारहरूमा निबन्धकार भैरब अर्याल र हृदयचन्द्र सिंह प्रधान, नाटककार बालकृष्ण सम, उपन्यासकार इन्द्रबहादुर राई, कथाकार गुरूप्रसाद मैनाली र कवि कृष्णप्रसाद पराजुली रहेका छन् ।

उखानलाई लोकसाहित्यको भाषा सँचार गराउने माध्यमको रूपमा लिइएको छ । उखान भाषाको प्राणको रूपमा प्रयोग हुन्छ । तसर्थ यो राष्ट्रकै अमूल्य निधि हो । उखान अपठितहरूको बोलीबाट समेत प्रयोग भई शिक्षित व्यक्तिका पानामा सजिँदै व्याङ्ग्यात्मक प्रहार गर्ने मार्गपनि बनेको छ । तसर्थ यस अध्ययनमा बिर्तादेउराली गा.वि.स.मा प्रचलित उखानहरूलाई संकलन गरी वर्णानुक्रमअनुसार प्रस्तुत गरिएको छ । संकलनका क्रममा बिर्तादेउरालीमा स्वर वर्ण र व्यञ्जन वर्ण दुबै वर्ण बाट सुरुभएर बनेका उखानहरूलाई वर्णानुक्रममा मिलाएर राखिएको छ । स्वर वर्णका अक्षरहरू अ, आ, इ, ई, उ, ए, ऐ, ओ औ गरी नौ अक्षरबाट निर्माण भएका १०७ उखानहरू संकलित छन् । त्यस्तै व्यञ्जन वर्णका अक्षरहरू क, ख, ग, घ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र ल, व, श, स, ह, क्ष गरी ३० वटा अक्षर बाट सुरुभएर बनेका ५४७ वटा उखानहरू संकलन गरिएको छ । स्वर वर्ण र व्यञ्जन वर्णबाट निर्मित ६५४ उखान यहाँ दिइएको छ ।

उखानलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । उखानलाई वर्गीकरण गर्दा पूर्वकालीन अध्येताहरूले अवलम्वन गरेको पद्धतिलाई समेत आधारको रूपमा लिइएको छ । कृष्णप्रसाद पराजुलीले उखानलाई रूप र विषयको आधारमा वर्गीकरण गरेका छन् । रूपात्मक वर्गीकरणमा शब्दशक्ति र संरचनालाई हेरिएको छ । रूप अन्तर्गत लय छन्द, अलङ्कार र भाषिक

अध्ययन गरिएको छ । विषय अन्तर्गत विविध विधा र तिन भित्रका आन्तरिक तत्वलाई नियालीएको पाइन्छ । शब्द शक्तिलाई अबिधामूलक र लक्षणावृत्ति गरी दुई भागमा विभाजन गरिएको छ । अबिधामूलक उखानले सोझो अर्थ दिन्छ लक्षणावृत्तिले चाँही घुमाउरो पारामा आफ्नो कुरा भनिरहेको हुन्छ । संरचनामा भने उखानको वाह्य तत्वहरू गद्यात्मक, पद्यात्मक, शब्द संयोजक, अलङ्कार र शिल्पगत मधुरताको अध्ययन गरिएको छ । संरचना भित्र अनुप्रास मूलक, आकारगत, उपमानमूलक, गीतीप्रधानमूलक, तुकबन्धीयूक्त, प्रश्नमूलक, र प्रश्नोत्तरात्मक जस्ता तत्वहरू हुन्छन् । डा. कन्हैयालाल सहल, शशि शेखर तिवारीले उखानको वर्गीकरण गर्ने क्रममा विषय र रूप लाई लिई यसमा तुक, छन्द, र अलङ्कार तीन तत्वको अध्ययन गरेका छन् । पदक्रम, पदलोप, नामपद, संख्यापद जस्ता तत्वको पनि उखानमा अध्ययन गरेको पाइन्छ । उखानलाई विषयको आधारमा वर्गीकरण गर्ने विदेशी विद्वानहरू डा. कृष्णदेव उपाध्याय, जान क्रिस्चियन र डा. कुन्दनलाल उप्रती हुन् । कृष्णदेवले उखानलाई ५ भागमा, जान क्रिस्चियनले ६ भागमा , र कुन्दनलाल उप्रेतीले ८ भागमा वर्गीकरण गरेका छन् । यिनै आधार र अध्ययनको अनुभवले नेपाली उखानको पनि वर्गीकरण गरिएको छ । नेपाली उखानको वर्गीकरण गर्ने विद्वानहरूमा चूँडामणि बन्धु, जीवेन्द्रदेव गिरी, बालकृष्ण पोखरेल, र कृष्णप्रसाद पराजुली अग्रणी देखिएका छन् । चूडामणी बन्धुले उखानको वर्गीकरण गर्दा शब्दश्रोत , वाक्य संरचना, भाव दृष्टिबिन्दु, आकार र अर्थको अधारमा ६ प्रकारले गरेका छन् । जीवेन्द्रदेव गिरीले चिन्तनको आधारमा आध्यामत्मिक र प्रगतिशील गरी २ भागमा वर्गीकरण गरेका छन् । बालकृष्ण पोखरेलले उखानको वर्गीकरण गर्दा अभिधामूलक, र लक्षणवृत्त गरी दुई तरिकाले गर्ने आधार लिएका छन् । पोखरेलको यस वर्गीकरणले उखानमा हुने रूप र विषयलाई समेटेको पाइँदैन । यिनै विद्वानहरूले पहिल्याएको आधारहरूाई अध्ययन गरी बिर्तादेउरालीमा प्रचलित उखानहरूलाई विषय, शब्दशक्ति, शब्दश्रोत, दृष्टिबिन्दु, सँरचना र चिन्तनका आधारमा ६ भागमा वर्गीकरण गरी अध्ययन गरिएको छ । विषयका आधारमा बिर्तादेउरालीमा प्रचलित उखानलाई पौराणिक, धार्मिक, लोकविश्वास, सामाजिक, जातीय, परिवार नातागोता, आर्थिक, प्रकृतिजन्य, राजनीति, रङ्गभेद, लैङ्गिक, मनोविज्ञान, नीति शिक्षा र अन्य गरी चौध शीर्षकमाथि वर्णन गरिएको छ । शब्दशक्तिका आधारमा अभिधामूलक र लक्षणामूलक गरी २ भागमा विभाजन गरी व्याख्या गरिएको छ । शब्दश्रोतका आधारमा मौलिक र आगन्तुक गरी छुट्याइएको छ । मौलिक श्रोतमा

संस्कृत भाषाबाट आएका तत्सम र तद्भव दुई उपश्रोत रहेको छ । आगन्तुकमा संस्कृत बाहेकका अन्य भाषा बाट नेपालीमा रूपान्तर भैआएका अनुवादित श्रोतलाई लिइएको छ । दृष्टिबिन्दुको आधारमा प्रथम पुरुषीय उखान, द्वितीय पुरुषीय उखान, र अन्य गरी ३ प्रकारमा विभाजन गरिएको छ । संरचनाका आधारमा उखानलाई आकार, लय, प्रश्नात्मकता, भाषा जस्ता विषयमा वर्गीकरण गरी अध्ययन गरिएको छ । आकार अन्तर्गत लामा, मझौला र छोटा खालका उखानहरूलाई समेटेर अध्ययन गरिएको छ । लयका आधारमा उखानहरूलाई गद्यात्मक र पद्यात्मक गरी छुट्याइएको छ । प्रश्नात्मकताका आधारमा बिर्तादेउरालीमा प्रचलित उखानलाई सामान्य उखान, प्रश्नात्मक उखान र प्रश्नोत्तरात्मक उखान गरी ३ उपशीर्षकमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । भाषाको आधारमा उखानको वर्गीकरण गर्दा अन्य भाषाबाट प्रभावित र अप्रभावित गरी २ भागमा प्रस्तुत गरिएको छ । अन्य भाषाबाट प्रभावित उखानहरू नेपाली भाषा बाहिरबाट भित्रिएका हुन् । यिनले नेपाली उखान सरह प्रभाव जमाएका छन् । शुद्ध नेपाली भाषामा मात्र प्रयोग भएका उखान अन्य भाषाबाट अप्रभावित उखान हुन । चिन्तनको आधारमा पनि बिर्तादेउरालीमा प्रचलित उखानलाई वर्गीकरण गरिएको छ । चिन्तनका आधारमा बिर्ताली उखानलाई परम्परागत र क्रान्तिकारी गरी २ भागमा वर्गीकरण गरिएको छ । परम्परागत मान्यतामा परिवर्तनलाई स्विकार गरिँदैन । अलौकिक शक्तिलाई ईश्वर मान्ने विश्वास गरिन्छ । क्रन्तिकारी मान्यतामा समाजलाई समयानुकूल परिवर्तन गर्दै लैजानुपर्ने विश्वास राखिन्छ ।

नेपाली उखानको संकलन, वर्गीकरण पछि विश्लेषण गर्ने काम पर्दछ । जति परिमाणमा उखानको संकलन भएको छ त्यति धेरै विश्लेषण गर्ने काम भएको छैन । अध्येताहरूको ध्यान संकलनमा मात्रै गएको देखिन्छ । संकलित उखानको अर्थदिने र प्रयोग गर्ने काम कम मात्रामा भएको छ । उखानको प्रयोग कहाँ कसरी प्रयोग गर्ने भन्ने त्यसको पहिचान गरी सहि नमुना दिन सक्नु अध्येताहरूको कर्तव्य भएको छ । तसर्थ यहाँ विषयलाई आधार मानी संकलित उखानलाई विश्लेषण गरिएको छ । विषय भन्नाले सामाजिक, सँस्कृतिक पक्ष, प्रकृति चित्रण, कृषि व्यवसायको वर्णन आदि लिइएको छ । सामाजिक, सँस्कृतिक पक्षभित्र विविध विषयमाथि विश्लेषण गरिएको छ । पारिवारिक सम्बन्ध र छर छिमेकमा **अरुको लाख आमाको काख** जस्ता उखानको विश्लेषण गरिएको छ । यसले आमाको महत्वलाई झल्काएको छ । नारी र पुरुषको चित्रण गरिएको उखानलाई विश्लेषण गरिएको छ । **छोरीको जन्म हारेको कर्म** भनेर

छोरीजातीलाई खिस्याउने र निरास पार्ने उखान एकातिर छन् त **छोराले खाएको र घोडाले खाएको खेर जाँदैन** भनेर छोरालाई हौस्याउने उखान अर्कातिर छन् । वर्गीय द्वन्दले समाजलाई कहिल्ये छाडेको छैन । सानातिना कुरामा पनि बिबाद गर्ने चलन नयाँ होइन । **आइलाग्ने माथि जाइलाग्नु पर्छ** भनेर उखानले कायरपनको विरोध गरेको छ । सामाजिक विकृति र विसङ्गतिप्रति उखानले आफ्नो भाव पोखेको छ । **भाग्यमानीको भूतै कमारो** भनेर निर्धा सोझालाई दलाउने प्रवृत्तिको विकृति यहाँ उदाङ्गो पारिएको छ । समाज आफ्नो सुख दुःख व्यक्त गर्न नाचगानको रमझम पनि अपनाउन पुग्दछ । **नाच्न नजान्ने आँगन टेडो**  भनेर आफ्नो गल्तीलाई ढोकछाप गर्ने प्रवृत्ति रहेको देखाएको छ । खानेकुरामा उखान प्रयोग हुन पुगेको छ । साग, ढिँडो, रोटी, घीउ, दाल जस्ता खाद्य परिकारको नाम उखानमा प्रयोग भएको छ । **घर बलियो लिउनले बूढो बलियो तिहुनले** भनेर सागपात बूढाबूढीले प्रशस्त खानुपर्ने देखिन्छ । बिर्तादिउरालीमा प्रचलित उखानमा बेशभुषाको चर्चा समेटिएको पाइन्छ । **दौरा न सौरा खल्ती** भनेर नेपालीको राष्ट्रिय पोशाको प्रयोग गरी उशृङ्खल व्यक्तिलाई जनाएको छ । **कुमाइको घुमाई जैसीको जाल** जस्ता उखानले कुमाइ र जैसीलाई चतुरा वर्गको रूपमा उभ्याएको छ । लोक विश्वास र धर्मले नेपाली समाज जकडिएको छ । बिवाहमा ज्योतिषको निर्णय र उपचारमा बैद्यको धुलो संजीवनी बूटी सरह मानिन्छ । तसर्थ **ज्योतिषको छोरी राँड बैद्यको छोरी गलगाँड** भनेर ज्योतिष र बैद्यलाई व्यङ्ग्य गरिएको छ । नीतिशिक्षा र उपदेश दिन उखानहरू प्रचलनमा आएको पाइन्छ । **आगो ताप्नु मूढाको अर्ति लिनु बूढाको** भनेर मूढाको आगो जाडो हटाउन गतिलो हुने र बूढाको कुरा अर्ति हुने, अनुभविको प्रतिनिधिको रूपमा बूढालाई चित्रण गरिएको छ । न्याय नै समाजको चहाना हो । न्यायको नाममा अन्याय हुने गरेको छ । जो **होचो उसैको मुखमा घोचो** भन्ने उखानले निर्धा सोझाले न्याय नपाएको उल्लेख गरेको छ ।

नेपाल प्रकृतिले भरिएको सुन्दर मुलुक हो । प्रकृति चित्रण यहाँका उखानहरूमा प्रयोग भएका छन् । प्रकृतिका सुन्दर तत्वहरू हावापानी, वनजंगल र जीवजन्तुको चर्चा भएका उखानहरू बिर्ताली लोकसाहित्यमा पाइएका छन् । **कुचाले बढार्ने कसिङ्गर हावाले उडाइदियो** भनेर आफूले गर्नु पर्ने काम गर्नु नपर्ने भएकोमा उत्साहित जस्तो देखिएको उल्लेख छ । गाउँबस्तीलाई सुन्दर बनाउने प्रकृतिक तत्वमा वनजंगल पनि एक हो । **वनकी चरी वनमै राजी** जस्ता उखानमा वन शब्दको प्रयोग भएको छ । जीवजन्तुले पनि हाम्रो गाउँघरको सोभालाई

उल्लेख गर्न मद्दत पुऱ्याएको हुँदा उखानमा यसको चर्चा भएको देखिन्छ । **बाघको गन्ध बाँदरको काल** भन्ने उखानले शक्तिशालीहरूको गन्ध कायरहरूलाई काल समान हुने उद्घोष छ । कृषि प्रधान मुलुक नेपलमा कृषि व्यवस्था बारे चर्चा परिचर्चा हुनु स्वभाविकै हो । खेतीपाती व्यवसाय गर्ने बेलामा हली गोरु नपाउँदा रिसले वाक्क हुँदा किसानहरू **हलो न गोरु दाँतले कोरुँ** रोष व्यक्त गर्न पुग्दछन् । यसरी बल्ल तल्ल लगाएको बाली पनि **गवाराले जरा काट्छ फट्याङ्ग्राले पात** कटेर निर्मूल पार्दा उक्त उखान प्रचलित भएको छ । कृषि कार्य अन्तर्गत पशुपालन व्यवसाय पनि पर्दछ । पशुपालनबाट दुध, दही, घीउ जस्ता प्रोटिनयूक्त पेय पदार्थ प्राप्त हुन्छ । कहिले काहीँ पशुहरूपनि मात्तिएर लात्ती चलाउन पुग्दछन् । **दूध दिने गाईको लात्ती सहनु पर्छ** भनेर गुण गर्नेको बैगुणलाई निन्दा गर्नु नहुने सन्देश दिएको पाइन्छ । मानिसको जीवनमा उद्योग पुरुषार्थको विषय हो । उद्योग गर्न नसके समाजमा हेलाँ हुन्छ । त्यसैले **उद्योग गरी लक्ष्मी हुन्छ लठ्ठक भए लठ्ठियो** भनेर परिश्रम नगर्नेलाई लठ्ठक को संज्ञा दिइएको छ । विचारको आधारमा पनि उखानहरू सिर्जना भएका छन् । विचारका आधारमा उखानहरू परम्परागत र परिवर्तनकारी दुई प्रकारका छन् । पुरानो सोचका निरन्तरता दिने उखान परम्परावादी हुन । **भाग्यमानीको खप्पर ठूलो अभागीको लक्कर ठूलो** भनेर मानव अङ्कको लेखाजोखा बाट मानिसको भावी जीवनको अड्कल काट्नु पुरातन सोचको उपज हो । **काला गए गोरा आउँछन्** भनेर परिवर्तनको संकेत दिएको छ । यो गतिशील समाजको विशेषता हो ।

संरचना को आधारमा वर्गीकरण भएका उखानहरूको विश्लेषण अन्तर्गत आकार, लयको स्थिति, प्रश्नात्मकता जस्ता शीर्षकमा समेटिएको छ । आकारमा लामा, मझौला र छोटा खालका उखानको विश्लेषण भएको छ । दुई देखि चार शब्दसम्म भएका उखान छोटा हुन् । **कन्ना पछाडी धाक, गुलाई चलायो गन्ध** आदि । दुई तीन समापिका क्रिया मिसिएका उखान मझौला भित्र पर्दछन् । **चिन्नु न जान्नु घचेडी माग्नु , जसो जसो बाहुनबाजे उसैउसै स्वाहा** आदि । लामा उखानमा तीन वाक्य सम्म मिश्रित भएका उक्तिहरू पर्दछन् । **परेवा भन्दा मलेवा घुर्ने, जुन जैसीलाई हेराएपनि कान्छी नानी मलाई नै जुर्ने** लामा उखान भित्र पर्दछ् । लयका आधारमा उखान गद्यात्मक र पद्यात्मक गरी २ प्रकारका छन् । लयात्मक स्वर नआउने तर अर्थपूर्ण कथन रहेको उक्ति गद्यात्मक उखान हो । **आगो र निउ धेरै चाहिँदैन, गुँ पुसेको ढुङ्गो पनि काम लाग्छ** गद्यात्मक उखान हुन् । छन्द मिलेका लयात्मक स्वर आउने अन्त्यनुप्रास यूक्त उक्ति पद्यात्मक

उखान हुन् । **गितार बजाउनु, दु:खमा रमाउनु, खेताला पल्काउनु, पाहुना लर्काउनु** आदि पद्यात्मक उखान हुन् । प्रश्नका माध्यमबाट खै गर्ने र समाधान खोज्न बाध्य पारिदिने उक्तिहरू पर्दछन् । **कि लम्बे बाटा कि बाखा पाठा ? ढङ्ग मरु कसो गरु ?** प्रश्नात्मक उखान हुन् । प्रश्नोत्तरात्मक उखानमा प्रश्न गरेपछि तत्काल उत्तर फर्काउने पसङ्गहरू पर्दछन् । **घीउ कहाँ पोखियो ? दालमा । दाल काँ पोखियो ? थालमा । के मीठो महाराज ? भोक मीठो ।** आदि प्रश्नोत्तरात्मक उखान हुन् ।

साहित्य सिद्धन्तको आधारमा उखानलाई अर्थगत चमत्कार, रसमयता, आख्यान तत्व, र भाषिक लालित्य जस्ता शीर्षकमा राखेर विश्लेषण गरिएको छ । अर्थमा अभिधा, लक्षणा र व्यञ्जना जस्ता शक्तिको अध्ययन विश्लेषण गरिएको छ । उखानमा अलङ्कारले पनि उक्तिलाई स्वादिलो गर्ने काम गर्दछ । **जस्तो आफू उस्तै च्यापु** मा **उपमा** अलङ्कारको प्रयोग भएको छ । **आगो सानो र भाई साने हुदैन** मा **रूपक** अलङ्कारको प्रयोग भएको छ । **लोभ गर्नेले लण्डा पाउछ** मा **दृष्टान्त** अलङ्कारको प्रयोग भएको पाइन्छ । **कि हस्तीनापूरको रजाँई कि चपरी मुनिको बास**मा **उत्पेक्षा** अलङ्कारको प्रयोग भएको छ । साहित्यमा नौ रसको चर्चा भएको पाइन्छ । ती नव रसमा श्रृङ्गार रस्, हाँस्य रस, वीभत्स रस, भयानक रस, वीर रस, करुण रस, रौद्र रस, अद्‌भूत रस, र शान्त रस हुन् । यी रसहरू मिसिएका उखानहरूको विश्लेषण गरिएको छ । उखान आख्यानको निचोड भएकोले **रोटी गनी गनी जैंसी कलाए आयो निदुली तेरो काल** जस्ता उखानको कथानक ढाँचा विस्तार गरिएको छ । भाषिक लालित्यले उखानलाई कर्ण प्रिय बनाईदिएको छ । समास र द्वित्व प्रक्रिया द्वारा निर्मित उखानहरूको प्रयोग र अनुकरणात्मक शब्दको प्रयोगले उखान लालित्यमय बनेको छ ।

बिर्तादिउरालीमा प्रचलित उखानले शुद्ध नेपाली भाषाका उखान, अन्य भाषाबाट आएका उखान, आँशिक रूपमा भाषान्तर भै आएका उखानहरूलाई आफ्नो स्थान बनाएको छ । यहाँ प्रचलित उखानले केहि अवगुण, अश्लिल शब्द तथा वाक्य समेत समेटेको छ । साहित्यिक दृष्टिकोणले यी उखानहरू कम महत्वका छैनन् । मिठासपूर्ण भाषा, भावगत विविधता, शब्द र अर्थको चमत्कार, अलङ्कारको सजावट र रसमयताको उचित प्रयोगले उखानको महत्व

चुलाएको पाइन्छ । समग्रमा विश्लेषण गर्दा बिर्तादेउरालीमा प्रचलित उखानले सिङ्गो जनजीवनलाई समेट्न सफल भएको छ ।

बिर्तादेउरालीमा प्रचलित उखानको संकलन, वर्गीकरण र विश्लेषण गर्दा देखिएका सम्भावित अध्ययन शीर्षकहरूलाई निम्नरूपले प्रस्तुत गरिएको छ ।

१. बिर्तादेउरालीमा प्रचलित टुक्काहरूको संकलन, वर्गीकरण र विश्लेषण ।

२. बिर्तादेउरालीमा प्रचलित लोककथाको संकलन, वर्गीकरण र विश्लेषण ।

३. बिर्तादेउरालीमा प्रचलित लोकनाटकको संकलन, वर्गीकरण र विश्लेषण ।

४. बिर्तादेउरालीमा प्रचलित गाउँखानेकथाको संकलन, वर्गीकरण र विश्लेषण ।

# सन्दर्भ सामाग्री सूची


शर्मा, मोहोनराज र खगेन्द्र प्रसाद लुईटेल, २०६३ **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद, २०६४ **शोधविधि, सिर्जना र संस्कृत काव्यशास्त्र,** कीर्तिपूर : क्षितिज प्रकाशन ।

बन्धु, चूडामणि, २०५८, **नेपाली लोक साहित्य,** काठमाण्डौ : एकता बुक्स ।

पराजुली, कृष्णप्रसाद, २०५८, (पन्ध्रौ संस्करण), **राम्रो रचना मीठो नेपाली,** काठमाण्डौ : सहयोगी प्रकाशन ।

पराजुली, कृष्णप्रसाद, २०५८, (ते.स), **नेपाली उखान र गाउँखाने कथा,** काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

पराजुली, मोतिलाल, २०४९, **नेपाली लोक गाथा,** पोखरा : श्रीमती तारदेवी पराजुली ।

गिरी, जीवेन्द्रदेव, २०५४, **नेपाली उखानमा प्रगतिवादी स्वर,** प्रलेस, वर्ष ४, पूर्णाङ्क ८ ।

पोखरेल, बालकृष्ण, २०५५, (द.सं), **राष्ट्रभाषा**, काठमाण्डौ : साझा प्रकाशन ।

शर्मा, मोहोनराज, २०५०,(चौ.सं ) **शब्द रचना र वर्णविन्यास : भाषा-वैज्ञानीक पद्धति,** काठमाण्डौ : काठमाण्डौ बुक सेन्टर ।

प्रेमर्षि, धीरेन्द्र, २०५२, **मैथिली साहित्यका विविध आयाम र विकास प्रयास,** सयपत्री वर्ष १ ।

पुष्करशमशेर ,१९९८, **नेपाली उखान र टुक्कको वर्णानुक्रमानुसार सुचि र वाक्यांस, वाक्यपद्धति, इत्यादीको कोश खण्ड १-२**, काठमाण्डौ ।

पुष्करशमशेर ,२०५०, **नेपाली उखान र टुक्ककोश,** काठमाण्डौ : साझा प्रकाशन ।

सुबेदी, हंसपुरे, २०५६, **नेपाली लोकसंस्कृतिमा सालीभिना : संक्षिप्त चर्चा,** सयपत्री, वर्ष ३, अंक ३, पुस-चैत ।

राई, इन्द्रबहादुर, २०५१(ते.सं.), **आज रमिता छ : उपन्यास**, काठमाण्डै : साझा प्रकाशन ।

अर्याल, भैरब, २०३४ (दो.सं.), **गलबन्दी : निबन्द संग्रह,** ललितपुर : मुना प्रेस ।

प्रधान, हृदयचन्द्रसिंह, २०४९, (पाँचौ संस्करण), **जुङ्गा:निबन्ध संग्रह,** ललितपुर : साझा प्रकाशन ।

सम, बालकृष्ण, २०४९,(दशौं संस्करण), **आगो र पानी : खण्डकाव्य**, ललितपुर :साझा प्रकाशन ।

मैनाली, गुरूप्रसाद, २०६२, (सत्रौं संस्करण), **नासो : कथा संग्रह**, काठमाण्डै : माधवप्रसाद मैनाली ।

आ.दि, राममणि, २०२७, **उखान संग्रह,** ललितपुर : जगदम्बा प्रकाशन ।

उप्रेती, कुन्दनलाल, इ.सं. १९७१, **लोकसाहित्य के प्रतिमान,** अलिगढ : भारत प्रकाशन मन्दिर ।

उपाध्याय, कृष्णदेव, २०१४, **लोकसाहित्य की भूमिका,** भारत, इलाहबाद : साहित्य भवन प्रा. ली. ।

जोशी, सत्यमोहोन, २०१४, **हाम्रो लोकसंस्कृति** , काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

त्रिपाठी, बासुदेव र अन्य(सम्पादक), २०४०, **नेपाली वृहत शब्दकोष**, काठमाण्डौ : ने.रा.प्र.प्र.।

श्रेष्ठ, तेजप्रकाश, २०४४, **अछामी लोकसाहित्य,** काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

आचार्य, मुकुन्द, २०५३, **भोजपुरी उखान टुक्का,** काठमाण्डौ : ने.रा.प्र.प्र.।

अधिकारी, लोकनाथ, २०६०, **गोरखा जिल्लमा प्रचलित नेपाली उखानको अध्ययन,** अप्रकाशित, स्नात्कोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, जीवेन्द्रदेव, २०५७ ख, **लोकसाहित्यको अवलोकन,** काठमाण्डौ : एकाता प्रकाशन ।

कोइराला, शम्भुप्रसाद, २०५५, **लोकसाहित्य : सिद्धान्त र विश्लेषण,** बिराटनगर : धरणीधर पुस्तकालय प्रतिष्ठान ।

आचार्य, दीक्षित, राममणि, २०२७, **उखान संग्रह**, ललितपुर : जगदम्बा प्रकाशन ।

सुबेदी, राजेन्द्र, २०५४, **नेपाली लोकगीतमा प्रगतिवादी चेतना ।**

आचार्य, ब्रतराज, २०३५, **लोकगाथा सोरठी : मूलथलोको खोजीमा,** काठमाण्डौ : गोरखापत्र, चैत्र ११ ।

पौड्याल, शिवप्रसाद, २०५१, **लुम्बिनी क्षेत्रमा प्रचलित उखानहरू : एक अध्ययन,** स्नात्कोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, बालचन्द्र, २०३३, **नेपालको ऐतिहासिक रूपरेखा,** बाराणसी, कृष्णकुमारी ।

शर्मा, सुकुम, २०५९, **नेपाली भाषा टर्नरको योगदान,** काठमाण्डौ : न्यु हिरा बुक्स इन्टरप्रइजेज ।

शिवाकोटी, दीपकप्रकाश, २०५६, **दोलखाली उखानको अध्ययन,** अप्रकाशित, स्नात्कोत्तर सोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

# स्रोतव्यक्ति सूची

१. रामबाबुप्रसाद पन्त, बिर्तादिउराली – १

२. दुर्गाप्रसाद पन्त, बिर्तादिउराली – ८

३. बाबुकृष्ण पन्त, बिर्तादिउराली – १

४. धर्मराज पन्त, बिर्तादिउराली – ३

५. सिद्धिबहादुर खरेल, बिर्तादिउराली – ७

६. अम्बिकाप्रसाद पन्त, बिर्तादिउराली – ५

७. श्रीधर शर्मा पन्त, बिर्तादिउराली – ६

८. केसवप्रसाद पन्त, बिर्तादिउराली – ६

९. पूर्णबहादुर चौलागाई, बिर्तादिउराली – ९

१०. देवीप्रसाद पन्त, बिर्तादिउराली – २

११. बासुदेव पन्त, बिर्तादिउराली – २

१२. कृष्णप्रसाद पन्त, बिर्तादिउराली – ५

१३. मानबहादुर माझी, बिर्तादिउराली – ५

१४. कालिप्रसाद पाण्डे, बिर्तादिउराली – ४

१५. उद्धबप्रसाद चौलागाई, बिर्तादिउराली – ८